# हामीले योशियाह राजा झैं परमेश्वरको वचनको प्रभुत्वलाई आदर गर्छौं

बालकहरुलाई सिकाउनेले अध्ययन ए. 3 बी पढ्नु पर्छ।

**प्रार्थना :** ''पवित्र आत्मा, तपाईको वचनलाई हाम्रो सम्पूर्ण हृदयले सिक्न र पालन गर्नलाई हाम्रो मनहरुलाई उज्जवल पार्नूहोस्। हाम्रो आनन्द अरुलाई पनि बाँटन् सकौ भनी तपाईको वचन तिनीहरुलाई स्पष्ट गराउनमा हामीलाई मदत गर्नुहोस्।''

## 1. परमेश्वरको वचनबाट सिकनलाई तापईको हृदय तयार पार्ने

**2इतिहास 34 अध्याय पढ्ने र पत्तो लगाउने :**

- परमेश्वरको आज्ञा पालन गर्नलाई योशियाहले कसरी मानव धर्म परम्परालाई तोड़ीदिए?

  (उत्तर : पद 3-7 हेर्नें। योशियाहले मानिसहरुको मुर्तिहरुलाई रद्द गरे। हामीले पनि परमेश्वरका बगालहरुलाई परमेश्वरले चाहनु भए अनुसार गोठाला गर्नैपर्छ, मानव परम्परामा होइन।)

- परमेश्वरको वचनलाई पत्तो लगाउनलाई योशियाहका मानिसहरुले कति मेहनत गर्नपरयो?

  (उत्तर : पद 8-15 हेर्नें। तिरस्कृत मन्दिरमा परमेश्वरको वचन हराएको थियो।)

- आज पनि परमेश्वरको वचनलाई मानिसहरुबाट लुकाएर राखेकाछन्, यसलाई कसैले पनि आफनो भाषामा यथोचित ढङ्गले अनुबाद गरेका छैनन्। धेरै अनुबादकहरुले ठीक अनुवादहरु गर्नलाई मेहनत गर्दछन्।



पुरानो समयमा किताबहरु बेहेरिएक छाला माथि हातले लेखेका हुन्थे।

- योशियाहले जसै धर्मशास्त्र पढ़े तिनले परमेश्वरको खोजी कसरी गरे?

  उत्तर : पद 21:28 हेर्नें। हामी बिश्वासीहरुमा पवित्र आत्मा बास गर्नुहुन्छ अनि हामीलाई सत्यमा डोरयाउनु हुन्छ (यूहन्ना 16:13)। परमेश्वरको वचन अध्ययन गर्दा हामीलाई उज्ज्वल पारिदिऊन भनी उहाँलाई भन्नौं (एफिसी 1:15-18)।

- परमेश्वरको वचनको अधिकार योशियाहको निम्ति थियो र तिनले के गरे। (उत्तर : पद 30:33 हेर्नें। हामीले परमेश्वरको प्रकाशलाई बिश्वास अनि आज्ञा पालन गरेर प्राप्त गर्दछौं।)

  येशुले शैतानलाई कसरी प्रतिरोध गरे, **मत्ती 4:1-11 मा पत्तो गर्नें।**

- शैतानले येशूलाई कुन तीनबटा परिक्षा गरे ?
- प्रत्येक परिक्षाको बादमा उत्तर दिनलाई येशूले के उल्लेख गर्नुभयो ?
- परिक्षा पछि येशूको सेवा-टहल गर्नलाई को आए ?
- परमेश्वरको वचन लेख्नलाई भक्तजनहरुलाई पवित्र आत्माले प्रेरणा दिनुभयो (1 तिमोथी 3:16-17)। तिनीहरुले पुरानो नियम हिब्रूमा लेखे अनि नयाँ नियम ग्रीकमा लेखे :
- हिब्रू दाहिने देखि देब्रे तर्फ पढ़िन्छ।
- ग्रीक देब्रे देखि दाहिने पढ़िन्छ।
- हामीले बाइबलका अंशहरु तब मात्र राम्ररी बुझन सकछौं यदि हामी जान्दछौं :

  यो कसले, कसलाई र किन लेखे।

  घटनाहरु कहाँ र कहिले घटे।

  अंशमा बोल्ने को थिए।

  यसले हामीलाई के गर्नमा तयार पार्दछ।

  हामीले बाइबलको केहि भागहरु राम्ररी बुझन सकछौं यदि हामीले विधिहरु, इतिहास र प्राचिन इस्राएलको भूगोल जान्दछौं भने। यी सबै अरु पावल-तिमोथी गोठालाहरु र थप अध्ययनहरुमा सिकछौं, (पी-टी. प्रयोगकर्त्ता सुची, बाइबलको खण्ड हेर्ने)।

**2. हप्ता भरी गरिने गतिबिधिहरुको योजना गर्ने**

- परमेश्वरको वचनलाई परिश्रम गरी हप्तै भरी अध्ययन आरम्भ गर्नलाई तपाईको सहकर्मीहरुसित मिलेर परिवारहरुलाई मदत गर्नुहोस्।
- तपाईले अनुवाद र साक्षरतालाई तपाईको इलाकामा कसरी आश्रय दिन सकनुहुन्छ पत्तो गर्नुहोस्।

**3. आउँदै गरेको उपासनाको योजना सहकर्मीहरुसित मिलेर गर्ने**

- स्थानीय रिवाज अनि उपलक्ष्यमा मिल्ने गतिविधिहरु चुन्ने।
- परमेश्वरको वचनमा बगाललाई पवित्र आत्माले अगुवाइ गरुन भनी उपासनाको समयमा प्रार्थना गर्नोस्।
- परमेश्वरको वचनमा सत्यता प्रकट गर्नु भएको निम्ति उहाँको प्रशंसा गरौं।

⋆ विगत हप्तामा मानिसहरुले आनन्द र पवित्रता हासिल गर्नमा पवित्र आत्माले बाइबललाई कसरी प्रयोग गर्नु भएको थियो त्यसको साक्षी वा प्रतिवेदनहरु दिन लाउनुहोस्।

  राजा योशियाहको कथा सुनाउनुहोस् वा अभिनय गर्नोस्।

- 2 इतिहास 34 वर्णन गर्नलाई एक सहायक तयार गर्नोस्।
- परमेश्वरको वचनले इस्राएलका मानिसहरुको जीवन कसरी बदली गराए पत्तो गर्न पहिले सबैलाई ध्यानसित सुन्न लाउनुहोस्। बिश्वासीहरुले के पत्तो लगाए सोध्नुहोस्। माथि भाग-1 मा सुचीत गरिएको प्रश्नहरु सोध्नु होस्।

हाम्रो मनहरुलाई उज्ज्वल र पवित्र आत्माले परमेश्वरको वचनलाई कसरी प्रयोग गर्नुहुन्छ नाटकमा उर्तानुहोस्।

शिष्य : टेबल माथि एउटा मोमबत्ती बाल्ने, त्यसपछि अर्को तर्फ हेर्ने।

'प्रेत' :

- मोमबत्तीतर्फ चालमारेर जाने, मोमबत्ती निभाइदिने अनि दुष्ट प्रकारले हाँस्ने।
- शिष्यको आँखामा पट्टी बाँध्ने, हात समातेर डोरयाउने। भन्ने, 'आउ।' (हिंड्छ)।
- मानिसहरुलाई औंल्याँउदै यो कविता पढ्ने वा पाठ गर्ने

''हे मुर्खहरु मेरो शत्रुको आज्ञा मान। म तिमीहरुको विद्रोहीलाई रोक्नेछु। मैले तिमीहरुलाई उहाँको वचनदेखि मानिसको परम्परा शिक्षाद्वारा फर्काएर ल्याएको तिमीहरुले देख्नेछौ। तिमी मरणशीलहरु उहाँसित पिउन चाहन्छौ, कसको प्यालाले नरकको आगो देखि छुटकारा दिंदछ?

म चेतावनी दिंदछु, विरोधगर्न बन्दगर नत्र भने तिमीहरुले नरकको तातो रिसको खिल अनुभव गर्नु पर्नेछ।''

**प्रचारक** (कराएर) :

- ''बन्दगर, प्रेम! नत्र भने तँ गहिरो खाड़लमा फलिनेछस्।''
- 2 कोरिन्थी 4:4 पढ़ने ('यस संसारको देवले हामीलाई अन्धा तुल्याइदिएको छ')।
- मोमबत्ती बाल्ने अनि शिष्य र 'प्रेतको' अगाड़ि बाइबलको माथि गरेर पक्रने।

**'प्रेत' :** कष्टले कराउँछ अनि डल्लो पर्छ। तिम्रो आँखाहरु छोप। कराउ, ''यो दारूण ज्योती हटाउ।'' (गइहाल)।

**प्रचारक :** ''शैतान, यो संसारको देव, यसले तेरो आँखहरु छोप् (शिष्यको आँखाबाट पट्टि खोली दिने)।

**शिष्य :** मेरो आँखा बन्द गरीएको थियो भनी भलाई थाहा थिएन!'' (बाइबल लिने अनि यूहन्ना 16:13-14 पढ़ने)।

मत्ती 4:4 एकसाथ कण्ठगर्ने।

नानीहरुले तयार पारेका कविता, नाटक अनि प्रश्नहरु प्रस्तुत गर्नलाई तिनीहरुलाई सोध्ने।

साता भर गरीने गतिविधिहरुको योजना बारे सुचना दिनोस्।

प्रभुभोज परिचय गर्नलाई 2 इतिहास 30 को 5-6 र 25-27 पदहरु पढ़नोस्। येशू आउनु भन्दा अगि परमेश्वरका जनहरुले पाठा बलिदान गरेर खाँदथे अनि परमेश्वरले भिश्रको दासत्ववाट तिनीहरुलाई कसरी बचाएका थिए, सम्झना गर्थे भनी बुझाउनुहोस्। अब, येशू परमेश्वरको पाठा बनेर हाम्रा पापहरु हटाउनु भएकोछ।

दुइ वा तीनको झुण्डमा मेला हुनुहोस्। एउटाले अर्कोलाई उत्साह दिनोस्, योजना बनाउनुहोस्। अनि प्रार्थना गर्नुहोस्।

# असल राजा योशियाहले परमेश्वरको वचन पालन गरे

**प्रार्थना :** ''प्रिय प्रभु, बालकहरुलाई तपाईको वचनमा भरोसा गर्न र आदर गर्नमा मदत गर्नुहोस्।''

आत्मिको वृद्धिकी कद अनि आवश्यक्ताहरु र नानीहरुको उमेरलाई मिल्ने सिकने गतिविधिहरु चुन्नुहोस्।

ठिटो राजा योशियाहको कथा सिकाउनलाई तथार पार्ने।

2 इतिहास 34:1–21 र 29–33 पढ्ने। बाइबललाई पालन गर्नु कत्ति महत्वपूर्ण छ भनी यो मौलिक कथनले बताउँदछ।

एक ठूलो नानीले स्मृतिबाट कथा सुनाउन वा पढ़ी दिऊन। त्यसपछि यी प्रश्नहरु गर्नोस : (उत्तरहरु प्रत्येक प्रश्नको पछि देख्नु हुन्छ)।



- योशियाहले ती झूटो देवताहरु र मुर्तीहरुलाई के गरे? (पद 3–4 हेर्नें)।
- पूजाहारी हिल्कियाहले परमेश्वरको व्यवस्थाको पुस्तक कहाँ भेट्टाए? (पद 15)
- जब तिनले परमेश्वरको वचन पढ़े तिनका मानिसहरुले ती नमानेका रहेछन् भनी थाहा गरे पछि तिनले आफ्नो कष्ट कसरी प्रकट गरे? (पद 19)
- मानिसहरुले परमेश्वरको वचन सुनेपछि के गर्ने निश्चयगरे? (पद 32)
- के मानिसहरुले परमेश्वरको वचनलाई पालन गर्नलाई तिनीहरुका राजाको उदाहरणलाई अनुसरण गरे? (पद 33 हेर्नोस)

**गतिविधिहरु :**

- किशोर बालकहरुको निम्ती : एउटा बाइबल कत्तै लुकानोस् र नानीहरुलाई खोजेर निकाल्न लाउनोस्। त्यस पछि बुझाउनु होस् कि योशियाह जब राजा बने यस्तै भएको थियो।
- ठूलो नानीहरु (यदि तिनीहरुसित बाइबल छन् मने) : पुस्तक, अध्याय र पदहरु भन्नुहोस् अनि नानीहरुलाई ती चाँड़ो गरी निकाल्न लाउनुहोस्। यसले नानीहरुलाई बाइबलमा भएका विषयहरु पत्तो लगाउनमा मदत गर्नेछन्।

राजा योशियाहको कथाको भागहरुलाई नाटकमा परिवर्तन गर्नोस।

- बालकहरुले यो नाटक प्रस्तुत गर्नलाई मुख्य माण्डलीक उपासनाका अगुवाहरुसित मिलेर व्यवस्था मिलाउनु होस्।
- किशोर नानीहरुलाई तयार पार्नमा ठूला नानीहरुले मदत गरुन।
- प्रौढ़ वा ठूला नानीहरुले योशियाह, हिल्कियाह अनि कथकको, जसले कथालाई छोटकरीमा मन्दछ अनि नानीहरुले के भन्ने र गर्ने सो सम्झना गराउनमा मदत–गर्दछ्, पाठहरु गरुन्।
- किशोर बालकहरुले कार्यकर्ता र मानिसहरुको भागहरु गरुन। कार्यकर्ताहरुले एउटा बाइबललाई टेबल वा कुर्सी माथि कागजले छोपेर राख्ने। वेदीको निम्ति दुंङ्गाहरुको थुप्रो बनाउने, साना साना दुङ्गाले पैसाको थुप्रो बनाउने अनि एउटा सानो बाकस राख्ने।

**कथक** 2 इतिहास 34:1–21 देखि कथाको पहिलो भाग भन्ने। त्यस पछि मन्नोस्, ''सुन्नुहोस राजा योशियाहले मानिसहरुलाई के भन्दछ।''

**योशियाह।** ''इस्राएलका मानिस हो, हाम्रा मुर्तिहरुले हाम्रा प्रभुलाई रीस उठाउँदैछौं। ती सबलाई नाशगरौं।

**मानिसहरु।** दूङ्गाको वेदीहरु माथि हिर्काउछन्।

**योशियाह।** ''हामीले परमेश्वरको मन्दिरलाई मर्मत गरौं। यो ठूला कामको निम्ति पैसा कसले दिने?''

**मानिसहरु।** वाकसमा पैसा हाल्छन्। भन्दछ, ''मन्दिर मर्मत गर्नलाई हामी भेटी चढ़ाउँछौं।''

**कार्यकर्ताहरु।** पैसाहरु लिने अनि मर्मतको काम गरेको बहाना गर्ने। पुस्तक मेट्टाएर त्यो हिल्कियाहलाई दिने।

**हिल्कियाह।** ''हेर्नुहोस्, राजा योशियाह। हामीले मन्दिरमा के फेला पारयौं। यो परमेश्वरको व्यवस्था हो। तर यो पुस्तकले जे भनेकोछ त्यो हामीले गरेका छैनौं। हामी परमेश्वरको अनाज्ञाकारी भएकाछौं।''

**योशियाह**। पुस्तकलाई केहि क्षणको निम्ति हेर्दछ। त्यसपछि भन्दछ, ''सबै मानिसहरुलाई भेला गर। परमेश्वर के भन्नुहुन्छ तिनीहरुले सुनुन्। हामीले परमेश्वरको व्यवस्थालाई उल्लंघन गरेको निम्ति उहाँलाई क्षमा मांग्नपर्छ।''

**मानिसहरु**। ''तपाई एक कुशल राजा हुनुहुन्छ। हामी तपाईको मार्गमा हिड़ने छौं।''

**ठूला नानी वा प्रौढ़।** नाटक सके पछि, प्रत्येकलाई ज–जसले सहायता गरे धन्यवाद दिने।

**प्रश्नहरु।** यदि यो नाटक नानीहरुले प्रौढ़हरुको निम्ति गर्छन् मने, प्रौढ़हरुलाई माथि सुचीत गरिएको प्रश्नहरु नानीहरुले सोद्युन्।

एउटा बाइबलको चित्र बनाउनुहोस् र नानीहरुलाई नकल गर्न लाउनुहोस्। ठूला नानीहरुले एउटा बालकले एउटा बाइबल तिनको छातीको छेउमा पक्रेको बनाउन चाहन्छन् होला।



- नानीहरुले तिनीहरुको नकसाहरु उपासनाको समयमा प्रौढ़हरुलाई देखाउन्।
- हामीले परमेश्वरको वचनलाई कति प्यारो गर्छौं र हर समय सम्झना गर्छौं, यसले व्यक्त गर्दछ भनी नानीहरुले बुझाउन।

परमेश्वरले उहाँको वचनलाई उहाँको मानिसहरुलाई डोरयाउन कसरी प्रयोग गर्नु भएको छ, अन्य उदाहरणहरु नानीहरुलाई दिन लाउनुहोस्।

**कविता**। अनेकौं नानीहरुलाई भजन संग्रह 119:1-2 र 9-11 बाट एक वा दुइ पदहरु पाठ गर्न दिनोस्।

परमेश्वरको वचनले हामीलाई मदत गर्ने बारे ठूला नानीहरुले कविता वा गीतहरु लेख्न दिनोस्।

किशोर बालकहरुले 2 तिमोथी 3:16 र ठूला नानीहरुले 2 तिमोथी 3:16-17 कण्ठस्थ गरुन।

**प्रार्थना :** ''परमेश्वर पिता, तपाईको वचनले हामीलाई डोरयाउदछ अनि सान्त्वना दिंदछ। हामीलाई तपाईको वचन बुझ्नलाई मदत गर्नोस् जसमा कि हामी त्यसमा आज्ञाकारी बनौं अनि आनन्द गर्न सकौं।''



# बिरियाकाहरुले गरे झैं परमेश्वरको वचनलाई खोज्ने, परमेश्वरको वचन कसरी अध्ययन गर्ने र प्रयोग गर्न सिक्ने

बालकहरुलाई सिकाउनेले बी 2 बी. अध्ययन गर्नुपर्छ।

**प्रार्थना :** ''हाम्रा स्वर्गमा हुनुहुने पिता, तपाईको वचनको ठीक अर्थ खोल्न र हाम्रो हृदयहरुमा राख्नमा हामीलाई मदत गर्नुहोस्।''



रिवाजहरु र चलती खाँचोहरुलाई मिल्ने क्रियाकलापहरु चुन्नुहोस।

1. **तपाईको हृदय र मनलाई परमेश्वरको वचनले तयार गर्ने।**

बिरियाकाहरुले सुसमाचारलाई दुइ प्रकारले लिएका प्रेरित 17:10–12 मा पाउँछौं।

परमेश्वरको सत्यताले हाम्रो जीवनहरुमा उत्पन्न गराउने अनेकौं विषयहरु 1 पत्रुस 1:14–22 मा पाउँदछौं।


परमेश्वरको वचन हामीमा कहिले सम्म रहन्छ, 1 पत्रुस 1:24–25 मा पाउँछौं।

पावलले तिमोथीलाई के लेखे 2 तिमोथी 3:10–17 मा पाउँछौ।

- तिमोथीले पावलको जीवनमा कुन कुरोलाई याद गरेका थिए जसले तिमोथीलाई बहूमुल्य अर्ती दिए? पद 10–13 हेर्ने।
- तिमोथीले उसको बाल्यावस्था देखिनै के जानेका थिए जसले तिनको मुक्ति येशूमा विश्वासद्वारा निश्चय गराएको थियो? पद 14–15 हेर्नोस्।
- बाइबलको मानव लेखकहरुलाई कसले प्रेरणा दिए? पद 16
- अरुलाई मदत गर्न हामीले बाइबललाई कस्तो प्रकारले प्रयोग गर्नुपर्छ? फेरि पद 16 हेर्ने।
- परमेश्वरले हामीलाई कुन उदेश्यको निम्ति उहाँको वचन अध्ययन र प्रयोग गरेको चाहनुहुन्छ? पद 17 हेर्ने।
- 2 तिमोथी 4:1–5 मा जवान गोठालाहरुको निम्ति अनेकौं कामहरु पाउँछौ। पद 2 र 5 हेर्नोस्।

2. **साता भरी गर्नुपर्ने विषयहरुको योजना सह–कर्मीहरुसित बनाउने**

- विश्वासीहरु आफैले बाइबल अध्ययन गर्नमा सहायता दिनलाई भ्रमण गर्ने। उदाहरण :
- मण्डलीमा भएका साना झुण्डहरु र परिवारहरुमा बाइबल अध्ययन गर्नलाई मदत गर्ने।
- विश्वासीहरुले गरेको अध्ययनबाट तिनीहरुले के सिक्न सके एउटाले अर्कोलाई सोध्नुलाई उत्साहदिने।
- प्रत्येक हप्ता अनेकौं बाइबलका पदहरु स्मरण गर्नमा विश्वासीहरुलाई मदत गर्ने।




**3. आउंदो उपासनाको समयको योजना सह-कर्मीहरुसित गर्ने**

परमेश्वर पवित्र आत्माको शक्तिले उहाँको वचनद्वारा बोल्नलाई अनि हामीले जे सुन्दछौं त्यसलाई तुरन्तै अभ्यास गर्नमा हामीलाई मदत गरुन भनी प्रर्थान गर्ने।

**प्रेरित 17:10-12 पढ़ने।**

- पहिले, बिरियाकाहरुले सुसमाचारलाई कसरी प्रतिक्रिया देखाए पत्तो गर्न र राम्ररी सुन्न प्रत्येकलाई अनुरोध गर्ने।
- यसरी नै हामीले पनि बिरियाकाहरुले झैं परमेश्वरको वचनलाई जाँच्नुपर्छ।

हामी सुन्ने मात्र नबनेर बरू यसमा भएको सुनलाई सक्रियताको साथ खनेर निकाल्नु पर्छ। हाम्रो आफ्नै प्रोत्साहनले वचनलाई उत्कण्ठतासित जाँच्न आरम्भ गर्नुपर्छ। हामीलाई मदत गर्ने केहि खुड्किलोहरु यहाँछन्:

बाइबललाई आफै कसरी बोल्न दिने व्याख्या गर्नोस्। अगुवाइको निम्ति प्रार्थना गरीसकेपछि, चार कुरो गरौं:

(1) बाइबलका अंशको विवरणहरुलाई प्रत्येक शब्द र वाकयांशलाई विचार गरेर जाँच्ने।

(2) यदि अर्थ स्पष्ट छैन् भने, तब वाकय-प्रसंग र अंशको जड़नलाई जांच गर्ने:

- यो कसलाई लेखिएको हो?
- यो कसले र किन लेखेको?
- पदहरु र अध्यायहरुले अघि र पछि के भन्दछ, त्यसले अर्थलाई स्पष्ट पार्दछ?
- एतिहासिक घटना के हो?
- यो कहिले लेखिएको थियो?

(यदि येशू आउन मन्दा अगि यो पुरानो करारमा लेखिएको हो भने, त्यसो भए पौराणीक इस्राएलहरुको निम्ति व्यवस्थाहरु पत्तो लाउने हुन्छ जो नयाँ करारमा प्रवेश गरेका तपाईका मण्डलीहरुलाई उपयुक्त हुँदैन)।

- यो अंशमा परमेश्वरले हामीलाई के गर्नु भन्दै हुनुहुन्छ?

**प्रयोजनीय :**

(3) यी विवरणहरुबाट विशेष सत्यताहरु र उपयोगहरु झिक्नुहोस्।

(4) तपाईले जे मेट्टाउनु भएको छ त्यसलाई व्यवहारमा ल्याउने।

हामीलाई बाइबल दिनुभएको लागि परमेश्वरको प्रशंसा गरौं।

परमेश्वरको वचन अध्ययन गर्दा पाएका आशिषहरु बारे विश्वासीहरुबाट साक्षी वा प्रतिवेदनको लागि अनुरोध गर्ने।

## बाइबल अनुवादगर्ने बारे व्यंग :

**श्री परम्परा :** 'श्री नयाँ विश्वासी' ले बाइबल पढ़ेको केहि क्षण सम्म ध्यान लगाएर हेर्दछ, त्यसपछि उसको हातबाट खोस्दछ। भन, ''तिमी आफैले धर्मशास्त्र कहिल्यै बुझ्न सकदैनौं। त्यसको बदलीमा पढ़नलाई तिम्रो निम्ति यहाँ केहि आधुनिक पुस्तकहरुछन्।''

**श्री नयाँ विश्वासी :** तिम्रो कमेजको तल्लो भागबाट अर्को बाइबल तानेर निकाल्ने। भन, ''होइन, तिम्रो पुस्तकहरु राख। मैले त परमेश्वरको वचनलाई अध्ययन गरेर, कण्ठ र पालन गरेर मेरो हृदयमा लुकाइ राखेको छु। यसैले म जान्द छु कि मलाई जीवन दिनलाई पवित्र आत्माले प्रयोग गर्नुहुन्छ जो अरु पुस्तकले गर्न सकदैन।''

**श्री परम्परा :** ''पाद्रीहरु जसले पौराणीक प्रलेखहरु अनुवाद गर्ने विधिहरु अध्ययन गरेकाछन् तिनीहरुले मात्र बुझ्न सकछन्।''

**श्री नयाँ बिश्वासी :** हाम्रो झुण्डको गोठालाले सिकाउनु भएको छ कि कुनै बिश्वासीले पनि परमेश्वरको वचनलाई बुझ्न सकछन्, यदि हामीले प्रार्थना गरेर अनुबादको साधरण नियमहरुलाई पालन गर्छौं।''

नानीहरुले तयार पारेका कविता र नाटक प्रस्तुत गर्न लगाउनुहोस्। नाटकको बारे तयार गरिएको प्रश्नहरु नानीहरुले प्रौढ़हरुलाई सोधुन।

हप्ता भरी गर्नपर्ने गतिविधिहरुको योजना घोषणा गर्नोस साथै परिवारहरु र साना झुण्डहरुमा हप्ता भरी बाइबल अध्ययन गराउने सुचना दिनुहोस्।

दुइ वा तीनको झुण्डमा एउटाले अर्कोलाई मदत गरुन। प्रार्थना गर्ने, योजनाहरु पक्का गर्ने र एउटाले अर्कोलाई उत्साह दिने।

प्रभुभोज परिचय दिनलाई प्रस्थान 12 अध्याय को 3, 7-8 र 12 पदहरु पढ़नोस्। पहिलो निस्तार चाड़, जसलाई येशूले अति पवित्र संस्कारको रूपमा स्थापना गरेर भोजलाई नयाँ अर्थ दिनुभयो। येशू परमेश्वरको पाठा हुनुहुन्छ, हामीलाई पाप र मृत्युबाट स्वतन्त्र गर्नलाई बली हुन भयो।

2 तिमोथी 3:16-17 एकसाथ कण्ठ गर्नोस्।




# शैतानलाई रोक्नलाई येशूले झै बाइबल प्रयोग गर्ने


## बाइबल अध्ययन गर्न बालकहरुलाई सिकाउने

नानीहरुको उमेर र आवश्यक्तालाई मिल्ने क्रियाकलापहरु चुन्ने।

**प्रार्थना :** ''प्रिय प्रभु, तपाईको वचनलाई नानीहरुको मार्गहरुमा ज्योति दिने बत्ती झैं प्रयोग गर्ने अनि तपाईको आज्ञाकारी वचन, बालकहरुको मार्ग सुगम पार्न यो अध्ययनलाई प्रयोग गर्नुहोस्।



**पुरानो तेल बत्ती**



**मट्टितेल-लालटेन**

मत्ती 4:1-11 पढ़ेर येशूको परिक्षाको कथा सिकाउनलाई तयारी गर्नोस्। हामीले परमेश्वरको इच्छामा कसरी हिड्न सकछौं अनि शत्रुको परिक्षाहरुलाई कसरी जवाब दिन सकछौं भनी यसले देखाउँदछ। येशूले शैतानको प्रतिरोध गरेको बोरमा पढ़न वा स्मृतिद्वारा सुनाउनलाई एउटा ठूला नानीलाई सिकाउनु होस्।

कथा सुनाए पश्चात् यी प्रश्नहरु सोघनु होस्। (उत्तरहरु प्रत्येक प्रश्नको पछि देख्नु हुन्छ)।

- येशू किन साह्रै भोकाएका थिए? (पद 2 हेर्नें)।
- शैतानले येशूलाई कस्तो प्रकारको तीन परिक्षा गरे (पद 3, 6 र 9)।
- येशूले शैतानको प्रत्येक परिक्षाहरुको कस्तो प्रकारले जवाब दिनुभयो (उहाँले धर्मशास्त्रबाट उत्तर दिए, पढ़नोस् 4, 7 र 10)
- के येशूले धर्मशास्त्र कण्ठ गरेका थिए? (ज्यू)
- हामीले परिक्षाहरु र जीवनको निर्णयहरुलाई सामना गर्न आफैलाई तयार पारेको हुनुपर्छ? (हामीले येशूको उदाहरणहरुलाई अनुसरण गर्नुपर्छ। उहाँले प्रार्थना र उपवासमा समय व्यतित् गर्नुहुन्थ्यो, अनि उहाँले जीवन भर धर्मशास्त्र जान्नुभयो अनि पालन गर्नुभयो)।

शैतानले आज सम्म मानिसहरुलाई परिक्षा गर्नलाई यी तीन बटा चाल नै प्रयोग गर्दछ भनी बुझाउनु होस्।

- शैतानको पहिलो परिक्षा ढूङ्गालाई रोटी बनाउनलाई थियो। शैतानले हामीलाई शारीरीक खाँचोहरु बारे फिर्की गर्नलाई परिक्षा गर्दछ। येशूले सिकाउन भयो कि हाम्रो शरीरको निम्ति फिक्री गर्नु भन्दा अत्ति मुख्य परमेश्वरलाई मान्नु र विश्वास गर्नु हो।
- येशूको निम्ति शैतानको दोस्रो परिक्षा मन्दिरको टुप्पोबाट हाम फाल्नु थियो। धेरै मानिसहरुले उहाँको अदभुत शक्तिलाई त्यस समय देखिनै मन पराउँथे। मानिसहरुमा छाप पार्नलाई शैतानले हामीलाई परिक्षा गर्दछ, मानिसहरुले हामीलाई पध्याउन वा मन पराओस भन्ने काम गर्नलाउँछन, जब हामीले गलती नै किन नगरों। तपाईंको जीवनमा परमेश्वरलाई अति महत्वपूर्ण व्यक्ति बनाउनलाई अनि उहाँको उपासना गर्न देखि कसैले कहिल्यै बाधा नगरोस् भनी धर्मशास्त्रले भन्दछ।

- शैतानको तेस्रो परिक्षा संसार भरमा राज्य गर्ने थियो। हाम्रो आफ्नै स्वार्थको लागि शक्ति र अधिकार प्रयोग गर्नलाई शैतानले परिक्षा गर्दछ। धर्मशास्त्रले हामीलाई यो सिकाउँदछ कि हामीले परमेश्वरको सेवा गर्नैपर्छ अनि उहाँलाई र अरु मानिसलाई हाम्रो सेवा गराउने प्रयास गर्नु हुँदैन।

हामी इसाईहरुले पनि येशूले झै परमेश्वरको वचन उल्लेख गरेर यी परिक्षाहरुको उत्तर दिनै पर्छ। येशूले झैं हामीले पनि बाइबल राम्ररी बुझेको हुनैपर्छ, यसो गर्नाले हामीले शैतानको आक्रमणहरुलाई प्रतिरोध गर्न सकछौं।

येशूले शैतानलाई प्रतिरोध गरेको कथालाई नाटकमा उतार्ने।

- यो नाटक प्रस्तुत गर्नलाई माण्डलीक उपासनाका अगुवाहरुसित व्यवस्था मिलाउने।
- किशोरहरुले तयारी गर्दा ठूला नानीहरुले मदत गर्ने।
- ठूला नानीहरु वा प्रौढ़हरुले येशू, प्रलोभक अनि कथकको भागहरु गरुन। कथकले कथालाई छोटोमा व्याख्या गर्नेछ अनि नानीहरुले के भन्ने र गर्ने सम्झना गराउनमा मदत गर्नेछ।
- किशोर बालकहरुले कागजको मुकुट पहिरेर राजाहरुको अनि कागजको पखेटाहरुसित वा हात फैलाएर स्वर्गेदूतहरुको पाठ खेल्नेछन्।

**कथकः** मत्ती 4:1–11 बाट कथा सुनाउनुहोस्। त्यसपछि भन्ने, ''सुन्नुहोस् येशूले के प्रार्थना गर्नुहुन्छ।''

**येशूः** ''हे पिता, मैले तपाईसित चालीस दिन बात गर्न पाएको निम्ति म खुशि छु। म भोकाएको छु, तर तपाईले तयार पार्नु भएको काम मेरो निम्ति मूल्यका छन्।''

**प्रलोभकः** ''परमेश्वरको पुत्र, सुन, तिमी मोकाउनु पर्ने छैन्। तिम्रो सेवा गर्नलाई किन परमेश्वरलाई पर्खी रहन्छौ ? यी ढूङ्गाहरुलाई रोटी बनाइदेऊ।''

**येशूः** ''होइन, परमेश्वरले भन्नु हुन्छ कि हामी रोटीले मात्र बाँच्दैनौं। मलाई जीउन परमेश्वरको वचनको खाँचो छ।''

**प्रलोभक :** येशूलाई एउटा कुर्सीमाथि तानेर राख्ने। त्यसपछि भन, ''अब, त्यहाँ तल हेर। तिमी मन्दिरको टूप्पोमा छौ। आफैलाई तल फाल अनि परमेश्वरले आफ्नो प्रतिज्ञा अनुसार तिम्रो रक्षा गर्नुहुन्छ।''

**येशूः** ''होइन! म परमेश्वरलाई काम गर्न जोड़ दिदिन। उहाँको सेवा म गर्नेछु अनि उहाँले मलाई जे भन्नु भएको छ त्यो म गर्नेछु, किनमने धर्मशास्त्रले भन्दछ कि तैंले परमेश्वरको परिक्षा नगर।''

**प्रलोभकः** राजाहरुलाई देखाउँदै अनि भन्दछ, ''ती राजाहरुलाई हेर। तिमी तिनीहरु सबै माथि राज गर्न सकछौ। तिमीले केवल परमेश्वरलाई भुलेर मेरो सेवा गर्नुपर्छ। तब तिमी एक शक्तिशाली शासक बन्नेछौ।''

**राजाहरु :** प्रलोभकको वरिपरि उभिन्छन् र दण्डवत गर्दछन्, अनि भन्ने, ''गुरुको जय!'' ''हामीलाई शक्ति दिनोस्।''

**येशू :** राजाहरु नगइञ्जेल सम्म पर्खने, त्यसपछि प्रलोभकलाई पछि धकेली दिने। भन, ''गइ हाल, शैतान! धर्मशास्त्रले परमेश्वरको सेवा गर्न मात्र भन्दछ। मानिसहमरुले भलाई रूचाउन र मेरो पछि लागून भनेर म धार्मिक कुरोहरु गर्दीन।''

**प्रलोभकः** यसो भन्दै जान्छ, ''म फेरि आउनेछु।''

**स्वर्गेदूतहरुः** गएर येशूलाई अँगालो लाउने। भन, ''तपाईको पिताले हामीलाई तपाईको सेवा गर्नलाई पठाउनु भएको हो।''

**पावल-तिमोथी बालकहरुको अध्ययन-अश्वासन र परामर्श, बी. 2 बी**

**प्रश्नहरु**। यदि नानीहरुले यो कथालाई प्रौढ़हरुको निम्ति नाटक गरेर देखाउछन् भने तिनीहरुलाई नै अध्ययनको प्रारम्भमा दिइएका प्रश्नहरु प्रौढ़हरुलाई सोधुन।

**गतिविधि:** बाइबलका पुस्तकहरुको नामहरु कण्ठ गर्ने, यदि सम्भव छ भने तिनीहरुको नामहरु सहित गाउँने।

एउटा व्यक्तिले बत्ती माथि उचालेर बाटोमा हिड्दै गरेको चित्र बनाउनु होस्।

- नानीहरुले यस चित्रलाई नकल गरुन र तिनीहरुले चित्रमा भएको बाटोको किनार तर्फ खतराहरु थपी दिऊन (भिरहरु आँधि-बेह्री, आगो, डरलाग्दा जन्तुहरु)।
- तिनीहरुले यी चित्रहरु उपासनाको समयमा प्रौढ़हरुलाई देखाउन्, अनि कसरी परमेश्वरको बाटोमा, परिक्षा र खतरामा भएता पनि होमीलाई डोरयाउन बाइबल ज्योति हुनुहुन्छ भनी बुझाउन दिनोस्।

परिक्षा र दुष्ट देखि सुरक्षा दिनलाई परमेश्वरले कसरी उहाँको वचनलाई एउटा ज्योति झैं प्रयोग गर्नु हुन्छ भनी अन्य उदाहरणहरु दिएर छलफल गर्नोस। नानीहरुलाई उदाहरणहरु दिन लगाउनुहोस्।

- सोघने : दुष्टलाई इन्कार गर्नमा के तपाईलाई धर्मशास्त्रले मदत गरेको छ?

**कविता वा गीत**। घेरै बालकहरुलाई भजन संग्रह 119:97, 103,105,111 र 112 का केहि पदहरुबाट पाठ गर्न वा गाउन लाउनुहोस्।

ठूला नानीहरुलाई मत्ती 4:4 मा येशूले प्रयोग गर्नु भएको शबदहरुलाई कविता वा गीतमा लेख्नदिनोस्।

2 तिमोथी 2:15 एक साथ कण्ठ गर्नुहोस्।

**प्रार्थना:** ''हे पिता, तपाईको वचन हाम्रो भण्डार हो। दुष्ट र परिक्षा देखि हामीलाई रक्षा गर्नलाई हाम्रा मनहरु भित्र तपाईको आत्माले ती चलाएको होस्।''



# बाइबललाई अवलोकन गर्न नसकिने भाग-1 परमेश्वरको वचन 66 वटा पुस्तकहरुको निरीक्षण गर्ने

बालकहरुलाई सिकाउनेले अध्ययन बी. 3 बी. पढ्नु पर्छ।

## 1. बाइबलका सबै भागहरुलाई अवलोकन गर्ने अनि बुद्धिमानी साथ यसलाई प्रयोग गर्ने।

**प्रार्थना**''हे परमेश्वर, तपाईको वचनको विभिन्न भागहरुको अर्थ बुझन दिनुहोस्, यसकारणले कि तपाईका बगालले यसलाई बुद्धिमानी सित प्रयोग गर्नमा मैले मदत दिन सक्नेछु।''

### (क) बाइबल बारे वास्तविकताहरु।

- बाइबल दुइ मुख्य भागहरुमा परमेश्वरका संदेश हुन्। पहिलो भाग, पुरानो नियममा, हिब्रू र अरामीक भाषामा लेखिएको 39 पुस्तकहरु छन्। ग्रीक भाषामा लेखिएको नयाँ नियममा 27 पुस्तकहरु छन्।



- पुरानो नियमले इस्राएलीहरुलाई येशूको आगमनको निम्ति तयार पारे। यसले तिनीहरुलाई परमेश्वरको पवित्र व्यवस्थालाई आफ्नै प्रयास द्वारा पालन गर्न सकिन्दैन भनि देखाए अनि मौलिक आत्मिक धारणाहरु तिनीहरुलाई सिकाए।
- नयाँ नियमले येशूको जीवन अनि कामहरु, अनि उहाँको प्रथम शिष्यहरुको कार्यहरुको विवरण दिंदछन्।

### (ख) पुरानो र नयाँ नियमहरु दुबैमा प्रकार-प्रकारका साहित्यहरु

#### पुरानो नियम

- करारको आधार। संसारको आरम्भ, पौराणीक शासकहरु र परमेश्वरको प्राचिन व्यवस्थाको कथा। मोशाको 5 पुस्तकहरु, उत्पत्ति देखि व्यवस्था सम्म।
- ऐतिहासीक। इस्राएलको प्राचिन राष्ट्रको कथाहरु, 12 पुस्तकहरु, यहोशू देखि एस्थर सम्म।
- भक्ति र उपदेशात्मक। हिब्रू कविता। अय्यूब देखि श्रेष्ठगीत सम्म।
- भविष्यवक्ता। पुरानो नियमका साहित्यिक अगमवक्ताहरु, 17 पुस्तकहरु यशैया देखि मलाकी सम्मन्।

  परमेश्वर मोशासित कसरी बोल्नुभयो गन्ती 12:6-8 मा पत्तो गर्ने।

  परमेश्वर मोशालाई अरु अगमवक्ताहरुसित कसरी तुलना गर्नु भयो व्यवस्था 34:10 मा पाउँछौं।

परमेश्वरले मोशालाई येशूसित कसरी तुलना गरे यहून्न 1:17 मा पाउँछौं। मोशा पुरानो नियमका महान अगमवक्ता थिए। अरु लेख्ने अगम्वक्ताहरुले विशेष गरेर मोशाको व्यवस्थाहरुलाई व्याखा र उपयोग गरेकाछन्।

#### नयाँ नियम

- करारको आधार। येशूको शिक्षा र काम, 4 पुस्तकहरु, मत्ती देखि यूहन्ना सम्म।

- ऐतिहासीक। प्रेरितहरुको मण्डलीहरु, 1 पुस्तक, प्रेरितहरुको कर्म।
- भक्ति र उपदेशात्मक। नयाँ मण्डलीहरु र अगुवाहरुलाई पत्रहरु, रोमी देखि यहूदा सम्म।
- भविष्यवक्ता। प्रेरित यूहन्नाको दर्शनहरु, 1 पुस्तक, प्रकाश।

**(ग) परमेश्वरले गर्नुहुने मानिसप्रतिको व्यवहारहरुलाई बाइबलका पाँच 'करारहरु' ले डोराएकाछन्।**

**1. व्यक्तिगत नियमको करार एउटैको विवेक द्वारा, आदमसित बनाएको, आदम देखि अब्राहाम सम्मलाई, उत्पत्ति 1-12 अध्याय।**

**प्रारम्भ।** परमेश्वरले पहिलो मानिसलाई भन्नु भयो यदि तिनले असल र खराबको रुखबाट खायो भन उ मर्नेछ। शैतानले मन्यो नकली धर्महरुको झूट, ''तिमी मर्ने छैनौं, तर परमेश्वर जस्तै हुनेछौ।'' उत्पत्ति 2:16-17 र 3:5।

**परिणामहरु।** आदम अनाज्ञाकारी बने पछि, मानिसहरुले असल र खराबको ज्ञान पाए। पुरानो र नयाँ नियमका हरेक युगमा नै शैतानले मानिसहरुलाई मानव प्रयासहरुद्वारा परिपक्कतामा पुग्नलाई कर लाउदँछ, यसरी तिनीहरु मर्नेछ, न्याय हुनेछ अनि नष्ट हुनेछ। परमेश्वरले उहाँमाथि भरोसा गर्ने मानिसहरुलाई संधैनै बचाउनु भएकोछ, हाबिल झैं जसले निर्दोष रगतको बली बलिदान झैं चढ़ाए। जल प्रलय पश्चात्, परमेश्वरले मानव शासनको आदेश दिनुभयो र हत्याराहरुलाई मृत्यु दण्ड दिने मानिसहरुलाई भन्नुभयो, उत्पत्ति 9:9

यदि आदमले आज्ञा भंग गरे के हुन्छ भनी परमेश्वरले मन्नुभयो उत्पत्ति 2:16-17 मा पाउँछौं।

**2. बिश्वासद्वारा अनुग्रहको करार आदमसित बाँधेको, उत्पत्ति 12 अध्याय देखि बाइबलको बाँकि भागहरु सम्म।**

**प्रारम्भ।** अब्राहामले परमेश्वरको प्रतिज्ञाहरुमा विश्वास राखे अनि तिनको विश्वासलाई परमेश्वरले धार्मिकतामा गन्नु भयो, उप्तत्ति 12:1-3 र उत्पत्ति 15:1-6।

**परिणामहरु।** अब्राहामको सन्तान येशू द्वारा सारा राष्ट्रका मानिसहरुलाई परमेश्वरले आशिष दिनुहुन्छ।

- अन्त सम्म बाइबललाई पच्छयाउने सबैमा यी प्रतिज्ञा पुरो हुँदछ। पुरानो अनि नयाँ नियमहरु दुबै परमेश्वरको अब्राहमसित भएको करारमा आधारीत छन्।
- पुरानो र नयाँ नियमहरु दुबैभित्र परमेश्वरले विश्वासीलाई उहाँको बदलिने अनुग्रह द्वारा बचाउनु भएकोछ।

**3. व्यवस्थाद्वारा पुरानो नियमका विधि, प्रस्थान 20 देखि रहल सम्पूर्ण पुरानो नियम।**

आरम्भ। परमेश्वरले सिनै पर्वतमा मोशाद्वारा इस्राएल जातिलाई पुरानो नियमको व्यवस्था दिनुभयो।

परिणामहरु। येशू बाहेक कुनै व्यक्तिले पनि पुरानो नियमको व्यवस्थाहरु कहिल्यै पालन गरेकाछैनन्। पापले मृत्यु ल्यायो, अनन्त जीवन होइन। मोशाको व्यवस्थाले संसारिक, अस्थायी इनामहरुको मात्र प्रतिज्ञादिए। मानिसहरुले क्षमा पाउनु खाँचो छ भनी यसले तिनीहरुलाई सिकाउँछ यसले तिनीहरुलाई।

- पपरमेश्वरले इस्राएली दास-दासीहरुलाई उदेक प्रकारले मिश्रबाट निकालेर डोरयाउनु भयो, यसरी परमेश्वर द्वारा एउटा नयाँ जाति खड़ा गर्नुभयो।
- भर्खरै स्वतंत्र गरीएको जाति उजाड़ स्थानमा घुमी रहेका थिए अनि असल शासनको निम्ति व्यवस्थाको खाँचो थियो। प्रस्थान 18-20।

**4. आउनेवाला मुक्तिदाताको करार दाऊदसित बाँधे, 2 शामूएल 7:8-17।**

**आरम्भ।** परमेश्वरले राजा दाऊदलाई प्रतिज्ञा दिनुभयो कि तिनको एउटा वंशले न्यायपूर्वक सबै जातिहरुमा संधैको निम्ति राज्य गर्नुहुन्छ। 'मसिही' को अर्थ जसलाई परमेश्वरको पवित्र आत्मा द्वारा अभिषेक भएका।

**परिणाम।** येशूले, जो अभिशिक्त दाऊदको वंशबाट आएका, पुरानो र नयाँ नियमहरु दुबैमा भएका सबै करारहरु सम्पूर्ण तौरले पुरोगर्नु भयो। बाइबलले येशू र दाऊदलाई कुनै अरु व्यक्तिहरु भन्दा बड़ीमात्रामा उल्लेख गरेकाछन्।

परमेश्वरले कसको सिंहासनबाट उहाँको अनन्त राज्य स्थापित गर्नुहुन्छ, यशैया 9:6-7 मा पाउँछौं। (परमेश्वरले यशैयालाई दाऊदको सयौं वर्ष पछि र येशूको सयौं वर्ष अधि प्रकट गर्नु भएको थियो)।

येशूका चेलाहरुले कस्तो गवाही दिए कि जसले येशू परमेश्वरबाट पठाइएका एक विशेष व्यक्ति हुनुहुन्थ्यो भनी प्रमाणीत गरे, मत्ति 3:16-17 मा पाउँछौ।

**5. नयाँ करार, सम्पूर्ण, अनन्त राज्य, सबै विश्वासीहरुसित बाँधेका, सबै नयाँ नियमका पुस्तकहरु।**

**आरम्भ।** येशूले जब प्रभुभोज स्थापित गर्नुभयो तब उहाँले नयाँ करारको विधिवत् घोषणा गर्नुभयो। मर्नु भाए येशू भरेको द्वारा, मृत्युबाट बौरी उठेर, पिताकहाँ उक्लेर अनि हामी भित्र बास गर्नलाई पवित्र आत्मा पठाएर यसलाई स्थापित गर्नुभयो।

**परिणामहरु।** हरेक जसले ख्रीष्टमा विश्वास गर्दछ र पश्चाताप गर्दछ तिनीहरु परमेश्वरको अनन्तको राज्यमा 'नयाँ गरी जन्मेका' हुन्छन्।

बिश्वासीहरु ख्रीष्टको विश्वव्यापी, रहस्यमय देहको हिस्सा बन्नेछन्। येशूले बहाउनु भएको रगतको कारणले तिनीहरुलाई क्षमा भएका छन्। उहाँको पुनरुथानामा साँझेदार भएको हुनाले तिनीहरुले नयाँ, पवित्र, अनन्त जीवन प्राप्त गर्दछन्।

परमेश्वरका जनहरु नयाँ करार द्वारा कसरी डोरयाइएका हुन्छन्, यर्मियाह 31:31-34 मा पाउँछौं।

परमेश्वरले उहाँको वचन लेखि राख्न मानिसहरु र घटनाहरुलाई कसरी प्रयोग गर्नुहुन्छ, यर्मिया 36 अध्यायमा पाउँछौं।

**2. हप्ता भर गरिने क्रियाकलाप योजना सह-कर्मीहरुसित बनाउने।**

- जुन विश्वासीहरुले तिनीहरुका परिवारहरुसित बसेर अहिले सुम्मन् प्रत्येक दिन बाइबल पढ़ेका छैनन् र प्रार्थना गरेका छैनन् भने तिनीहरुसित यसो गर्नलाई अनि दिनहुँ पारिवारीक उपासनाहरु आरम्भगर्नमा मदत गर्नलाई भ्रमण गर्ने।
- यदि बाइबल तिनीहरुको भाषामा अनुवाद भएको छैन् वा मानिसहरुले पढ़न सकदैनन् भने, तिनीहरु सित भेट गर्ने अनि बाइबलका कथाहरु सिक्नलाई मदत गर्ने ताकि तिनीहरुले परिवारहरु र मित्रहरुलाई दोहोरयाउन सकोस्।

**3. आउँदै गरेको उपासनाको समयको योजना सह-कर्मीहरुसित गर्ने**

यर्मियाको बेह्रेको चर्मपत्रको कथा यर्मिया 36 अध्यायबाट सुनाउने वा अभिनय गर्ने।

पाँच करारहरु, तिनीहरुको मूलविन्दुहरु, परिणामहरु र मुख्य ढाँचाहरु। नानीहरुले तयार पारेका कविता, नाटक र प्रश्नहरुलाई प्रस्तुत गर्न लगाउनोस्।

प्रभुभोज परिचय गर्नलाई, परमेश्वरले कसरी पाप ढाक्नलाई निर्दोष बलीको रगत आदम र हावाबाट शुरू गरेर

सम्पूर्ण बाइबल भरीनै माँग्नु भएको छ भनी बुझाउनु होस्। हामी यी मौलिक आत्मिकी सत्यतालाई प्रभुभोज द्वारा ख्रीष्टको शरीर र रगतमा सम्भागी हुँदा सम्झना गर्छौं, 1 कोरिन्थी 10:16।

योजना गरीएको क्रियाकलापहरुलाई घोषणा गर्ने।

2 वा 3 को झुण्डमा प्रार्थना गर्ने।

परमेश्वरको वचनलाई ठीक प्रकारले प्रयोग गर्ने बारे 2 तिमोथी 2:15 कण्ठस्थ पार्नोस।

## परमेश्वरका मानिसहरु ओबानो जमीनमा हिड़ेर लाल समुन्द्र पार गरे।

**प्रार्थना।** ''प्रिय प्रभु, हरेक नानाले तपाईको वचन केवल मानिसको बिचारहरु होइनन् तर ती सबैथोक जो हामी विश्वास गर्छौ महान एतिहासीक घटनाहरुबाट बृद्धि हुँन्छन् भनेर सिक्नलाई सहायता गर्नुहोस्।''

नानीहरुको सिक्ने क्रियाकलाप कुनै पनि चुन्नुहोस्।

ठूला नानी वा शिक्षकले मोशाले लाल समुद्र पार गरेको बारेमा पिढ़दिऊन वा स्मृतिद्वारा बताइदिऊन। परमेश्वरले महान आश्चर्यकामद्वारा उहाँका मानिसहरुलाई दासत्वाबाट कसरी स्वतंत्र गराउनुभयो प्रस्थान 14 अध्यायले बताउँछ।

कथा सुनाए पछि, यी प्रश्नहरु सोघने। (प्रेत्येक प्रश्नको पछि उत्तरहरु देखा पर्दछ)।

- इस्राएलीहरुले मिश्रलाई त्यागे पछि मिश्रीहरुले तिनीहरुलाई कहाँ मेटाएका थिए? (प्रस्थान 14:9 हेर्ने)।
- इस्राएलीहरुको पक्ष लड़नलाई कसले प्रतिज्ञा दिए? (पद 14 हेर्ने)।
- त्यो रात परमेश्वरले इस्राएलीहरुलाई मिश्रीहरुबाट कसरी छुटयाउनु भयो? (पद 19-20 हेर्ने)।
- जब मोशाले आफ्नो हात समुन्द्र तर्फ पसारे के भयो? (पद 21 हेर्ने)
- इस्राएलाहरुले कस्तो प्रकारले लाल समुन्द्र पार गरे? (पद 22 हेर्ने)।
- तिनीहरुलाई खेदो गर्ने मिश्री सेनाहरुलाई के भयो? (पद 28 हेर्ने)।



प्रस्थान 14 अध्यायबाट लाल समुन्द्र पार गरेको कथालाई नाटकमा परिवर्तन गर्नोस्।

- यो नाटकलाई नानीहरुले प्रस्तुत गर्नलाई मुख्य माण्डलीक उपासनाको अगुवाहरुसित प्रबन्ध मिलाउने।
- तपाईले सबै भागहरु प्रयोग नगरे हुन्छ।
- तयारी गर्नमा स-सानाहरुलाई ठूलाहरुले मदत गरुन।

ठूला नानीहरु वा प्रौढ़हरुले यी व्यक्तिहरुको पाठहरु खेलून :

**कथक**। कथालाई छोटकरीमा सुनाउने अनि नानीहरुलाई के बोल्ने वा गर्ने भनी सम्झना गराउनमा मदत गर्ने।

**मोशा।** लाठीको निम्ति एउटा लाभो काठ लिने।

**फिरऊन**। मुकुटलाई प्रतिनिधि गर्नलाई एउटा उल्टाएको थैलो शिरमा लाउने।

किशोर बालकहरुले यी मानिसहरुको भागहरु गरुन:

**मिश्री सेनाहरु**। रथहरु प्रतिनिधि गर्नलाई कुर्सीहरुमाथि उभिने।

**छोड़ाहरु**। रथहरुको अधिल्लो पट्टि हात र घुँड़ाहरु टेकेर घोप्टीने। घोड़ाको आवाजहरु निकाल्ने।

**इस्राएलीहरु**। हड़बड़ाएर हेर्ने।

**भेड़ाहरु** : हात र घुड़ाहरुले हिड़ेर जाने अनि भेड़ाको आवाज गर्ने।

**लाल समुन्द्र**। पानीको परर्वाल प्रतिनिधि गर्नलाई हातहरु माथितिर उचाल्ने।

**कथक:** कथाको प्रथम भाग प्रस्थान 14:1-20 बाट सुनाउने। त्यसपछि भन्नोस्, ''सुन्नुहोस् फिरऊनले के भन्दछ।''

**फिरऊन:** ''सिपाहीहरु, हाम्रो कमारोहरु भागेर गए। तिमीहरुको रथहरुलेऊ। तिनीहरुको पछि जाऊ।''

**मिश्री सेनाहरु:** 'रथहरु' माथि उभिन्छ। घोड़ाहरुलाई कोर्रालगाएको जस्तै वहना गर्ने। घोड़ाहरुलाई भन्ने, ''चाँड़ो। इस्राएलीहरुलाई पक्र। तिनीहरु समुन्द्रको किनारमा फँसेका छन्। तिनीहरु उम्कन सकदैनन्।''

**इस्राएलीहरु:** यस्तो किसिमले चिच्याउने ''हामी पासोमा परयौं।'' ''हामी यही मर्ने छौं! परमेश्वर, हामीलाई मदत गर्नुहोस्।''

**भेड़ाहरु:** आवाजहरु गर्ने।

**इस्राएलीहरु:** ''हेर। परमेश्वरको आगोको परर्वाल हाम्रो र सेनाहरुको बिचमा जाँदैछ। अब रातको यो अन्धकारमा तिनीहरुले हामीलाई देख्ने छैन्।

**कथक :** कथाको दोस्रो भाग प्रस्थान 14:21-31 बाट भन्ने।

**लाल समुन्द्र:** समुन्द्रबाट भएर एउटा बाटो बनाउनलाई दुइ पंक्तिमा उभिने।

**कथक:** ''सुन्नुहोस् मोशाले के भन्दछ।''

**मोशा:** तिम्रो लट्ठीले समुन्द्र तर्फ देखाउ अनि भन, ''हाम्रो निम्ति परमेश्वरले लड़नु हुन्छ। हेर समुन्द्रलाई बतासले कसरी दुइ भाग गर्दैछ। तिमीहरु ओबानो जमीन भएर पार गर्नेछौ।''

**लाल समुद्र:** तिमीहरुको हातहरु माथि उठाउने अनि अनुहार बाटो देखि टाड़ो राख्ने।

**इस्राएली अनि भेड़ाहरु:** समुन्द्रको बाटो भएर हिड़ने। दुवै तर्फको माथि हेर्दै हिंडने। इस्राएलीहरु कराउ, ''हाम्रो दुबै पट्टिको पानीको पर्खाललाई हरे।'' भेड़ाहरुले भेड़ाको आवाज गर्ने।

**फिरऊन :** ''हरे, वतासले समुन्द्रमा बाटो बनायो, तिनीहरुको पछि जाऊ।''

**मिश्री सेनाहरु र छोड़ाहरु :** इस्राएलीहरुलाई पध्याउने। सेनाहरु रथहरुबाट उत्रने अनि तिनीहरुको घोड़ाहरुको पछि पछि लाग्ने। समुन्द्रको विचमा पुग्दा कराउ, ''के हुँदैछ हँ?'' मेरो रथको चक्का (पाँग्रा) हरु निस्के। ''मेरो रथ अड़कियो।''''पानी फर्केर आइरहेछ।''हामी नष्ट हुनेछौं। घोड़ाहरुले घोड़ाको आवाजहरु गरेर लड़दछन् र मर्दछ। मिश्री सेनाहरु लड़छन् र नचली मरेको जस्तै बस्नेछन्।


**लाल समुन्द्र:** मिश्री सेनाहरु र घोड़ाहरुमाथि झर्दछन्।

**इस्राएलीहरु:** ''परमेश्वरले उहाँको शक्तिशाली सामर्थले हामीलाई बचाउनु भयो।''

**कथक वा ठूला नानी:** जब नाटक अन्त हुँदछ, हरेक मदत गर्नेहरुलाई धन्यवाद दिने।

यदि यो कथालाई नानीहरुले प्रौढ़हरुको निम्ति नाटक गर्छन् मने, माथि सुचीत गरिएका प्रश्नहरु तिनीहरुले प्रौढ़हरुलाई सोघुन।

**छलफल**। परमेश्वरले उहाँका जनहरुलाई दुष्टको शक्तिबाट बचाउनु हुन्छ मन्ने तरीकाहरुको अरु उढाहरणहरु भन्नलाई सोघनुहोस्।



एउटा रथको चित्र बनाउनु होस्। नानीहरुलाई त्यो नकल गर्न लाउनुहोस्। तिनीहरुले आउँदो उपासनाको समयमा तिनीहरुको चित्रहरु प्रौढ़हरुलाई देखाउन सक्नेछन् अनि परमेश्वरको शक्तिले संसारमा भएको कुनै शक्तिलाई कसरी पराजित गर्दछ यसले छर्लङ्ग पार्दछ भनी तिनीहरुले बुझाउन सकछन्।

फिलिपी 4:13 कण्ठस्थ पार्नोस्।

**कविता**। तीन जना नानीहरु प्रत्येकले भजनसंग्रह 15:1,2 र 11 वाट पाठ गरुन।

परमेश्वरले उहाँका लोगहरुलाई मिश्रको दासत्वबाट कसरी बचाउनु भयो, वा हामीलाई आज पापको दासत्वबाट उहाँले कसरी बचाउनु हुन्छ, यसबारे ठूला नानीहरुलाई कविताहरु, गीतहरु र नाटक लेख्न लगाउनुहोस्।

**प्रार्थना :** ''प्रिय प्रभु, तपाई महान र शक्तिशाली हुनुहुन्छ। तपाईले मिश्रका घोड़ाहरुलाई फ्याँकी दिनु भयो अनि घोड़ चढ़ीहरुलाई समुन्द्रमा। तपाईले तपाईको मानिसहरुको पुकार सुन्नुभयो जोहरु कमारो बनेर कष्ट भोगी रहेका थिए अनि तपाईले छुड़ाउनु भयो। तपाईलाई धन्यवाद किनभने हाम्रो प्रार्थनाहरु तपाईले संधै सुन्नु हुन्छ।'' आमेन।

# बाइबलका महत्वपूर्ण घटनाहरुको निरीक्षण


## मुख्य घटनाहरु र युगहरुको चिह्नहरुलाई कण्ठ गरेर बाइबलमा भएको इतिहासको बेगलाई पछयाउनुहोस्ः



1. सृष्टि, उत्पत्ति 1–2। परमेश्वरले स्वर्ग र पृथ्वी सृजनु भयो, हरेकथोक असल थियो, आदम र हवा, पहिलो मानिसले परमेश्वरसित आनन्दमय संगती उपभोग गरे।


2. आदिम पाप, उत्पत्ति 3। शैतानले एउटा साँपको रूप लिएर आदम र हवालाई परिक्षा गरे।






3. प्रलय, उत्पत्ति 6–9। मानिस यति साह्रो दुष्ट बने कि परमेश्वरले तिनीहरुलाई डुबाउनु भयो, तर नूह र तिनको परिवारलाई एउटा ठूला जहाजमा बचाए।


4. बाबेलको अल्गो घरहरा, उत्पत्ति 11। मानिस जातिको बृद्धि हुँदै गयो र घमण्ड साथ स्वर्ग जाने एउटा घरहरा बनाउने प्रयास गरे, परमेश्वरले तिनीहरुको भाषाहरुमा गड़बड़ी ल्याइदिनु भयो अनि घेरै–नयाँ जातिहरुको जन्म भयो।






5. अब्राहम सित परमेश्वरको मञ्जूरी, उत्पत्ति 12 र 15। अब्राहामले परमेश्वरको प्रतिज्ञालाई बिश्वास गरे किनभने उहाँले एउटा वंश द्वारा सारा जातीहरुलाई आशिष दिन चाहनुहुन्थ्यो।


6. मिश्रमा कमारोहरु, प्रस्थान 1–18। अब्राहामको वंश पिराामिड चिहानहरुको भूमीमा गए, तिनीहरु बड़दै गए अनि कष्टजनक दासको काम गर्नु परेको थियो।





7. निस्तारचाड़ पाठोको रगत, प्रस्थान 12–15। परमेश्वरले रूढ़ीहरु द्वारा। मिश्रको राजालाई कमारोहरु मुक्तगर्ने बाध्यता गराए। रगतको छाप नलागेको ढोका मित्रको सबै जेष्ठ छोराहरु मारिए, परमेश्वरले लाल समुन्द्रलाई दुइ भाग गर्नुभयो, कमारोहरु मिश्रका सेनाहरु देखि भागे।


8. इस्राएलको व्यवस्था प्रस्थान 18–20 ढूङ्गाको पाटिमा लेखेर, सिनै पर्वतमा परमेश्वरले दश आज्ञाहरु मोशालाई दिनुभयो। इस्राएलले आज्ञा भंग गरे, चालिस वर्ष सम्म तिनीहरुलाई घुमी रहन दिनु भयो।





9. इस्राएलको भूमिका विजय, यहोशूको पुस्तक। यहोशूले कनानको भूमि विजय गर्नलाई इस्राएलको सेनालाई अगुवाइ गरे किनकि अब्राहामको वशं इस्राएललाई दिन्छु भनी परमेश्वरले प्रतिज्ञा गरेका थिए।


10. न्यायकर्त्ता द्वारा शासन, न्यायकर्ता। जब इस्राएलले व्यवस्था उल्लंघन गरे, तिनीहरुलाई अत्याचार गर्न भनी परमेश्वरले अन्यजातिहरुको हातमा सुम्पिदिए। जब तिनीहरुले पश्चताप गरे र परमेश्वरको आज्ञालाई पालन गरे, उहाँले तिनीहरुलाई छुड़ाउन न्यायकतीहरु (योद्धाहरु जसले उहाँको व्यवस्था पालन गर्थे)। पठाउनु भयो।





11. राजाहरु द्वारा शासन, 1 र 2 शमूएल। दाऊद अनि सुलेमान, तिनीहरुले इस्राएलका शत्रुहरुलाई हराए अनि उन्नति ल्याए। परमेश्वरले दाऊदसित प्रतिज्ञा गर्नुभयो कि एउटा उत्तराधिकारीले सदालाई शासन गर्नेछ।


12. राजा सुलेमानको मन्दिर 1 राजा। परमेश्वरले आफ्नो उपस्थितीमा नयाँ मन्दिरलाई आशिर्वाद दिनु भयो; पुजारीहरुले मानिसहरुको पाप ढाकनलाई रगतको बलिदान जस्तो पशुहरु मार्ने गर्थे।



## पावल–तिमोथी थप अध्ययन–बाइबल, बी 3 ई




13. विभाजीत राज्य, 1 राजा 12, इस्राएलका बाह्र कूलले बहस गरे। दशले उत्तरीय राज्य बनाए, इस्राएल। दुइ कूलले दक्षिणी राज्य बनाए, यहूदा। दुबै दुर्बल बन्दै गए अनि मुर्तिहरु पुज्न लागे।




14. दासत्व, 2 राजा 25। मानिसहरुलाई चेतावनी दिनलाई परमेश्वरले अगमवक्ताहरु पठाए, तर तिनीहरुले विरोध गरे, यसैले तिनीहरुलाई अरु जातीहरुको हातमा बन्दी हुनलाई परमेश्वरले सुम्पिदिए।



15. पूनर्निर्माण, एज्रा। परमेश्वरका मानिसहरुले पश्चताप गरे अनि तिनले तिनीहरुलाई फिर्काएर ल्याए, तिनीहरुले यरुशलेमको पर्खालहरु फेरि निर्माण गरे, यस कालमा पुरानो नियमको अन्तिम पुस्तक मलाकीले लेखेका थिए।



16. विदेशी शक्ति द्वारा शासन। पर्सिया, ग्रीस, सिरिया अनि रोमी साम्राज्यले इस्राएललाई तिनीहरुको अगि झुक्नलाई र भारी मात्रामा कर तिर्नलाई जोरलगाए। यो कालमा कुनै बाइबल पुस्तकहरु प्रकाशित गरिएन।



17. येशूको जन्म र जीवन, लूका। येशूले प्रेतहरु, पाप र रोगहरुलाई दमन गर्नु भयो। उहाँले चेलाहरुलाई मान्छेको जालहारी हुनु भन्नु भयो, उहाँले आत्मिकी राज्य प्रारम्भ गर्नुभयो अनि रोमलाई राजनीतिक हिसाबले शासन गर्नदिनुभयो।




18. क्रूसकोमृत्यु, लूका 23। धार्मिक नेताहरुले येशुलाई ईश्वर निन्दा गरे भनेर पक्रा गरे किनमने उहाँले भन्नुभयो कि उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ, रोमी सेनाहरुले उहाँलाई मारे, उहाँ हाम्रो पापको निम्ति मर्नुभयो अनि गाँड़ीन भयो।



19. पुनरुत्थान लूका 24। तेस्रो दिनमा येशू मुर्दाहरुबाट बौरी उठनु भयो, जजसले उहाँमाथि भरोसा गर्दछ र पश्चताप गर्दछ तिनीहरुलाई बिउँत्याउने छु भनी नयाँ नियमको युग शुरू गर्दै प्रतिज्ञा गर्नु भयो। नयाँ नियमको युग शुरू गर्दै।




20. पवित्र आत्माको अवाइ, प्रेरित 2। येशू परमेश्वर कहाँ फर्कि जानुभयो जसले पवित्र आत्मा हामीमा वास गर्नलाई पठाउनु भयो। पेन्तिकोसको दिन ती विश्वासीहरु जसले आत्मा पाए तिनीहरुको शिरमाथि साना–साना आगोको ज्वाला देखिएख।



21. विश्वासलाई छर्ने, प्रेरितहरु। पवित्र आत्माले भरे पछि, विश्वासीहरुले सुसमाचार छर्नलागे, यो बढ़दै गयो, जसै येशूले बढ़नेछ भन्नु भएको थियो। यो कालमा बाइबलको अन्तिम पुस्तक प्रककाशीतवाकय यूहन्नाले लेखे। घेरै विश्वासीहरु शहीद बनेर मरे।


### सम्पूर्ण बाइबल पुस्तकहरु लेखिए पछिको ऐतिहासिक घटनाहरु




22. मण्डली (चर्च) र राज्य एकत्र हुनु, (311 ख्रीष्टाब्दी)। रोमी शासक कन्सटेन्टाइनले ईसाई विश्वासलाई ऐन अनुसार प्रमाण गरे, मुर्तिपूजकहरु साँचो विश्वास बिनानै चर्चमा प्रवेश गरे।



23. इसाई बिश्वासहरु। झूठो शिक्षा सामनागर्ने विश्वासीहरुले लेखेका विश्वासहरुमा तिनीहरुले सहमती दिए। विश्वासको सारले मौलिक सुसमाचारलाई व्याख्या गर्दछ। नाइसेनको विश्वासले त्रिएक (पिता, पुत्र र पवित्र आत्मा) लाई निश्चय गरे।



24. रोमी साम्राज्यको पतन, (छटुवाँ र सातुवाँ शताब्दी)। राज्यलाई भित्र–भित्रै धुलो पार्ने कारणहरु भ्रष्टचार, अनेकता र खराब प्रशासन थिए, यसले आफ्नो सामर्थ्य गुमाए अनि समाप्त भए।



25. रोमको विशपको उत्थान। रोमको चर्चले सारा चर्च अधिकारीहरु माथि अधिकार दाबी गरे अनि रोमन क्थाथोलिक चर्च बनाए, पूर्विय धर्मनिष्ठ चर्चहरुले यो अख्तियारको विरोध गरे।




26. अंधकारको युग (ख्रीष्टादी 600–1000)। शिक्षाको पतन भयो, मानिसहरुले परमेश्वरको वचनलाई उसो पढ्नु छोड़ी दिए अनि तिनीहरुका अगुवाहरुले कामहरु द्वारा मुक्ति छ भनी सिकाएका कुराहरु छोड़ी दिए, यूरोपमा ईसाई बिश्वास मठहरु बाहेक सबै ठाउँहरुमा बिस्तारै बड़दै गए, तर एशियामा फैलिंदै गए।



27. इस्लाम विरुद्ध धर्म–युद्ध। यूरोपका सेनाहरुले पवित्र भूमि (इस्राएल) लाई फेरि हातपार्ने चेष्टा गरे अनि अन्य भूमिहरु मुसलमान आक्रमणकारीहरुबाट प्रयास भए।




28. प्रोटेस्टयानको परिवर्तन (1500 को)। मार्टिन लूथर अनि अरुहरुले बाइबललाई सामान्य भाषाहरुमा अनुवाद गरे, विश्वास द्वारा मुक्तिको बारे सिकाए, अनि रोमन क्याथोलिक पोपको प्रतिरोध गरे।



29. सुसमाचारको जागृति (1600–1900)। सुसमाचाहरुले मानिसहरुलाई फेरि जन्मनलाई येशूलाई तिनीहरुको हृदयमा ग्रहण गर्नलाई अनि पवित्र आत्मालाई तिनीहरुको परिवर्तन गर्नदेऊ भनी ढिपी गरे।



30. द्रुतगतीमा विश्वासको विश्वभर प्रसार (1900 देखि आजपर्यान्त)। मिशनेरीहरुले ईसाई बिश्वासलाई संसारको प्राय: हरेक भागमा पुरयाए।



31. येशूको आगमणको अगमवाणी, लूका 21, प्रकाश। स्वर्गको तुरही बज्नेछ, येशूले विरोधीहरुलाई दण्ड दिनलाई विपत्तीहरु पठाउनु हुनेछ, शैतानको नाश गर्नुहुनेछ अनि मुर्दालाई जगाउनु हुनेछ, कसैलाई अनन्त जीवनको लागि र अरुलाई न्याय गर्नको लागि।

## यी घटनाहरुलाई दोहरयाउने अभ्यास गर्ने

चिन्हहरु र इतिहासको बहावलाई एउटा घटनाले अर्को सम्म कसरी अघि बड़ाउँछ तपाईले स्मृतिबाट पाठ गर्न नसकुञ्जेल सम्म, समझी रहने अभ्यास गर्नोस्। तपाईले सम्पूर्ण बाइबललाई एउटै कथा जस्तै भेटाउनु हुन्छ। तिनीहरुलाई पनि मदत गर्नुहोस् जसलाई यो कथाको संक्षिप्त बिवरण तपाईले सिकाउनु हुन्छ।

जब तपाईले तल सुचीमा भएको घटनालाई स्मरण गर्नसक्नु हुन्छ, काटनु होस् :

| | | | | |
|---|---|---|---|---|
| 1. धाम, जून | 8. ढूङ्गाको पाटी | 15. मत्किएको शहर | 22. तरवार, बाइबल | 29. खुला बाइबल |
| 2. सर्प (साँप) | 9. तरवार | 16. कोर्रा | 23. बेह्रेको चर्मपत्र र कलम | 30. पृथ्वी |
| 3. ठूलो नाव | 10. बेह्रेको चर्मपत्र, तरवार | 17.माछा | 24. टुटेको तरवार | 31. तुरही |
| 4. अल्गो धरहरा | 11. मुकुट | 18. क्रूस | 25. बिशपको टोपी | |
| 5. हात मिलाउनु | 12. ठूलो शिलाखण्डहरु | 19. रित्ते चिहानछर्दैगरेको | 26. नबालेको मोमबत्ती | |
| 6. पिरामीड | 13. हतकड़ीहरु | 20. आगोको ज्वाला | 27. घोड़ चड़ी लड़ाकू | |
| 7. रगत, ढोको (दैलो) | 14. फाटेको मुकुट | 21. बिउ | 28. येशू, हृदय | |

# पुरानो र नयाँ नियमहरुबाट बाइबलका कथाहरु अनि बाइबलका सन्दर्भहरुमा अनुरूप सिघान्तहरु

## पौराणिक शासकहरुको समयमा भएको ऐतिहासिक घटनाहरु सादृष्य पछिका सम्बन्धित सिघान्तहरु र घटनाहरुसित।

**सृष्टि** (संबंधित : बाइबलका सिघान्तहरु : परमेश्वरको नयाँ सृष्टि, नवजीवन, अनि पुनर्जन्म)।

**नयाँ नियम :** परमेश्वरले उहाँको नयाँ सृष्टि शुरू गर्नभयो, जो आत्मिकी, अनन्त अनि पाप रहित छ। येशूको पुनरुत्थानले, जसमा विश्वासीहरुले भाग लिएकाछन्, नयाँ सृष्टि शुरू गरेको छ। मत्ती 28 अध्याय।

- यो नयाँ स्वर्ग र पृथ्वीसित जसले हामीलाई पर्खीरहेको छ पूरा हुनेछ, प्रकाश 21-22 अध्याय।
- हामी यस भित्र आत्मिकीरूपले पुनर्जन्म भएका छौं (येशू निकोदेमस सित), यूहन्ना 3:1-7।

**हाम्रो प्रत्युत्तर :** उहाँले पुरानो सृष्टिमा हाम्रो निम्ति सृजनु भएको असल थोकहरुको निम्ति परमेश्वरलाई धन्यवाद।

- हामी परमेश्वरको नयाँ आत्मिकी अनि अनन्तको सृष्टिमा प्रवेश गरी येशूको पुनरुत्थानमा सम्भागी भएको हुनाले जो नयाँ सृष्टिको पहिलो फल हुनुनहुन्थ्यो, खुशिसाथ घोषणा गरौं, (1 कोरिन्थी 15, 2 कोरिन्थी 5:7)। त्यसबाहेक अरु कुनै बाटो छैन् (यूहन्ना 14:6)।

**परिक्षा** (संबंधित : आदिम पाप, मृत्यु, शैतान, येशूले शैतान र मृत्युलाई पराजित गर्नु भयो)।

**पुरानो नियम:** पहिलो आदमले शैतानको परिक्षालाई पैदा गरे अनि परमेश्वरको आज्ञा उल्लंघन गरेर मानिस माथि मृत्यु ल्याए अनि पवित्र परमेश्वर देखि अलग भए (आदिम पाप) : उत्पत्ति 3।

**नयाँ नियम :** अन्तिम आदम येशूले शैतानको परिक्षालाई लत्याएर जीवन ल्याए अनि मानवजातिलाई परमेश्वरसित मिलाप गराए।

- येशूले 'अन्तिम आदम' शैतानको परिक्षाहरुलाई प्रतिरोध गर्नुभयो, मत्ती 4। येशू हामी भित्र वास गर्नु हुन्छ अनि हामीलाई शैतानको प्रतिरोध गर्ने र संसारलाई विजय गर्ने बनाउनु हुन्छ, यूहन्ना 16-17।
- येशूले पिताको इच्छालाई गेत्समनीमा र मृत्यु सम्म पनि पुरा गर्नुभयो (उच्चा परिक्षा), मत्ती 26:36-42।

**हाम्रो प्रतिक्रिया:** परमेश्वरलाई हाम्रो पाप स्विकार गर्ने अनि पश्चताप गर्ने (1 यूहन्ना 1:8-10)।

- शैतानलाई प्रतिरोध गर्ने। पवित्र आत्माको शक्तिमा परमेश्वरका शस्त्रहरु प्रयोग गर्ने (याकूब 4:7 एफिसी 6)।

**कयिन र हाबिल** (संबंधित : रगतको बलिदान, येशूको रगत)।

**पुरानो नियम :** पुरानो नियमको उपासनामा निर्दोष प्राणिले बहाएको रगतको आवश्यक्ता थियो :

- पहिलो हत्यारा कयिनले हाबिललाई मारे जब परमेश्वरले तिनको रगतविहीन भेटीलाई इन्कार गर्नु भयो तर हाबिलको ग्रहण गरे, उत्पत्ति 4।
- परमेश्वरले मुख्य पुजाहारीको छोराहरुलाई मार्न भयो जोहरु परमेश्वरको उपस्थितीमा रगत विनानै प्रवेश गरेका थिए, लेवीको पुस्तक 10 अध्याय।

**नयाँ नियम :** नयाँ नियम उपासनाले अनन्त 'परमेश्वरको पाठो' येशूको रगतलाई समावेश गर्दछ:

- हामीले उहाँको देह खानै पर्छ अनि उहाँको रगत पिउनै पर्छ भनेर येशूले यहूदीहरुलाई छक्क पारे, यूहन्ना 6:26-59।

- येशूले एकजना सामरी स्त्रीलाई भन्नु भयो कि हामीले परमेश्वरलाई आत्मा र सत्यतामा पुज्नै पर्छ, यूहन्ना 4 अध्याय।

  **हाम्रो प्रतिक्रिया :** हाम्रो पापको निम्ति येशूको रगतको बलिदानलाई सम्झना गर्दै साँचो हृदयले परमेश्वरको उपासना गर्ने (मत्ती 26:26-28)।

- उहाँले चाहनु भएको अनुसार प्रभु-भोजको उत्सव मनाउने (1 कोरिन्थी 10:16-17, 11:27-32)।

- जब सम्म हामी खरो छौं हामीले परमेश्वरलाई हाम्रा जिब्रोहरुले प्रशंसा गर्नसकछौं, तर यदि हामीले उहाँको आज्ञापालन गर्दैनौं भने हाम्रो प्रशंसा व्यर्थ हो (मत्ती 15:6-9)।

  **नूह** (संबंधित् : प्रलय, पश्चताप्, दण्ड, न्याय, दोस्रो मृत्यु।

  **पुरानो नियम :** शरीरको मृत्युको दण्ड दुष्ट मानिस जातिलाई दिन परमेश्वरले जल प्रलय पठाउनु भयो (नूह), उत्पत्ति 6-9।

  **नयाँ नियम :** यदि हामीले पश्चताप गरेनौं भने परमेश्वरले 'दोस्रो मृत्युको' परमेश्वर देखि अनन्त विच्छेद भएर नरकमा पुग्न चेतावनी दिनुहुन्छ:

- यूहन्ना बप्तिस्माले मानिसहरुलाई पश्चताप गर्न, प्रतिज्ञाको मुक्तिदाता ख्रीष्टो निम्ति तयार पार्नलाई आह्वान गरे। मत्ती 3।

- पश्चताप नगर्ने पापीहरुलाई परमेश्वरले नरकूण्डको आगोमा फाल्नु हुनेछ (अन्तिम न्याय र दोस्रो मृत्यु), प्रकाश 20:11-15।

  **हाम्रो प्रतिक्रिया :** हाम्रा स्वर्गीय पिताको करुणा र दयाले हामीलाई पश्चताप् गर्नमा अगुवाई गरुन (रोमी 2:4)।

- हाम्रो पापहरुबाट पश्चताप गरौं अनि ख्रीष्टमा बिश्वास गरौं (मर्कूस 1:15)।

  **बाबेल** (संबंधित् : जातिहरु, संस्कृतिहरु, भाषाहरु)

**पुरानो नियम :** बाबेलको धरहरामा परमेश्वरले जातिहरु र विभिन्न संस्कृतिहरु सृष्टि गर्नुभयो :

- मानिसहरु एउटै अभिमानी समाजमा संयुक्त रहनलाई प्रयास गरेका थिए। परमेश्वरले तिनीहरुलाई घेरै भाषाहरुमा अलग गर्नुभयो, उत्पत्ति 10।

  **नयाँ नियम :** सबै जाति र संस्कृतिले उहाँको अनन्त महिमाको सिंहासन अगि परमेश्वरलाई प्रशंसा गर्नेछन्, प्रकाश 7:9-17।

  **हाम्रो प्रेतिक्रिया :** परमेश्वरमा भरोसा गर्नु, मानिसको राजनैतिक शक्तिहरुमा होइन (जकरिया 4:6)।

- भिन्दा-भिन्दै जातिहरू र संस्कृतिहरुको कदर गर्ने, जो स्वर्गमा अनन्त सम्मलाई माननीय छन्। परमेश्वरले दिनु भएका किसिम किसिमका 'ख्रीष्टको दुलही' सारा राष्टहरुको मानिसहरु, जातिहरु र भाषाहरुले सुशोभित पार्दछ (प्रकाश : 7:9-12)।

- सारा राष्ट्रहरुलाई चेला बनाउने (सांस्कृतिक लोकका झुण्डहरु, मत्ती 28:18-20)।

  **अब्राहामलाई परमेश्वरको प्रतिज्ञा** (संबंधित : प्रतिज्ञा, बिश्वास, करार)।

  **पुरानो नियम :** बिश्वासी अब्राहमको वंशबाट सारा जातिहरुलाई आशिष दिने परमेश्वरको प्रतिज्ञा :

- अब्राहमले परमेश्वरलाई बिश्वास गरे, जो उसको विश्वासमा धार्मिक गनियो, अनि परमेश्वरले बिश्वासी

अब्राहामको बीज–एउटा वंश, द्वारा आशिषहरुको प्रतिज्ञा गर्नुभयो, अनि यसलाई एउटा महत्वपूर्ण करारको छाप लाउनु भयो, उत्पत्ति 12:1–7, उत्पत्ति 15 अध्याय।

- परमेश्वरले अब्राहामलाई अद्‍भुत जन्म द्वारा एउटा पुत्रको प्रतिज्ञा गर्नुभयो। अब्राहामले उहाँलाई बिश्वास गरेथे, उत्पत्ति 15:1–6।

**नयाँ नियम :** अब्राहामको सन्तान ख्रीष्टद्वारा सारा जातिहरुलाई आशिष दिनेछु भन्ने प्रतिज्ञा परमेश्वरले पुरा गर्नुभयो, जसले पापबाट बचाउँछन् अनि निको पार्नुहुन्छ :

- मरियमले एउटा पुत्र र तिनको मुक्तिदातालाई अद्‍भुत प्रकारले जन्मदिनलाई ग्रहण गरीन्, लूका 1:26–56।
- येशूले एकजना भूतलागेको मानिसलाई निको पार्नु भयो र अरु धेरैलाई पनि किनभने तिनीहरुमा बिश्वास थियो, मर्कूस 1:21–34।
- मित्रहरुको विश्वासको कारणले गर्दा येशूले पापहरु क्षमा गर्नुभयो अनि निको पार्नुभयो, मर्कूस 2:1–12।

घेरै जातिहरुबाट आएका यहूदीहरुमाथि, जसले येशूलाई ग्रहण गरे, परमेश्वरले पवित्र आत्मा खनाउनु भयो (पेन्तिकोस्) प्रेरित 2 अध्याय।

- अन्यजातिहरुमाथि परमेश्वरले उहाँको पवित्र आत्मा खनाउनु भएर सबै जातिहरु बाँच्ने बाटो खोल्नु भयो, प्रेरित 10:44–48।

**हाम्रो प्रतिक्रिया :** बिश्वासद्वारा परमेश्वरको क्षमा प्राप्त गर्नु, हाम्रो आफ्नै योश्यताले होइन (एफिसी 2:8–10)।

- सबै राष्ट्रका मानिसहरुलाई पवित्र आत्माको शक्तिमा हामीले ख्रीष्टको गवाहीदिनु (प्रेरित 1:8)।
- शारीरीक चंङ्गाइको निम्ति येशूको नाममा हामीले प्रार्थना गर्ने (याकूब 5:14–16)।
- पावलको निम्ति परमेश्वरले गरेको जस्तो होइन तर अनुग्रहको अर्को रूप दिन वा निको पार्न परमेश्वरलाई दिने (2 कोरिन्थी 12:7–10 परमेश्वरले सबैलाई चंगाइ गर्नहुन्न, अर्थात कोहि पनि मर्ने थिएन अनि उहाँसित स्वर्गमा हुनेथिएन)!

**अब्राहमको बिश्वास** (सम्बन्धित : बिश्वास, इस्लाम, इसहाक)।

**पुरानो नियम :** अब्राहामको बिश्वाले असल कामहरु र परमेश्वरको प्रतिज्ञामा डोराए, जो पुरानो र नयाँ नियमहरु दुवैको निम्ति आधार बने :

- अब्राहमले तिनको स्वार्थी मानिज लूतलाई गाइ–वस्तुलाई चशउने असल भूमि चुन्न दिए, उत्पत्ती, 13।
- विश्वास द्वारा अब्राहामले लूतलाई बचाउन पाँच राजाहरुको बिरुद्ध लड्नलाई तिनका नोकरहरु लगे।
- अब्राहामको बिश्वासको परिणामले इसाहकको जन्म भयो जसद्वारा परमेश्वरले आफ्नो अनुग्रहको करारलाई स्थापित गर्नुभयो, उत्पत्ती 21।
- परमेश्वरले अब्राहामलाई तिनको छोरो इसाहकलाई बलिदान गर्नु भनेर विश्वासको जाँच गर्नुभयो–प्रतिज्ञाको उत्तराधिकारी बलिदानको रूपमा, उत्पत्ती 22।
- विश्वासको अस्थायी मूलचूकमा अब्राहामले परमेश्वरको अनुग्रहको करारलाई तिनको आफ्नै प्रयासहरुद्वारा पुरा गर्ने कोशिष गरे।

**नयाँ नियम :** नयाँ गरी जन्मनलाई, चङ्गाई पाउन र परमेश्वरका आशिषहरु पत्तो लाउनलाई हामीमा बिश्वास भएको येशूले चाहनु हुन्छ :

- विश्वासद्वारा हामी आत्मामा नयाँ गरेर जन्मनै पर्छ भनेर येशूले निकोदिमसलाई बुझाउनु भयो, यूहन्ना 3।
- येशूले कप्तानको नोकरलाई चङ्गाई गर्नुभयो, मत्ती 8:5–17।
- दुइ अंधा मानिसहरुलाई येशूले तिनीहरुको विश्वास देखेर निको पार्नु भयो, मत्ती 9:27–38।

**हाम्रो प्रतिक्रिया :** विश्वास द्वारा हाम्रो मुक्ति असल कामहरुले प्रमाणित हुँदछ, कि त हाम्रो विश्वास साँचो छैन् (एफिसी 2:8–10, याकूब 1:22–24)।

- शंकाहरुलाई प्रतिरोध गर्ने जसले अब्राहामलाई परमेश्वरको अनुग्रहको करारलाई तिनको आफ्नै कामहरुद्वारा पुरा गर्न प्रयास गराएर इस्माएलको जन्म भयो, अनि उसको अरब वंशद्वारा इस्लामको उत्थान भयो, बिश्वको अत्तिनै वैधानतीक धर्म (गलाती 3:6–12, 4:21–31)।
- नवीनीकरणको प्रत्येक दिन खोजी गर्ने–प्रतिदिन परमेश्वरको वचन पढ्ने र प्रार्थना गर्ने–परमेश्वरको पवित्र आत्माले हामीलाई दिन–ब–दिन नयाँ पारुन (2 कोरिन्थी 4:16)।

**अब्राहामको भण्डारीपन** (संबंधित : दिने)

**पुरानो नियमः** पुरानो नियममा परमेश्वरले तिनीहरुलाई जे दिनु भएको थियो व्यसको असल भण्डारीहरुलाई परमेश्वरले प्रतिफल दिनुभयो :

- अब्राहामले येशू जस्तै पूजाहारी मल्कीसेदेकलाई आक्रमणकारीहरुबाट फेरि हात पारेका सम्पत्तीहरुको दशवाँ अंश दिए, तर विजेताहरुको कुनै सम्पत्ती लिनलाई इन्कार गरे, उत्पत्ति 14:21–24।
- बोअजले गरीब रूथको निम्ति जानेरनै अन्न छाड़ीदिने हुकुम तिनका खेतालाहरु गरे, रूथ 2 अध्याय।

**नयाँ नियमः** जसले उदारचित्तले उहाँको कामको निम्ति र खाँचोमा परेकाहरुको निम्ति दिंदछ तिनीहरुको निम्ति परमेश्वरले स्वर्गको घनको प्रतिज्ञा दिनु भएको छ :

- गरीब बिधुवा जसलाई आफ्नो जीवीका चलाउनलाई पैसाको खाँचो भएता पनि तिनले दिए, लूका 21:1–4।
- बर्णबासले आफ्नो सबै सम्पत्ति बेचेर खाँचोमा हुनेहरुलाई बाँड़ी दिए, प्रेरित 4:33–37।
- जाती सामरीले तिनको शत्रुको सेवा गरे, लूका 10:25–37।
- विश्वासी भण्डारेहरुको उखान बाट येशूले असल भण्डारीपनको दृष्टान्त दिनुभयो, लूका 19:11–27।
- अविश्वासी भण्डारेहरुको उखानबाट येशूले खराब भण्डारीपनको दृष्टान्त दिनुभयो लूका 16:1–8।

**हाम्रो प्रतिक्रियाः** परमेश्वरले हामीलाई जे दिनुभएको छ त्यसलाई ठीकसित संचालन गर्नु र असल भण्डारी बन्नु, चाहे पैसामा वा थोकहरुमा (1 कोरिन्थी 4:2)।

- खुशि साथ दिनु। हामीले कुनै कुरो असन्तुष्टतापूर्वक दिन्छौं भने परमेश्वरले ग्रहण गर्नु हुन्न (2 को· 9:6–15)।

**अब्राहमको मध्यस्थको प्रार्थना** (संबंधित : विश्वास, मध्यस्थ, चङ्गाई)

**पुरानो नियम :** पुरानो नियममा परमेश्वरले विश्वासको प्रार्थनाको उत्तर दिनुभयो :

- लूत अनि तिनको परिवारको (सादोम र गमोरा) निम्ति अब्राहमको मध्यस्थको प्रबल प्रार्थना, उत्पत्ति 18:19 अध्याय।
- परमेश्वरको मन्दिर र तिनका मानिसहरुको समर्पणको सुलेमानको प्रबल प्रार्थना, 2 इतिहास 6:7:1–4।
- मानिसहरुको पापको निम्ति एज्राको स्वीकारको प्रबल प्रार्थना, अनि परिणाम (नवीकरण), एज्रा 9;10:1–19।

**नयाँ नियम :** परमेश्वरले हाम्रो विश्वासको प्रार्थनाको उत्तर दिनुहुन्छ :

- पत्रुस र यूहन्नाले येशूको नाममा प्रार्थना गरेर एउटा अर्धाङ्गीलाई निको गरे–अनि त्यसको खातिर झ्यालखानमा परे, प्रेरित 3–4 अध्याय।
- एउटा बाबुको साधारण प्रार्थनाले भूतले सताइएको तिनको छोरा को चंगाइ भयो, मर्कूस 9:14–29।
- दुष्ट महसुल उठाउनेको छोटो प्रार्थना, लूका 18:9–14।
- हामीले कसरी प्रार्थना गर्नु येशूले बताउनू भयो (प्रभको प्रार्थना सहीत–'हे हाम्रा पिता'), मत्ती 6:1–15।
- येशूले उहाँको प्रेरितहरु र हाम्रो निम्ति प्रार्थना गर्नुभयो, यूहन्ना 17 अध्याय।
- प्रार्थनामा येशूले उहाँको पिताको इच्छा खोज्नू भयो, उहाँको जीवन हाम्रो खातिर अर्पण गर्नलाई, मत्ती 26:36–46।

**हाम्रो प्रतिक्रिया :** येशूले हामीलाई उहाँको नाउँमा प्रार्थना गर्नु सिकाउनु भयो, यसैले हाम्रो आनन्द पुरा हुन सकोस् (यूहन्ना 16:24)।

- प्रेरित पावलले हामीलाई निरन्तर प्रार्थना गर्नलाई भन्दछ (1 थिस्सलोनिकी 5:17)।
- प्रेरित यूहन्नाले हामीलाई हाम्रा पापहरु परमेश्वरमा स्वीकार्न लाउनु हुन्छ (1 यूहन्ना 1:8–10)।

**इसहाकको दुलही रिबेका** (सम्बन्धित : इसहाक,, पेन्तिकोस, पवित्र आत्मा)।

**पुरानो नियम :** अब्राहामले तिनको छोरा इसहाकको निम्ति एक विश्वासी दुलहीलाई टाड़ाबाट खोजेर ल्याउन तिनको नोकरलाई पठाए, उत्पत्ती 24 अध्याय।

**नयाँ नियम:** परमेश्वरले उहाँको पुत्र येशूको निम्ति एक विश्वासी दुलही–चर्च–खोज्नलाई पवित्र आत्मा पठाउनु हुन्छ:

- येशूले शान्तीदाताको प्रतिज्ञा गुर्नभयो, जसले हाम्रो पापहरुको विश्वास दिलाउछ अनि हामीमा ख्रीष्टलाई प्रकट गर्दछ, यहून्न 16:7–16।
- पेन्तिकोसमा पवित्र आत्मा आउनु भयो अनि यहूदीहरु माझ पहिलो चर्च शुरू गरियो, प्रेरित 2 अध्याय।
- अन्यजातिहरुमा पवित्र आत्मा आउनुभयो, पहिलो अन्यजाति चर्च कर्नलियसको घरमा जन्मेको थियो, प्रेरित 10 अध्याय।

**हाम्रो प्रतिक्रिया :** तिनीहरुलाई खोज्नुहोस् जसलाई परमेश्वरले उहाँको विश्वासी दुलही हुनलाई, टाड़ामा भएता पनि, चुन्न भएको छ (मत्ती 28:19–20)।

**याकूबले परमेश्वरको अनुग्रह प्राप्त गरे** (संबंधित : याकूब, एसाव, विश्वास, विश्वास द्वारा मुक्ति।

**पुरानो नियम :** परमेश्वरले चुन्नु भएकाहरुलाई परामक्रमी परमेश्वरले अनुग्रह प्रदान गर्नु हुन्छ, तिनीहरुको

कामहरुको कारणले होइन :

- याकूबले आफ्नो दाज्यू एसावलाई छल गरे तरै पनि परमेश्वरको अनुग्रह प्राप्त गरे, उत्पत्ती 27-33।
- परमेश्वरको व्यवस्था पाउन अघि यो कथाले प्राचीन हिब्रू संस्कृतीमा प्रकाश डाल्दछ:,
- याकूबले धोखा गरेर एसावको जन्मसिद्ध अधिकार लुटे, उ. 27।
- याकूबले परमेश्वरलाई पुजे र एउटा सिंढ़ी स्वर्ग तिर देखे, परमेश्वरले अब्राहामसित गर्नु भएको प्रतिज्ञाहरु याकूबलाई दोहोराइ रहे। उत्पत्ति 28।
- याकूबको छलको दण्ड परमेश्वरले दिनुभयो-लाबानले तिनलाई धोखा दिए, उत्पत्ति 29।
- याकूबको विश्वासको कारणले, यदि तिनले खराब कुरोहरु गरेता पनि, परमेश्वरले तिनलाई धन-सम्पत्ती र सन्तानहरुको आशिषले भर्नु भयो, उत्पत्ती 30।
- परमेश्वरले याकूबलाई लावान र एसाव दुबैको क्रोधबाट सुरक्षित राख्नु भयो, याकूब एउटा दूतसित कुस्तीलड़े, उत्पत्ती 31-33।

**नयाँ नियम :** येशूले खराब मानिसहरुलाई क्षमा दिनु हुन्छ र आशिष दिनुहुन्छ, तिनीहरुको विश्वासको कारणले, तिनीहरुको कामहरुले होइन :

- येशूले एउटा पापी स्त्रीलाई क्षमा गर्नुभयो, लूका 7:36-50।
- येशूले एउटा उखान द्वारा बुझाउनु भयो कि परमेश्वरले असल र खराब दुबैलाई उहाँसित भोज गर्नलाई निम्तो दिनुहुन्छ, मत्ती 22:1-10।
- येशू पापीहरुसित वसेर खानु भयो र पिउनु भयो, जसलाई निन्दा गर्थे, बचाउनलाई उहाँ आउनु भयो, लूका 5:27-32।

**हाम्रो प्रतिक्रिया :** हाम्रो विश्वासको कारणले, हाम्रो कामहरुले होइन, हामीलाई क्षमा गर्नुभएको। लागी तपाई परमेश्वरलाई धन्यवाद, (रोमी 2:28-30, 9:10-18)।

- मुक्तिको सुसमाचार दुष्ट मानिसहरुमा पुरयाउन अत्ति असल हो, किनभने येशू हराएकालाई खोज्न आउनु भएको हो (लूका 5:32)।

**यूसुफले क्षमा गरे** (सम्बन्धित : क्षमा, मध्यस्थता, येशू हाम्रो वकील)।

**पुरानो नियम :** यूसुफले इस्राएलको छोराहरुको निम्ति वकील झैं सेवा गरे, जसले तिनीमाथि गल्ती गरेका थिए:

- यूसुफले अधिकार प्राप्त गरे अनि आफ्ना भाइहरुको निम्ति फिरोनसित विन्ति गरे जसले तिनलाई कमाराको रूपमा बिक्रि गरेका थिए, उत्पत्ती 37 अनि उत्पत्ती 39-45।
- यो लामो कथालाई तपाईले सानो भागहरुमा चलाए हुन्छ। यसमा क्षमा, शुद्धता, परिवारको मिलन, मध्यस्थता अनि परमेश्वरको योजना जस्ता पाठहरु सामेल छन्। येशूको भविष्यवाणी गर्ने रूपमा यूशुफको थियो। तिनी थिए :

एक गोठाला

उसको बाबुको प्यारो

इस्राएलका छोराहरु, तिनका भाइहरु द्वारा बिक्रि गरिएको

परिक्षाको सामना गर्ने

अन्यायबाट झयालखानमा पर्ने

राजाको दाहिने हातमा सन्मानको साथ फेरि खड़ा गरिएको, तिनका भाइहरुको निम्ति अर्जी गर्ने, आनन्दको भोजमा तिनीहरुसित पुनरस्थापना गर्ने।

**नयाँ नियम :** येशूले पिताको सामने हाम्रो वकालत गर्नुहुन्छ, यदपि हामीले उहाँको विरुद्ध पाप गरेकाछौं :

- येशू असल गोठाला हुनुहुन्छ जसले हराएका भेड़ाहरुलाई खोज्नु हुन्छ, लूका 15:1–10।
- जसले येशूलाई क्रूसमा टाँगे तिनीहरुलाई पिताले क्षमा गरुन भनी उहाँले प्रार्थना गर्नुभयो, लूका 23।
- हामीले अरुलाई क्षमा गर्नै पर्छ भनी येशूले उहाँका चेलाहरुलाई बताउनु भयो, मत्ती 18:15–35।

**हाम्रो प्रतिक्रिया :** येशूको नाममा प्रार्थना गर्ने–उहाँ हाम्रो वकील हुनुहुन्छ, हाम्रो निम्ति पितासित प्रार्थना गर्ने (यूहन्ना 16:24; रोमी 8:33–39)।

- जसले तिम्रो विरुद्धमा पाप गर्दछ क्षमा देऊ (मत्ती 6:14–15; एफिसी 4:32)।

**व्यवस्था दिने मोशाको समयमा भएको घटनाहरु पछिका घटनाहरुसित समान**

**परमेश्वरले उद्धारक मोशालाई तयारपार्नु भयो** (सम्बन्धित : मोक्ष, पाप, छुटकारा, प्रभुभोज को उत्सव, प्रभुभोज)।

**पुरानो नियम :** परमेश्वरले उहाँको जातीलाई मिश्रको दासत्वबाट निकालेर ल्याउन अनि एउटा नयाँ पवित्र जाती बनाउनलाई एउटा उद्धारकर्ता तयार गर्नुभयो:

- मोशाको जन्महुदाँ उदेकको घटना घटयो, अनि तिनलाई मार्ने प्रयास गरियो, प्रस्थान 1–2 अध्याय।
- मिठ्यानको भूमीमा परमेश्वरले मोशालाई उहाँको लोगहरुलाई डोरयाउन तयार पार्नु भयो, उहाँको लोगलाई स्वतंत्र गराउन भनी मिश्र फर्केर जानलाई एउटा जलिरहेको पोथ्राबाट तिनलाई बोलाउनु भयो, अनि तिनलाई अचम्भको शक्ति प्रयोग गर्नलाई दिनुभयो, प्रस्थान 2–4 अध्याय।
- मोशाले पहिलो चमत्कार पानीलाई रगतमा परिवर्तन गरेका थिए। मिश्रको झूठो ईश्वरहरुमाथि एउटा श्राप, प्रस्थान 7:13–25।

**नयाँ नियम:** परमेश्वरले उहाँको जनहरुलाई पापको दासत्वबाट निकालेर ल्याउनलाई एउटा मुक्तिदाताको बन्दोबस्त गर्नुभयो।

- येशूको जन्म हुँदा उदेकको घटना घटे अनि उहाँलाई मार्ने प्रयास गरियो, मत्ती 1:18–25, मत्ती 2 अध्याय।
- येशूको बप्तिस्माको तयारी अनि पिताबाट सिफारीस किनकि उहाँ परमेश्वरको प्यारो पुत्र हुनुहुन्छ, मत्ति 3:13–17।
- येशूको पहिलो आश्चर्य कर्म पानीलाई दाखरसमा परिणत गर्नु थियो–आशिष, यूहन्ना 2 अध्याय।

**हाम्रो प्रतिक्रिया :** क्षमा दिन र परमेश्वरको आशिष ल्याउनलाई हाम्रा उद्धारकर्ता अनि प्रभु येशू ख्रीष्टमा भरोसा गर्ने (यूहन्ना 3:16)।

**निस्तार चाड़को पाठो** (सम्बन्धित : रोटी–दाखरस, प्रभुभोजको उत्सव, पाठोको रगत, रगत, बलिदान, पुनरुत्थान)।

**पुरानो नियम :** इस्राएलको निम्ति अखमिरे रोटीको वार्षीक चाड़ परमेश्वरले स्थापित गर्नुभयो, प्रस्थान 12 अध्याय। सुचना :

- परमेश्वरले कसरी मिश्राको दासत्वबाट छुटाउनु भएको थियो युग–युग सम्म सम्झना गराऊनलाई यसले उहाँका जनहरुलाई मदत गर्नु थियो।
- मृत्युको दूतले ढोकाको खामाहरुमाथि रगत देखे अनि जत्तिले परमेश्वरमा विश्वास राखेथे तिनीहरुको घरहरुलाई छोड़ी दिए।

**नयाँ नियम:** येशूले उहाँको रगतमा नयाँ करार पक्का गर्नुलाई प्रभुभोज स्थापना गर्नुभयो, लूका 22 अध्याय।

- उहाँले आफ्नो रगत बहाएर हामीलाई हाम्रा पापबाट कसरी छुड़ाउनु भयो त्यसको सम्झना युग युग सम्मन गर्नलाई हामी यसो गर्दछौं।

**हाम्रो प्रतिक्रिया :** जब जब हामी यो नयाँ निस्तार चाड़ मनाउने गर्छौ हामी येशूको देह र रगतमा सम्याागी हुन्छौं।

**दासत्वबाट छुटकारा** (सम्बन्धित : दासत्व, पुनरुत्थान, अमरत्व, लाल समुन्द्र)।

**पुरानो नियम :** परमेश्वरले इस्राएलीहरुलाई ढासत्वबाट निकालेर लाल समुन्द्रबाट भएर डोरयाउनु भयो, यो चमत्कार पुरानो करारको निम्ति ऐतिहासीक आधार थियो, प्रस्थान 12–13 अध्यायं

**नयाँ नियम:** येशूले हामीलाई पापको दासत्व र मृत्युबाट उहाँको पुनरुत्थानद्वारा छुड़ाउनुहुन्छ, लूका 24;

- ख्रीष्टले हामीलाई अनन्त जीवन दिनुहुन्छ किनमने विश्वासीहरुले उहाँको पुनरुत्थानमा उहाँसित सम्मिलित हुँदछन्, यूहन्ना 11।

**हाम्रो प्रतिक्रिया :** हामी ख्रीष्टमा मात्र भरोसा गर्छौं–केवल जीवनदाता–हामीलाई अमरत्व दिने (1 कोरिन्थी 15)।

**परमेश्वरले मन्ना र पानी जुटाउनुभयो** (सम्बन्धित : जीवनको पानी, अनन्त जीवन, मन्ना, अमरत्व, जीवनको रोटी, अनन्त जीवन)।

**पुरानो नियम:** मोशाले परमेश्वरको चमत्कार द्वारा भोजन र पानी जुटाए :

- परमेश्वरले स्वर्गबाट मन्ना खानलाई जुटाईदिनु भयो, प्रस्थान 17:1–7।
- परमेश्वरले चटानबाट पानीको प्रबन्ध गर्नुभयो, गन्ती 20:1–12।

**नयाँ नियम:** येशूले विश्वासीहरुको निम्ति जीवनको रोटी र जीवनको पानी उहाँको शरीर र पवित्र आत्मा जुटाउनु हुन्छ:

- येशूले 5000 लाई आश्चर्य रितिले खुवाउनु भयो, अनि तब अनन्त जीवनको निम्ति उहाँको शरीरलाई स्वर्गबाटको रोटी झैं अर्पण गर्नुभयो, घेरै असन्तुष्ट भए, यूहन्ना 6 अध्याय।
- येशूले परमेश्वरको पवित्र आत्मा हामीमा बास गर्नलाई प्रतिज्ञा गर्नु भयो, यूहन्ना 7:37–39 अनि हामीलाई परामर्श दिन, यूहन्ना 14:15–26।

**हाम्रो प्रतिक्रिया :** स्वर्ग देखि साँचो रोटीको खोजी गर्ने, भौतिक होइन, अनि परमेश्वरको आत्मा पाउन (मत्ती 6:31–34; यूहन्ना 20:21–23)।

**परमेश्वरले उहाँको जनहरुको निम्ति गोठालाहरु जुटाउनु हुन्छ** (सम्बन्धित : धर्मगुरुहरु (एल्डर), येत्रो)

**पुरानो नियम:** पुरानो नियममा परमेश्वरले उहाँको मानिसहरुलाई गोठालो गर्नलाई धर्मगुरुहरुको प्रबन्ध गर्नु भयो, प्रस्थान 18:12–27।

**नयाँ नियम :** परमेश्वरले उहाँको चर्चहरुलाई गोठालो गर्नलाई एल्डरहरु जुटाउनु हुन्छ, प्रेरित 14। पद 23 ध्यान दिनुहोस्।।

**हाम्रो प्रतिक्रिया :** नयाँ ठाउँमा चर्च स्थापकले एल्डरहरु चुनाव गर्दछन् जहाँ अनुभवी गोठालाहरुको कमी छन् (तीतस 1:5-9)।

- परमेश्वरको मण्डलीहरुमा जसले हाम्रो ध्यान राख्दछ ती गोठालाहरुको आज्ञा पालन गर्छौं (हिब्रू 13:17)।

**दश आज्ञा** (सम्बन्धित : पुरानो करार, नयाँ करार, येशूको आज्ञा, व्यवस्था)।

**पुरानो नियम :** परमेश्वरले दश आज्ञा ढूंगामा लेख्नु भयो इस्राएलको आचारणको निम्ति एक आधार, प्रस्थान 19-20; प्रस्थान 31:18।

- परमेश्वरले एउटा नयाँ करारको प्रतिज्ञा गर्नु भयो-उहाँको व्यवस्थाहरु ढूंगा माथि लेख्नुको सट्टा मानिसको हृदयमा लेखिने छ, यर्मिया 31:31-34।
- जसले पुरानो नियममा भएको व्यवस्थालाई उल्लंघन गर्थे तिनीहरुलाई मृत्यु दण्ड थियो, गन्ती 25:1-11।

**नयाँ नियम :** येशूले हामीलाई उहाँको आज्ञाहरु मान्नलाई भन्नु भयो-नयाँ करार भित्र हाम्रो आचरणको निम्ति आधार, मत्ती 28:18-20।

- येशू जगको चटान हुनुहुन्छ, ती माथि हामीले निर्माण गर्ने एउटै बाटो उहाँको बचनलाई पालन गर्नु, मत्ती 7:24-29।
- पहिलो मण्डलीले तिनीहरुको अधिक मौलिक ढंगमा येशूको सबै आज्ञाहरु पालन गरे, प्रेरित 2:37-47।
- तिनीहरुले पश्चताप गरे, बिश्वास गरे, अनि पवित्र आत्मा पाए, मर्कूस 1:15; यूहन्ना 3:16, 20:22।

तिनीहरुले बप्तिस्मा लिए र नयाँ परिवर्तित जीवन शुरू गरे अर्थात् शरू गर्दछ, मत्ती 28:18-20।

तिनीहरु एउटाले अर्कोलाई प्रेम गर्थे, तिनीहरुको संगती भित्र खाँचोमा परेकालाई मदत गर्थे। प्रेममा, परमेश्वर हाम्रो छिमेकी, मित्र चेलाहरु, खाँचोमा पर्ने, व्यवहारीक रूपमा-अनि शत्रुहरु (क्षमा गर्नु) परमेश्वर सामेल छन्, मत्ती 22:36-40, यूहन्ना 13:34-35, लूका 10:25-37, मत्ती 5:43-48।

तिनीहरुले रोटी तोड्थे (प्रभुभोज, हाम्रो उपासनामा सम्बन्धित छ), मत्ती 26:26-28; यूहन्ना 4:24।

तिनीहरुले प्रार्थना गर्थे (यसमा निजि र पारिवारीक मन्नहरु, मध्यस्थता र आत्मिक युद्ध सामेल छन्), यूहन्ना 16:24।

तिनीहरुले दिंदथे (यसमा हाम्रो समयको भण्डारेपन, भण्डार र तोड़ाहरु समावेश छन्), लूका 6:38।

तिनीहरुले चेलाहरु बनाउँथे (यसमा ख्रीष्टको निम्ति गवाही, गोठालो गर्ने, बचन सिकाउने, अगुवाहरुलाई तालिम दिने र सुसमाचार वाहकहरु पठाउने), मत्ती 28:18-20।

- येशूको मुख्य आज्ञा हाम्रो निम्ति परमेश्वर र मानिसलाई प्रेम गर्नु, जसले सबै पुरानो नियमको व्यवस्थालाई समेटेका छन्, मत्ती 22:33-40।
- येशूले फरिसीहरुलाई हप्काउनु भयो जसले परमेश्वरको आज्ञालाई वास्ता नराखेर मानिसको आज्ञाहरुलाई जोड़ दिन्ये, मर्कूस 7:1-23, मत्ती 23।

**हाम्रो प्रतिक्रिया :** हामी अब पवित्र आत्माद्वारा डोराइएका छौं, जसले हामी भित्र पवित्रताको फल फलाउँछन् (रोमी 8:3-16; गलाती 5:14-26)।

- हामी मृत्युको पुरानो व्यवस्थाको ऐनवादलाई टार्नेछौं, अनि जीवन र स्वतंत्रको नयाँ करारलाई अपनाउँछौं (2 कोरिन्थी 3:3–18)।
- पवित्र आत्माले हाम्रो पापको हामीलाई निश्चय गराउन (यूहन्ना 16:5–15)।

**बिश्रामको बिश्राम** (सम्बन्धित : ऐनवाद, व्यवस्था)।

**पुरानो नियम :** परमेश्वरको पुरानो करारमा विश्राम र उपासनाको एउटा विशेष दिन थियो :

- परमेश्वरले सातौं दिनलाई अलग गर्नु भयो, उहाँले रचनु भएको ती भौतिक थोकहरु हेर्नु र विश्राम लिनलाई, प्रस्थान 20:8–11।
- जुन मानिसले विश्रामको दिनमा दाउरा बटुल्थे त्यसलाई मार्ने आज्ञा परमेश्वरले उहाँका जनहरुलाई दिनु भयो : गन्ती 15:30–36।

**नयाँ नियम :** परमेश्वरको नयाँ करारमा उपासनाको एउटा विशेष दिन छ:

- विश्वासीहरुले पहिलो दिनमा उपासना गर्थे, जुन दिन येशू बौरी उठनुभयो, अनन्तको नयाँ सृष्टिलाई हेर्दै, प्रेरित 20:7।
- येशूले नयाँ करार घोषित गर्नु भयो, लूका 22:13–20।

**हाम्रो प्रतिक्रिया :** हामी नयाँ करारलाई अपनाउछौं। यसले हामीलाई मृत्युको व्यवस्थाबाट छुटकारा दिंदछ, जो हामीले पूरा गर्न सकदैनौं (2 कोरिन्थी 3:6–9)।

- हामी पुरानो नियमको ऐनवादलाई छोड्छौं, जसमा खतना र विशेष दिनहरु पालनगर्न आवश्यक पर्छ (गलाती 4:8–10; गलाती 5:5–14)।
- कुनै दिन पनि उपासना गर्नलाई हामी स्वतन्त्र छौ: (रोमी 14:1–18)।

**मुर्तिपूजकलाई दण्ड छ** (सम्बन्धित : सुनको बाछा, लोभ)

**पुरानो नियम :** जसले सुनको बाछालाई पुजे तिनीहरुलाई परमेश्वरले दण्ड दिनु भयो, प्रस्थान 32।

**नयाँ नियम :** जसले मुर्तिहरु पुज्दछ तिनीहरुलाई अन्तको समयमा भयानक रूढ़ीहरुले दण्ड दिनुहुनेछ, प्रकाश 9।

**अविश्वासी इस्राएलीहरु उजाड़ भूमीमा चालीस वर्ष डुलीहिंड़े** (सम्बन्धित : अनाज्ञाकारी, प्रतिज्ञाको देश, अग्रिपा)।

**पुरानो नियम :** परमेश्वरले इस्राएलीहरुलाई प्रतिज्ञाको देशको आशिषहरु प्रदान गर्नुभयो तर विश्वासको कमीले तिनीहरुले त्यो प्राप्त गर्न सकेनन् :

- बाह्र जासूसहरुले देशको जाँच-बूझ गरे, तर मानिसहरुले त्यसो गर्न डराए र चालिस वर्ष सम्म मरुभूमिमा घुमफिर गरी हिड़े, गन्ती 13 र 14 अध्याय।

**नयाँ नियम :** प्रेरित पावलले राजा अग्रिपालाई मुक्तिको संदेश दिंदछ, जसले विश्वास गर्न इन्कार गर्दछ, प्रेरित 26।

**हाम्रो प्रतिक्रिया :** जबसम्म परमप्रभुलाई पाउनसकछ उहाँलाई खोज, यशैया 55:6–7।

**पवित्रस्थान** (सम्बन्धित : पवित्रस्थान, मन्दिर, पूजाहरीगिरी, मुख्य पूजाहारी, येशू हाम्रो मूल-पुजाहारी)।

**पुरानो नियम :** परमेश्वरले मोशालाई एउटा भेटहुने पाल खड़ा गर्न लाउनु भयो, जहाँ उहाँले आफ्ना लोगहरुसित भेट गर्नुहुन्थ्यो, अत्ति पवित्र स्थानमा :

- परमेश्वरले यो पवित्रस्थान र पूजाहारीहरुको पोसाक बनाउनको निम्ति कड़ा आदेश दिनुभयो, प्रस्थान 25–31, प्रस्थान 35–40।
- लेवीको सम्पूर्ण पुस्तकले बलिदान र भेटहुने पालमा पुजाहारीहरुको सेवाको व्याख्या गर्दछ।
- पवित्रस्थानमा तीन भाग थिए, प्रत्येकको बारेमा तल सुचीत गरिएको छ, प्रस्थान 40।

(1) बाहिरी दलान सेवा गर्नेहरुको निम्ति। यहाँ होमबलिकोनिम्त एउटा बेदी हुन्थे, अनि धुनलाई पुजाहारीहरुको निम्ति पानीको एउटा पोखरी हुन्थे (प्रस्थान 38)। बेदीले ख्रीष्टको क्रूस र बलिदानलाई दर्शाउँछ जसबाट अनन्त जीवन प्राप्त हुँदछ अनि पशु बलिदानको खाँचोलाई अन्त गर्दछ (हिब्रू 9–10)। पोखरीलाई बप्तिस्मा सित तुलनागर्न सकिन्छ, जसद्वारा सबै विश्वासीहरु, धोइएर नयाँ करारको पूजाहरीगीरीहरु बन्दछौं।

(2) पवित्रस्थान केवल पूजाहारीहरुको निम्ति। त्यहाँ एउटा टेबल हुन्थ्यो अनि त्यसमथि रोटी सजाएर राखिएको हुन्थ्यो (प्रभुभोजको दृष्टान्त), लगातार तेलले बली रहेको एउटा सुनको पानस (पवित्र आत्माको दृष्टान्त) अनि सुगन्धित धूपको एउटा बेदी (प्रार्थनाको दृष्टान्त)।

(3) अत्ति पवित्र स्थान–वर्षमा एक पटक मात्र मूल पूजाहारी प्रवेश गर्थे। एउटा ठूलो रातो पर्दा, ख्रीष्टको देहलाई चिन्हित गर्दछ, छुटाएका थिए। यसमा करारको अत्ति पवित्र सन्दुक रारिवएको थियो, एउटा वक्सा जसलाई सुनले मोहरेको, त्यसमाथि करुबीम (पवित्र दूतहरु) थिए। परमेश्वरको महिमा त्यस माथि प्रकट हुँदथ्यो–परमेश्वरको उपस्थिती उहाँका मानिसहरुमा संकेत गर्दै येशूलाई चिन्हित गर्दछ।

- मानिसहरुले तिनीहरुको पापहरुको निम्ति पवित्रस्थानको प्रांगनमा अस्थायी प्रायश्चितको निम्ति रगतको बलिदान दिन्थे, प्रस्थान 29:36–41।
- मुल पूजाहारीको छोराहरुले रगत बिना अनौठा आगो अति पवित्र स्थानमा चढ़ाएका थिए अनि परमेश्वरले तिनीहरुलाई मार्नुभयो, लेवी 10।
- सालमा एक पल्टमात्र मुख्य पूजाहारी परमेश्वरको लोगहरुकोनिम्ति प्रायश्चितको रगत चढ़ाउनलाई अत्ति पवित्र स्थानमा प्रवेश गर्थे, लेवी 16।
- राजा सुलेमानले शताब्दी पछि एउटा ठूलो पाललाई हटाएर पवित्रस्थानलाई शोभनीय मन्दिरमा बदली गरे, 1 राजा 5–6।

**नयाँ नियम :** येशू, उहाँको मुत्यु, पुनरुत्थान र स्वर्गरोहण द्वारा हाम्रा मूल पूजाहारी भएर स्वर्गीय पवित्र स्थानमा प्रवेश गर्नुभयो :

- येशू, मानिस बनेर, परिक्षा र कष्टमा परेर, हाम्रा मूल पूजाहारी बन्नु भयो, हिब्रू 2:14–18।
- येशूले, जो संधै रहिरहनुहुन्छ, पुरानो मूल पूजाहारी र सबै सम्बन्धित बलिदान र सेवाहरु बदली गर्नु भयो, हिब्रू 7–9।

**हाम्रो प्रतिक्रिया :** अरू विश्वासीहरुलाई निश्चयता, दृढ़तापूर्वक र उत्साहको साथ परमेश्वर छेउ ल्याउनु (हिब्रू 10)।

**महान आज्ञा–एउटै साँचो परमेश्वरलाई प्रेम गर** (सम्बन्धित : बालकहरु, बिवाह)

**पुरानो नियम :** परमेश्वर एउटै हुनुहुन्छ–हामीले उहाँलाई सम्पूर्ण हृदयले प्रेम गर्नु पर्छ अनि हाम्रा बालकहरुलाई

उहाँको व्यवस्था पालन गर्न सिकाउनु पर्छ, व्यवस्था 6:1-9।

**नयाँ नियम :** येशूले बिवाह र साना बालकहरुलाई आशिर्वाद दिनलाई शिक्षा दिनु भयो, मत्ती 5:31-32; मत्ती 19:13-15।

**हाम्रो प्रतिक्रिया :** पतिले आफ्नो पत्नीलाई प्रेम गर्नु पर्दछ, जसले तिनीहरुका पतिहरुलाई दिइहाल्नु पर्दछ (एफिसी 5:21-33)।

**हाम्रो प्रतिक्रिया :** पतिले आफ्नो पत्नीलाई प्रेम गर्नु पर्दछ, जसले तिनीहरुका पतिहरुलाई दिइहाल्नु पर्दछ (एफिसी 5:21-33)।

- बालकहरुले तिनीहरुको आमा-बाबुको आज्ञापालन गर्नलाई र बाबुहरुले विश्वासको साथ तिनीहरुको बालकहरुलाई शिक्षा दिनलाई पावलले सल्लाह दिंदछ (एफिसी 6:1-4)।

**तन्त्र-मन्त्र निषेध गरीयो** (सम्बन्धित : आत्माहरु, तांत्रिक, येशूले दुष्ट आत्माहरुलाई विजयी गर्नुहुन्छ (शैतानको विध्वंश)।

**पुरानो नियम :** तन्त्र-मन्त्र, मरेकासित सम्पर्क वा आत्माहरुसित बोल्नदेखि रोक्नलाई परमेश्वरले मोशालाई भन्नु भयो, व्यवस्था 18:9-12।

- राजा शाऊलले एन्दोरको मन्त्र-तन्त्र गर्नेसित् युद्धको बारेमा सोधपूछ गरे र परमेश्वरले तिनको राज्यको अन्त गर्नुभयो, 1 शमूएल 28:9-25, 1 शमूएल 31।

**नयाँ नियम :** ख्रीष्ट सबै दुष्ट आत्माहरु र शैतान समेत माथि विजयी हुनुभएको छ :

- येशूले गदरिनीका मानिसहरुबाट घेरै भूतहरु निकालेर सुंगुरहरुमा हाल्नु भयो, मत्ती 8:28-34, मत्ती 12:22-32।
- अन्तको दिनमा ख्रीष्टले शैतान र त्यसको राज्यलाई सदाको निम्ति नाश गर्नुहुनेछ, प्रकाश 12; 20:1-10।

**हाम्रो प्रतिक्रिया :** सबै तन्त्र-मन्त्रलाई हटाएर भूतले सताएका मानिसहरुको निम्ति येशूको नामका प्रार्थना गर्ने (गलाती 5:19-21; लूका 10:1)।

**आगो द्वारा जाँच** (सम्बन्धित : स्वर्गमा धन, स्वर्ग)

**पुरानो नियम :** परमेश्वरले लड़ाईको अपवित्र लूटको माललाई उहाँको पवित्र छाउनीमा निषेध गर्नुभयो, जुहारात र बहूमूल्य धातूहरु अग्नी परिक्षाबाट जान परयो : गन्ती 31।

**नयाँ नियम :** हामीले स्वर्गमा नियम विरुद्धका कुनै थोक लान सकदैनौं भनी परमेश्वरले चेतावनी दिनुहुन्छ-हाम्रो कामहरु आगोले जाँचिनेछन् : 1 कुरिन्थी 3:10-15।

- येशूले धनी मूर्ख मानिसको उखानबाट धनको लोभ र त्यसको पछि लाग्नेको बिरुद्धमा चेतावनी दिनुभयो, लूका 12:14-31।

**हाम्रो प्रतिक्रिया :** पृथ्वीमा धन थुपार्नको बदली स्वर्गमा धन थुपार्ने (मत्ती 6:19-21)।

**बिलामको असन्तुष्टताको आशिष** (सम्बन्धित : बिलाम, लोभ, धनतृष्णा, भौतिकवाद, सम्पत्ती)।

**पुरानो नियम :** कतिले परमेश्वरको सेवा गर्नलाई तिनीहरुको धन उपयोग गरे, अरुले गलत तरीकामा लोभ गरे वा स्वार्थीपूर्वक त्यसलाई प्रयोग गरे :

- बिलामले इस्राएललाई सराप दिन भनी बालाकले धन दिए। बिलामले तिनीहरुलाई आशिष दिऊन भनेर परमेश्वरले गधा र अरु तरिकाहरुलाई उपयोग गर्नु भयो, गन्ती 22–24।
- धनी नाबालले दाऊदका सिपाहीहरुलाई भोजन दिन स्वार्थीपूर्वक इंकार गरे, तर परमेश्वरले परिस्थितीलाई बदलाउनु भयो, 1 शमूएल 25।
- राजा हिनकियाले बेबिलोनबाट आएका राजदूतलाई तिनको सबै भण्डारहरु देखाए-र ती सबै गुमाए! 2 राजा 20:12–19।
- राजा शूलेमान सित धेरै सम्पत्ति, धेरै स्वानीहरु थिए, अनि प्रत्येक सुख-विलासमा सन्तुष्ट थिए, तर ती सबै रित्तो (व्यर्थको) भेटाए, उपदेशक 2:1–11।

**नयाँ नियम :** येशूले एउटा स्वार्थी धनी मानिसको उखानबाट, जो नरक तर्फ लागे, अनुचित संग्रह गरेको सम्पत्तीमा चेतावनी दिनुभयो, लूका 16:19–31।

**हाम्रो प्रतिक्रिया :** सम्पत्ति भएका विश्वासीहरु, वा जसले इच्छा राख्दछ, परमेश्वरको चेतावनीलाई ध्यान दिने किनकि यसले हामीलाई कष्टमा पार्नेछ (याकूब 5:1–6)।

**इस्राएलका न्यायकर्ताहरुको समयमा घटेको घटनाहरु पछिका घटनाहरु सित एक समान**

**यहोशूले प्रतिज्ञाको देश जिते** (सम्बन्धित : युद्ध, चर्च रोपन, प्रचारकहरु)।

**पुरानो नियम :** यहोशूले परमेश्वरको निम्ति मूर्ति पूजक जातिहरुलाई हराएर विजय हासिल गरे जसले प्रतिज्ञाको देश कब्जा गरेका थिए:

- परमेश्वरले यहोशूलाई सहासीलो बन्न अनि मुर्तिपूजक जातिहरुलाई प्रतिज्ञाको देशबाट लखेटन आदेश दिनु भयो, यहोशू 1:1–11।
- देव-देवता पुज्ने शहर यरीहो ढले, यहोशू 6।
- परमेश्वरले यहोशूको सेनालाई छलीके मूर्तिपूजाको कारण क्षणभरको निम्ति हार्न दिनुभयो, यहोशू 7–8।
- यहोशूले देश हात पार्नलाई अनेकौं शक्तिशाली राजाहरुलाई सैन्य धावाहरुमा हराए, यहोशू 9–11।

**नयाँ नियम :** प्रेरितहरुले संसारको मूर्तिपूजक जातिहरुलाई सुसमाचार पुराएर शैतानलाई हराए, परमेश्वरको निम्ति विजय हासिल गरे:

- एन्टिओकमा भएका मण्डलीले पहिलो प्रचारकहरु लामो समयको निम्ति नियुक्त गरी अन्य शहरहरुमा पठाए, प्रेरित 13:1–3।
- पावल अनि बर्णबास टाढ़ा देशहरु र अन्य संस्कृतीहरु तर्फ लामो सुसमाचारको यात्रामा लागे, प्रेरित 13–14, प्रेरित 16–21।
- पावलले यहूदी नेताहरु र नास्तिक शासक फेस्तस र अग्रिपालाई येशूको घोषणा गरे, जसको मतलब जेलमा पुर्न थियो, प्रेरित 20–26।

**हाम्रो प्रतिक्रिया :** प्रेरितहरुलाई त्यागीएको स्थानहरुमा पठाउने, किनमने परमेश्वरले तपाईलाई बगाल दिनुहुन्छ (एफिसी 4:11–12; प्रेरित 1:8)।

- आजका दिनहरुमा प्रेरितहरुले शैतानलाई लगातार हटाउँदा संसार भरी परमेश्वरको राज्य फैलन्छ (प्रकाश 15:4)।

- परमेश्वरको शत्रुहरुसित सहासपूर्वक सामना गर्ने, अनि त्यसले ल्याउने कष्टहरुलाई सहने (मत्ती 10:16–42)।

**इस्राएलको परमेश्वर द्वारा अन्यजातीहरु आशिषित** (सम्बन्धित : राहाब, विदेशीहरु परमेश्वरको जाति भित्र ल्याइए, सबै जातिहरु ख्रीष्टको चर्चमा गाभीन्छ)।

**पुरानो नियम :** पुरानो नियममा परमेश्वरले उहाँको मानिस इस्राएल माझ बिश्वासी विदेशीहरुलाई सामेल गराउनलाई ल्याउनु भयो:

- विश्वास बाटै कनानी वेश्या राहाबले परमेश्वरको जासुसहरुलाई लुकाए, अनि यरिहो शहर ढल्दा तिनको प्राण बचे, यहोशू 2; यहोशू 6:17।
- मोआबी बिधवी रूथ तिनको सासु नओमीको प्रेमको खातिर इस्राएलमा आइन र परमेश्वरमा भरोसा गरीन। रूथ अनि राहब दुबै ख्रीष्टको वंशको सुचीमा छन्; (रूथ राजा दाऊदको बराज्यू थिइन्), रूथ–एक सुन्दर प्रेम कथा छन्।
- सिरियाको सेनापती नामानले लड़ाईमा ख्याती प्राप्त गरेपछि यर्दन नदीमा नुहाए र परमेश्वरले तिनको कोर निको पार्नु भयो, 2 राजा 5।

**नयाँ नियम:** ख्रीष्टको चर्चले सबै जातिहरुलाई अंगाल्दछ:

- येशूले एक सायडनका स्त्रीको विश्वासलाई जाँच्चु भयो, र इनाम दिइयो, मत्ती 15:21–28।
- येशूले कप्तानको विश्वास देखेर तिनको नोकरलाई निको पार्नु भयो, लूका 7:1–10।
- प्रेरित पावलले धेरै राष्ट्रहरुमा सुसमाचार प्रचार गर्न यात्राहरु गरे, प्रेरित 13–14, प्रेरित 17–20।

**हाम्रो प्रतिक्रिया :** येशूले हामीलाई सारा जगतमा सुसमाचार सुनाउ र चेला बनाउ भन्नु भएकोछ, लूका 24:46–48, मत्ती 28:18–20।

**गिदोनले कमजोड़तामा शक्ति पाए** (सम्बन्धित : गिदोन, दाऊदले गोलियतलाई मार्दछ, पत्रुसको इन्कार, आत्मिकी लड़ाई)।

**पुरानो नियम :** पुरानो नियममा परमेश्वरले बलियालाई हराउन कमजोड़ व्यक्तिहरुलाई प्रयोग गर्नुभयो :

- गिदोनसित भएको 300 जना सेनाहरुले परमेश्वरको उदेकको आदेशहरुलाई पालन गरे र एउटा ठूलो सेनाको हार भयो, न्याय 6–7।
- गोठाला ठिटो, दाऊदले पलिस्ती राक्षसलाई हराए, 1 शामूएल 17।

**नयाँ नियम :** परमेश्वरले नयाँ नियममा कमजोड़ अनि काम नलाग्ने व्यक्तिहरुलाई महान कामको निम्ति प्रयोग गर्नुभयो:

- पत्रुसले येशूलाई इन्कार गरेथे, तर पवित्र आत्मा पाए पछि परमेश्वरले तिनलाई सामर्थको साथ प्रयोगगर्नु भयो, मत्ती 26:31–35; 69–85।

**हाम्रो प्रतिक्रिया :** हाम्रो पापहरु र कमजोड़ताहरु परमेश्वरमा स्वीकार गर्ने।

- परमेश्वरको शक्तिमा भर पर्नु, मानिसको बुद्धि र धनमा होइन (1 कोरिन्थी 1–2)।
- शक्तिको निम्ति प्रार्थना गर्ने, पावलले झैं जसले भने ''म ख्रीष्टमा जे पनि गर्न सकछु जसले मलाई शक्ति दिनुहुन्छ

(फिलीपी 4:13)।

- परमेश्वरले प्रबन्ध गर्नु भएको अत्मिकी हात हतियार प्रयोग गरेर आत्मिकी लड़ाई जारी राख्ने (एफिसी 6:10–18)।

**रूथ** (सम्बन्धित : स्त्री नेताहरु, स्त्रीलाई आदर दिए)

**पुरानो नियम :** रूथ, दबोरा र एस्थर जस्तो विश्वासी स्त्रीहरुलाई परमेश्वरले उहाँको काम गर्ने तुल्याउनु भयो:

- दबोराले इस्राएललाई स्वतन्त्र गराउनलाई सहासी सैनिक अभियानको नेतृत्व गरीन्, न्यायकर्ता 4–5। रूथ अनि एस्थरको पुस्तकहरु पनि हेर्नुहोस्।

**नयाँ नियम :** नयाँ नियममा भएका विश्वासी स्त्रीहरुलाई परमेश्वरले उहाँको काम गर्ने योग्यको बनाउनु भयो :

- मरियम प्रभुको दासी बन्न राजी भइन र प्रशंसाको शोभायमान प्रार्थना गरीन, लूका 1:22:56।
- प्रिस्किलाले तिनको पतिसित तम्बूहरु बनाउथे र यसरी अनेकौं मण्डलीहरुलाई मदत पुरयाउन शुरू गरे, अनि अप्पोलसलाई उपदेश दिए, प्रेरित 18।
- तबीताले गरीबहरुको निम्ति लूगाहरु बनाउथीन्, प्रेरित 9:36–43।

**हाम्रो प्रतिक्रिया :**

- स्त्रीहरुलाई आदर र सन्मान दिने, अनि विश्वासको धर्मात्मा स्त्रीको प्रशंसा गर्ने (हितोपदेश 31:10–31, अनि विश्वासको धर्मात्मा स्त्रीका प्रशंसा गर्ने (हितोपदेश 31:10–31, एफिसी 5:21–33)।
- परमेश्वरले दिनुभएको बरदानहरुद्वारा सेवकाइहरु गर्नलाई ईसाई स्त्रीहरुलाई प्रोत्साहन दिने (उदाहरण, फिलिपकी छोरीहरु, प्रेरित 21:8–9)।

**पलिस्तीहरुले अत्ति पवित्र सन्दूक हात पारे** (सम्बन्धित : दण्ड, कष्ट, करारको सन्दूक, स्तिफनस, सतावट, शहीदहरु)।

**पुरानो नियम :** परमेश्वरले उहाँका अपराधी बालकहरुलाई दण्ड दिनलाई दुष्ट मानिसहरुको हातमा सुम्पिदिनु भयो, अनि धार्मिक मानिसहरुलाई कष्ट भोग्न दिनुभयो, तिनीहरुकै भलाईको निम्ति :

- परमेश्वरका जनहरु कसरी मुर्तिपूजा र अरू पापहरुमा फसे अनि त्यसपछि परमेश्वरले तिनीहरुलाई मुर्तिपूजकहरुको हातमा दिनुभयो, न्यायकर्ताको पुस्तकले उदाहरणहरु दिंदछ। जब तिनीहरुले पश्चताप गरे, परमेश्वरले एउटा उद्धारक पठाउनु भयो अनि तिनीहरु शान्तीमा बसे–जबसम्म तिनीहरुले फेरि पाप गरेनन्, त्यही कुरो दोहारयाएनन्।
- शिमशोन, तिनको नैतीक कमजोड़ता भएता पनि, पलिश्तीहरुको मुर्तिपूजाबाट इस्राएलीहरुलाई छुड़ाउन परमेश्वरले तिनलाई उपयोग गर्नुभयो, न्यायकर्ता 14–16।
- पलिश्तीहरुले करारको सन्दुक कब्जा गरे र दागोनको मन्दिरमा राखे। तेस्रो दिनमा दागोनको शिर फुटेको थियो, जसै येशू मृत्युको पूरानो सर्प शैतानको अगाड़ीको परिमण्डलमा प्रवेश गर्नु भयो तर बन्धुवाहरुलाई स्वतंत्र गर्नलाई त्यसको शिर कुच्याएर तेस्रो दिनमा उहाँ बोरी उठनु भयो। कुनै मानिसले नडोरयाइकन गाइहरुले सन्दूक इस्राएललाई फिर्ता ल्याए, जसरी विजयी ख्रीष्ट बौरी उठे पछि आफ्ना चेलाहरुकहाँ देखा पर्नुभयो, अनि महिमामा उचालिनु भयो, 1 शमूएल 4–6।
- अयूब एक धार्मिक मानिस थिए तर धेरै कष्ट सहे। तिनले परमेश्वरलाई प्रश्न गरे तर उहाँको बिरुद्ध कहिले गएन,

अयूब 1–42 (यो लामो कथा छ र यसलाई छोटो बनाउनु खाँचो छ वा भाग–भाग गरी सिकाउने। विशेष मुख्य अध्यायहरु हुन् अयूब 1–4 अनि 40–42)।

**नयाँ नियम :** परमेश्वरले हामीलाई कष्ट भोग्न लाउनु हुन्छ, यसैले कि बादमा हामी उहाँको महिमा बाँड्न सकछौं, परमेश्वरले उहाँका बालकहरुलाई सताउनेलाई दण्ड दिनुहुन्छ :

- राजा हेरोदले यूहन्नाको शिर काटे अनि याकूब र अरुहरुलाई मारे, तर पछि तिनलाई किराहरुले खाइदिए, प्रेरित 12।
- यरुशलेममा अ–यहूदीहरुले स्तिफनसलाई ढूंगाले हानेर मारे अनि इसाईहरुलाई सताए, फलस्वरूप तिनीहरु घेरै जगहहरुमा फैलिए, सुसमाचार सुनाउँदै धेरैको निम्ति आशिष बने, प्रेरित 7–8।
- पावल र प्रेरितहरुले यहूदीहरुबाट कुटाइ र दूंगा सहे, लुटिए र आँधी–बतासले जहाज टुटे, 2 कोरिन्थी 11:22–33; प्रेरित 27–28।

**हाम्रो प्रतिक्रिया :** जब हामी ख्रीष्टको निम्ति दु:ख भोग्छौं, रमाऊ, किनमने हाम्रो इनाम महिमामा ठूलो हुनेछ, (1 पत्रुस 4:12–19)।

- हामीले संसारमा दु:ख भोग्छौं किनकि त्यसले ख्रीष्ट र हामीलाई घृणा गर्दछ, तर हामीले इनाम पाउनेछौं (यूहन्ना 15:118–27; रोमी 8:17–39)।
- येशूले हामीलाई दिनुभएको क्रूस उठाऔं (लूका 9:22–26)।

## इस्राएलका राजाहरुको समयमा भएका घटनाहरु साथसाथै पछि घटेका त्यस्तै घटनाहरु

परमेश्वरले इस्राएलका अगुवाहरु तयार पार्नुभयो (सम्बन्धित : शमूएल, हन्ना, एली, राजा शावल, यशैया, प्रेरितहरुको तयारी)।

**पुरानो नियम :** परमेश्वरले विभिन्न तरिकाहरुले उहाँका अगमवक्ता र अगुवाहरु, जस्तै यूसुफ, मोशा र दानिएललाई तयार पार्नुभयो :

- मोशाले मिश्रको दरबारका धनसम्पत्ति त्याग गरे ओ आफ्नो जनको सेवा गर्न अवहेलना सहे (हिब्रु 11:24–28)।
- हन्नाले आफ्नो बालक शमूएललाई परमेश्वरको सेवाको निम्ति महापुजारी एलीलाई अर्पण गरिन, शमूएलले एलिबाट अचम्भको संदेश पाए, 1 शमूएल 1–3।
- इस्राएलीहरुले शमूएलसित तिनीहरुलाई डोर्‍याउन एक राजा नियुक्त गर्ने विन्ती गरे औ शमूएलले यसो गर्नाले के हुनसक्छ त्यसबारे चेताउनी दिए, तापनि तिनीहरुले ढिप्पी गरि, त्यसर्थ उनले शावललाई जो एक बलियो योद्धा थिए, मानिसहरुको खुशीको खातिर राजा अभिषेक गरिदिए (1 शमूएल 8–10)।
- शावलले असल शासन गरे, इस्राएलका शत्रुहरुलाई परास्त गरे र पछि केहि गम्भीर त्रुटिहरु गरे (1 शमूएल्का 1–15)।
- दाउदले बालक छँदा, मोशा झैं आफ्ना पिता यिशैका भेंड़ाहरुको एक असल गोठालो बन्न सिके (1 शमूएल 16;17:33–37)।
- दाउद, एक बलियो योद्ध बने तर राजा शावलको ईर्ष्या गरे, त्यसैकारण दाउदलाई, शावलदेखि भागी हिंड्न तथा लुकिहिड्न पर्‍यो। परमेश्वरले यसबाट उनलाई उहाँमाथि भरोसा गर्न सिकाउनुभयो (प्राय: जसो भजनहरुमा यो कुरा व्यक्त गरिएको छ), 1 शमूएल 18–31। यी अध्यायहरुमा युद्धका कथाहरु सामेल छन्।

- यशैयाले परमेश्वरको मन्दिरबारे यस्तो अलौकिक दर्शण देखे, र जुन दर्शणले उनलाई अति अधर्मी अनुभव गरायो र तिनी घोप्टो परे। यशैया 6 अध्याय।

- यर्मियाले घेरै कुराहरु सहनुपर्‍यो र त्यसमा तिनी कैदमा पनि परेको घटना सामेल छ जब तिनले यरूशलेमको विनाशको अगमवाणी बोले। यर्मिया 38 अध्याय।

**नयाँ नियम : परमेश्वरले नयाँ नियममा उहाँका अगुवाहरु तयार पार्नुभयो।**

पत्रुस तथा अन्य एघाह्र प्रथम चेलाहरुले प्रभु येशू, गुरुसित तीन वर्ष एकसाथ बिताए। मर्कूस 3:13–19।

- पावलले धेरै कष्टहरु सहनुपर्‍यो। प्रेरितको काम शुरू गर्नभन्दा पहिले, तिनी अरब देशमा समय बिताउनुपर्‍यो। गलाती 1:15–24।

**हाम्रो प्रतिक्रिया :** हामीले त्यागहरु गर्दै, परमेश्वरको सेवा गर्न असल प्रकारले तयार हुनुपर्छ।

- यस तयारीमा, परमेश्वरको वचन अध्ययन गर्दै, जस्तो अहिले गर्दै हुनुहुन्छ, तपाईंको परिवारमा तपाईंका मानिसहरु तथा नयाँ अगुवाहरुलाई सिकाउँदै जाने कुरा सामेल छन् ( 2 तिमोथी 2:2)।

**इस्राएलका असल राजाहरु** (सम्बन्धित : दाउदको असल शासन, सुलेमान, आज्ञाकारिता, शबाको रानी, इस्राएलका असल राजाहरु, बूढ़ाप्रधानहरु)।

**पुरानो नियम :** परमेश्वरले जब उहाँका जनहरु मूर्तिपूजाबाट अलग भएर उहाँको आज्ञा माने, तब उहाँले दाउद र सुलेमान जस्ता असल अगुवाहरुलाई शासन गर्न लगाउनुभयो। तर जब तिनीहरुले मूर्तिपूजा गरे तब उहाँले, खराब राजहरुलाई क्रूरतापूर्ण शासन गर्न दिनुभयो। प्रायै: राजाहरु असल थिएनन्।

- सुलेमानले परमेश्वरको बुद्धि माँग्दै आफ्नो शासन शुरू गरे। तिनका बुद्धिपूर्ण निर्णयहरुबाट टाड़ा–टाड़ाका मानिसहरु प्रभावित भए। 1 राजा 3;4:21–34।

- सुलेमानले परमेश्वरको मन्दिर निर्माण गरे र पूर्ण आदर–भक्तिका साथ तथा भव्य समारोहमा करारको सन्दूक मन्दिरभित्र राखे। 1 राजा 8।

- शबाकी रानी टाड़ाबाट सुलेमानको कीर्ति सुन्नलाई आईन् र तिनी सुलेमानको बुद्धि एवं धन–सम्पत्ति देखेर अवाक् भइन्। 1 राजा 10:1–13।

- सुलेमानको शासनकालमा, इस्राएलीहरुले औधी समृद्धताको उपभोग गरे। 1 राजा 10:22–29।

- यहोशापातले मूर्तिहरु हटाइदिए औ सारा इस्राएलमा परमेश्वरका व्यवस्थाहरु सिकाए। 2 इतिहास 17–18।

- योशियाहले (जो आठ वर्षका हुँदा राजा बने। तिनका बूढ़ा–प्रधानहरुको कुरा सुने औ इस्राएलमा आत्मिक नविकरण ल्याए। 2 राजा 22–23।

- हिजकियाहले, उज्जियाह र आसाका राजाहरु झैं, यहूदामा समृद्धि ल्याए। 2 इतिहास 29–32।

**नयाँ नियम :** परमेश्वरले उहाँका मण्डलीहरुको सेवकाईको निम्ति असल अगुवाहरु दिनुभयो जब, तिनीहरुले उहाँको वचन पालन गरे औ पवित्र आत्माको अगुवाईमा हिंड़े :

- पावलले जवान तितस (सिकारू) लाई, क्रेटमा भएका नयाँ मण्डलीहरुको अगुवा गर्न सुयोग्य धर्मगुरुहरु नियुक्त गर्न भने। तितस 1:5–9।

**इस्राएलको अगमवक्ताहरु :** (सम्बन्धित् : चेताउनी, एलिया, बाल, पश्चाताप, झूटा अगुवाहरु)।

**पुरानो नियम :** परमेश्वरले खराब राजाहरुलाई चेताउनी दिन तथा उहाँको जनले पश्चाताप गरुन् भनेर आफ्ना अगमवक्ताहरु पठाउनुभयो :

- सुलेमानको मूर्ख छोरा रहबामले बूढ़ा प्रधानको कुरा इन्कार गरे फलस्वरूप यारोबाम र पूर्वमा बस्नेहरु रिसाए र पूर्वमा इस्राएल र दक्षिण यहूदा गरि देश दुई राज्यमा विभाजन भयो। राजा 12 अध्याय।
- पूर्वमा इस्राएलको पहिलो राजा, यारोबामले अगमवक्ताको चेताउनीको विरोध गरे और मूर्तिपूजाहरु स्थापित गरे। 1 राजा 13 अध्याय।
- धेरै राजाहरुले यारोबामको खराब उदाहरण पहिल्याए। आहाबले प्राय: सारा इस्राएललाई मूर्तिपूजा गर्ने अनुमति दिए तर, अगमवक्ता एलियाले परमेश्वर जीवित् हुनुहुन्छ र नीर्जिव मूर्तिहरुभन्दा उहाँ अझ शक्तिशाली हुनुहुन्छ भनी देखाउन, आश्चर्यकर्म गरे। तिनले विधवाको छोरालाई पुनर्जीवित पारे। 1 राजा 17 अध्याय।

एलियाले बाल देवताका अगमवक्ताहरुलाई चुनौति दिए र आहाबलाई कर्मेल डाँडामा आउने चुनौति दिए। 1 राजा 18 अध्याय।

एलिया डराए र आफ्नो प्राण बचाउनलाई भागे तर परमेश्वरको स्वर्गदूतले तिनलाई तृप्त पारे। 1 राजा 19 अध्याय।

एलियाले सबैभन्दा दुष्ट राजा आहाबलाई पश्चाताप गर्न विश्वास दिलाए। 1 राजा 21 अध्याय।

आहाबले मीकायाको अगमवाणी इन्कार गरे र फलस्वरूप आहाबको भयानक मृत्य भयो। 1 राजा 22 अध्याय।

एलियाले दुष्ट राजा अहज्याहका दूतहरु माथि स्वर्गबाट आगो बर्षा। 2 राजा 1।

एलिया अग्निमय रथ र अग्निमय घोड़ाहरुमा स्वर्गमा उठाईलगिए तर तिनका शक्तिहरु आफ्नो चेला एलिशाले पाए। 2 राजा 2 अध्याय।

एलिशाले परमेश्वरको शक्तिद्वारा मोहाबको सेनालाई आश्चर्यरीतिले पराजित गरे। 2 राजा 3 अध्याय।

एलिशाले परमेश्वरको शक्तिद्वारा गरीब विधवाको ऋण तिर्न तिनलाई मदत गरे। 2 राजा 4 अध्याय।

एलिशाले परमेश्वरको शक्तिमा सिरियाको कप्तान नामानको कोढ़ शुद्ध पार्न सके। 2 राजा 4 अध्याय।

- यर्मियाले परमेश्वरको क्रोध र यरूशलेमको विनाशबारे अगमवाणी बोले तर राजाहरुले यो पत्याएनन्। 2 इतिहास 36:11–23, यर्मिया 36 अध्याय।
- राजाहरु साथै मानिसहरु झन् झन् दुष्ट बन्दै गए औ अन्तमा यरुशलेमको विनाश भयो। धेरै बेविलोनमा कैद परे। 2 इतिहास 36।
- योना, पहिलो मिशनेरीलाई भिन्दै देशमा तब मात्र पठाईयो जब, तिनले परमेश्वरको आज्ञा माने। परमेश्वरले तिनलाई आज्ञा पालनबारे सिकाउनुभयो। योनाको पुस्तक।

**नयाँ नियम :** प्रभु येशू सबै मानिसलाई पश्चाताप गर्ने आह्वान गर्नुभयो र दुष्ट अगुवाहरु बारे सतर्क गराउनुभयो ब्वाँसाहरु, जसले परमेश्वरको जनहरुलाई तितर–बितर पार्छन्।

- एकजना पापीले पश्चाताप गर्दा स्वर्गमा मनाइने आनन्दबारे प्रभु येशूले हराएको भेड़ाको उपमाद्वारा बताउनुभयो। लूका 15–1–10।
- प्रभू येशूले उड़न्ता पुत्रको उपमा दिएर परमेश्वरको अनुग्रहको उदाहरण दिनुभयो, जुन् अनुग्रहले मानिसहरुलाई

पश्चाताप गर्न लगाउँछ। लूका 15:11–32।

- पत्रुसले सुसमाचार घोषणा गरे औ पेन्तिकोसको दिनमा उपस्थित ठूलो भीड़लाई पश्चाताप गर्ने आह्वान गरे। प्रेरित 2:1–41।
- प्रभु येशूले विश्रामको दिनमा एउटा अन्धो मान्छेलाई निको पार्नुभयो र पाखण्डी धर्म–गुरुहरु यसको विरोध गरे र विश्राममा यसो गर्नुभएकोमा तिनीहरु रिसाए। यूहन्ना 9 अध्याय।
- टार्ससका शावलले ईसाईहरुलाई थुनुवामा हाले र तिनीहरुको ज्यान लिए तर, परिवर्तित भएर पावल प्रेरित बने। प्रेरित 9:1–31।
- प्रभु येशूले झूटा अगुवाहरु–ब्वाँसाहरुबाट होशियार रहनु भन्नुभयो। मत्ती 7:15–20।
- यूहन्नाले हेरोदको व्यभिचारबारे हेरोदलाई चेताउनी दिए। तिनले यूहन्नालाई थुनुवामा हाले र पछि शिर काट्ने अनुमति दिए। मत्ती  14 अध्याय।
- प्रभू येशूले फरिसीहरुको खमीरदेखि होशियार रहनु भन्नुभयो–देखावटी धार्मिकत्ता र मानिसहरुका रीतिहरु। लूका 12:1, मत्ती 15:1–20।
- पावलले एफिसीका धर्मगुरुलाई तिनीहरुका मण्डलीहरु विभाजन गर्न खोज्ने र स्वाहा पार्ने ब्वाँसाहरुदेखि होशियार रहन भने। प्रेरित 20:28–30।
- परमेश्वरले, यूहन्नालाई दिनुभएको प्रकाशमा विश्वासीहरुलाई संकष्ट ल्याउने ख्रीष्ट विरोधीबारे सचेत गराउनुभयो। प्रकाश 13 अध्याय।
- यूहन्नाको प्रकाशमा पश्चाताप नगर्नेहरु पछि हुने डरलागदा न्यायहरुमा पर्नेछन् भनि चेताउनी दिइएको छ। प्रकाश 16–18 अध्याय।
- यूहन्नाको प्रकाशमा नै पश्चाताप गर्नेहरुको निम्ति एक महिमित 'विवाहको भोजको' प्रतिज्ञा छ। प्रकाश 19 अध्याय।
- यूहन्नाको प्रकाशमा परमेश्वरको सेतो सिंहासन अघि, पश्चाताप नगर्नेहरुको अन्तिम न्यायबारे प्रकट गरिएको छ। प्रकाश 20 अध्याय।
- यूहन्नाको प्रकाशमा नयाँ पृथ्वी र नयाँ स्वर्गबारे बताइएको छ, जहाँ हामी ख्रीष्टसित अनन्तकालको लागि रहनेछौं र जहाँ कहिल्यै आँशु, श्राप वा दु:ख हुनेछैन्। प्रकाश 21–22।

**हाम्रो प्रतिक्रिया :**

- हाम्रो आफ्नै परिवारबाट शुरुवात गर्दै, परमेश्वरले हामीलाई दिनुभएको बंगालको हेर्चाह गर्नु (प्रेरित 20:28–32)।
- जिम्मवार, परिपक्व व्यक्तिहरुलाई, जोहरुले आफ्नो निपुणता प्रमाणित गरेका छन्, अगुवाहरु नियुक्त गर्नु (1 तिमोथी 3 अध्याय)।
- विभाजन ल्याउनेहरुलाई अलग गरिदिनु (तितस 3:10–11)।
- हाम्रा मण्डलीहरु, मण्डलीलाई कमजोर तुलयाउने आम त्रुटिहरुबाट अलग बस्नपर्छ। प्रकाश 2–3 अध्याय।
- पवित्र आत्माको दैनिक नविकरणखोज्नु (2 कोरन्थी 4:16–18)।
- सतावटमा परेकाहरुलाई अनन्तको इनामद्वारा आश्वास्त गराउनुहोस् (1 पत्रुस 1:6–9, 1 यूहन्ना 3:1–3)।

**लूसिफर (दियाबल)** सम्बन्धित : स्वर्गबाट शैतान झारियो, आत्मिक लड़न्त, शैतानले प्रभु येशूको परिक्षा गरेको।

**पुरानो नियम :** लूसिफर 'बेबिलोनको राजा', एक सुन्दर स्वर्गदूत घमण्ड गर्छ र स्वर्गबाट झारिन्छ र शैतान हाम्रो शत्रु बन्छ। यशैया 14:3-17। यो घटना सृष्टिको शुरुमा नै भएको थियो तर विभाजित राज्यहरुको समय नआइञ्जलसम्म यो कुरा गुप्तमा थियो।

**नयाँ नियम :** शैतान निरन्तर परमेश्वरको जनविरुद्ध छ।

- स्वर्गमा लड़ाईं भएपछि शैतान, त्यसका दूतहरुसहित स्वर्गबाट खसालिए। प्रकाश 12:7-9।
- शैतानले प्रभु येशूको परिक्षा गर्छ (मत्ती 4)।
- प्रभु येशूले हाम्रो हृदयबाट परमेश्वरको वचनको बीऊ चोरेर लैजान, शैतानले त्यसका दुष्ट आत्माहरु पाठाउँछ भनि सर्तक गराउनुभएको छ (मत्ती 13)।
- शैतानले यहूदालाई धोका दिन लगाउँछ। यूहन्ना 13:21-30, यूहन्ना 18:1-12।
- शैतानले विश्वास गर्ने ईसाईहरु हन्ना र सफिरालाई पाप गर्न लगाउँछ (प्रेरित 5:1-11)।

**हाम्रो प्रतिक्रिया :**

- शैतानको विरोभ गर्नु र त्यो हामीबाट भागेर जानेछ (याकूब 4:7)।
- विरोधी शैतानबाट सतर्क रहनु कारण त्यो कसलाई भेट्टाऊँ र निलिहालूँ भनेर गर्जने सिंहमैं खोजेर हिंड़छ (1 पत्रुस 5:8-9)।

**इस्राएल बेबिलोनको कैदमा** (सम्बन्धित : मर्दक्कै, दानिएल, विश्वासीहरुको सुरक्षा, प्रभु येशू-असल गोठाला)।

**पुरानो नियम :** परमेश्वरले कैदको बेला उहाँलाई मात्र पुज्नेहरुको रक्षा गर्नुभयो।

- मर्दक्कैले आफ्नो भाञ्जी, साहसी रानी एस्तरको मदत गरे-परमेश्वरका, शत्रुहरुको विनाशको योजन। बनाउना (एस्तर: पुरै पुस्तक)।
- परमेश्वरले दानिएलका तीन भित्रहरुलाई आगोको भट्टीमा बचाउनुभयो। दानिएल 3 अध्याय। दानिएललाई सिंहको खोरमा बचाउनुभयो-दानिएल 6 अध्याय।

**नयाँ नियम :** प्रभु येशू, असल गोठालाले उहाँको हातमा आफ्ना चेलाहरुलाई (उहाँलाई पछ्याउनेहरुलाई)। सुरक्षाको प्रतिज्ञा गर्नुभयो (यूहन्ना 10:7-39)।

**हाम्रो प्रतिक्रिया :** परमेश्वरको त्यो अनुग्रहमा भरोसा गर्नु, जुन अनुग्रहमा उहाँका छोराछोराहरु उहाँका हातमा सुरक्षित राखिइनेछन् (रोमी 8:28-39)।

**एज्रा, सुधारक** (सम्बन्धित : पुनर्स्थापन, बेबिलोनको कैदबाट फर्किएको, नहेम्याह, आत्मिक वरदानहरु)।

**पुरानो नियम :** परमेश्वरले उहाँका मानिसहरुको पुर्ननिमाणिको लागि र तिनीहरुलाई परमेश्वरको सेवा गराउन संगठित पार्न, विश्वास योग्य अगुवाहरु प्रबन्ध गर्नुभयो।

- फारसका राजा कोरेसले बेबिलोनबाट कैदमा परेका यहूदीहरुलाई मन्दिर र इस्राएल देशको पुनर्स्थापनको लागि फर्केर जान दिए (एज्रा 1 अध्याय)।

- मन्दिरको पुनर्निमाण गर्न फर्केका यहूदीहरु आनन्द र आँशुमा पुनर्निमाणको काम थाले (एज्रा 2 अध्याय)।
- नहेम्याहले राजा आर्ट–जारसेजसित यरुशलेमको पुननिर्माणको लागि अनुमति मागे। नहेभ्याह यरुशलेममा फर्केर आए र भत्केका पर्खलहरुको निरीक्षण गरे (नहेभ्याह 1–2 अध्याय)।
- नहेम्याहले सशस्त्र मरम्मत गर्नेहरुलाई यरुशलेमका पर्खालहरु पुर्ननिर्माण गर्न लगाए–विरोधहरुको बीचमा पार्न, रहेम्याह 3–4 अध्याय।
- मानिसहरुले परमेश्वरको वचन सुने औ बुझे। तिनीहरुले ठूलो जमघटमा पश्चाताप गरे पापहरु मानि लिए (नहेम्याह 8–9 अध्याय)।

**नयाँ नियम :** परमेश्वरले डोराउन, एकार्काको सेवा दु:खीहरुलाई सहायता गर्न, पवित्र आत्माद्वारा हामीलाई वरदानहरु र शक्ति दिनुहुन्छ।

- प्रभु येशूले पश्चातापी पापीहरुसित भोजन गर्नु भयो औ तिनीहरुमाथि परमेश्वरको अनुग्रह ल्याउनुभयो (मर्कूस 2:13–17)।
- मण्डली–शरिरमा, प्रेममा एकार्काको सेवा गर्न, हामी अन्यहरुका वरदानहरुसित मिलीजुलि आत्मिक वरदानहरुको प्रयोग गर्छौं (1 कोरन्थी 12:14–31)।
- पावलले आफ्ना सिकारुहरुलाई अन्य अगुवाहरु छान्न र प्रशिक्षण दिन र प्रशिक्षण प्रक्रिया जारी रहोस् भने बढ़दै जाओस (तितस 1:5, 2 तिमोथी 2:2)।

**हाम्रो प्रतिक्रिया :** परमेश्वरको कामको लागि, हाम्रा मानिसहरुलाई प्रेरित गर्न, विश्वाससहित योजना बनाउनुहोस्।

- महान आज्ञा र नयाँ कर्मीहरुलाई आवश्यकता परेका ठाउँमा पठाउनु (प्रेरित 13:1–3, तितस 1:5)।

## प्रभु येशू यस संसारमा हुनुहुँदा भएका घटनाहरु

**प्रभु येशूको जीवन** (सम्बन्धित : प्रेरितहरु चुनिएका, यरुशलेममा प्रवेश, क्रूस, पुनरुत्थान, स्वर्गारोहण)।

- प्रभू येशूको जन्म : मत्ती 1–2, लूका 2।
- प्रभू येशूको बप्तिस्मा : मत्ती 3।
- प्रभू येशूको शैतानबाट परिक्षित हुनुभयो : मत्ती 4।
- प्रभु येशूले चार जना चेलाहरुलाई बोलाउनुभयो, जोहरु पछि प्रेरितहरु बने (मत्ती 4:18–21; 9:9–13; यूहन्ना 1:35–15; मर्कूस 3:13–19)।
- प्रभु येशूको रूप परिवर्तन (मत्ती 17)।
- यरुशलेममा येशूको प्रवेश (खजूरको चाड़) मत्ती 2।
- पवित्र आत्माको शक्तिमा पश्चाताप र क्षमादानको घोषणा गर्दै, सारा मानिसहरुलाई चेला बनाउनलाई प्रभु येशूको महान आज्ञा (मत्ती 28:18–20; मर्कूस 16:15–16; लूका 24:46–48; यूहन्ना 20:21–23; प्रेरित 1:8)।
- प्रभु येशूको स्वर्गारोहण (लूका 24:50–53)।

**महिमामा प्रभु येशूको स्वर्गारोहण पछिका घटनाहरु पेन्तिकोसको दिन पवित्र आत्मा आउनुभयो** (सम्बन्धित : स्तीफनस, पेन्तिकोस, मण्डली परिषद्, मिशनेरी झुण्ड, न्याय)।

**पावल–तिमोथी थप अध्ययन–बाइबल, बी. 3 एफ.**

- पेन्तिकोसको दिन यहूदी विश्वासीहरुमाथि पवित्र आत्मा आउनुभयो : प्रेरित 2।
- स्तीफनसले प्रभु येशूको शत्रुहरुलाई तिनीहरुका पुर्खाहरुले पहिलैदेखि परमेश्वरको कुरालाई नमानेको कुरा पुरानो नियमबाट देखाउँदा, उसलाई तिनीहरुले ढुंगाहरु हानेर मारे (प्रेरित 7)।
- पहिलो अन्यजाति विश्वासी मण्डली, अन्यजाति विश्वासीहरुले पनि पवित्र आत्मा पाए (प्रेरित 10)।
- पहिलो मिशनेरी झुण्ड (प्रेरित 13–14)। पहिलो अन्तर मण्डली परिषद (प्रेरित 15)।
- अन्तिम न्याय : प्रकाश 20:11–15।
- प्रभु येशूले प्रभु भोज स्थापित गर्नुभयो (मत्ती 26:26–29)।
- गेतसमनीको बगैचामा प्रभु येशूको कष्ट र पक्राउ (मत्ती 26:36–56)।
- अनेक अधिकारीहरुसामु प्रभु येशूको मुद्दा (मर्कूस 14:55–64; यूहन्ना 18:28–40; 19:1–6)।
- प्रभु येशूलाई गाड़ेको (यूहन्ना 19:38–42)।
- प्रभु येशूको पुनरुत्थान र प्रकटीकरण : मत्ती 28; यूहन्ना 20–21)।

# मोशा र पुरानो नियमको व्यवस्था

## पाँचवटा पुस्तक भाग 3 प्रस्थान परमेश्वरको व्यवस्था

नानीहरुलाई सिकाउनेहरुले पी2बी3 अध्ययन गर्नपर्छ।

**प्रार्थना:** 'प्राचिन इस्राएललाई तपाईले दिनुभएका आज्ञाहरुको वर्तमान उद्देश्य के हो बुझ्न हामीलाई मदत गर्नुहोस्।

**1 तपाईको मनमष्तिस्क परमेश्वरको वचनले तयार गर्नुहोस्।**

**प्रस्थान 19** मा हेर्नुहोस परमेश्वरले उहाँका दश आज्ञा पाउन मानिसहरुलाई कसरी तयार गर्नुभयो। जुन आज्ञाहरु पुरानो नियमको व्यवस्थाको मुटु र घड़ेरी थिए।



**स्पेस फोर पिक्चर**

**दश आज्ञाहरु (संक्षिप्तमा)**

**मबाहेक अन्य देव देवता नमान्नु**

**कुनै मूर्ति नपुज्नु**

**परमेश्वरको नाउँ व्यर्थमा नलिनु**

**सातौं दिन विश्रामबार मान्नु**

**आफ्ना आमा बाबुको आदर गर्नु**

**हत्या नगर्नु**

**चोरीनगर्नु**

**झूटो गवाही नदिनु**

**अन्य मानिसहरुको कुनै थोकको लालच नगर्नु**

**प्रस्थान 20:1-17** मा विस्तृतरुपमा दश आज्ञाहरु पढ्नुहोस् र यी आज्ञाहरुलाई पुरानो नियमको व्यवस्था अथवा करार पनि भनिन्छ।

दश आज्ञाहरुबारे ऐतिहासिक तथ्यहरु।

- परमेश्वरले अचम्म तरिकाले इस्राइलीहरुलाई लाल समुद्र दुई भाग गरि, मिश्रको दासत्वबाट छुट्टाएर ल्याउनुभएपछि तिनीहरुलाई दश आज्ञाहरु दिनुभयो। यस महान आश्चर्यकर्मको कारण तिनीहरुले परमेश्वरको आज्ञा मान्नुपर्नेथियो (प्रस्थान 20:2)।
- प्राचिन व्यवस्थामा यी दश मौलिक आज्ञाहरु लगायत 612 व्यवस्था सामेल छन्। परमेश्वरले यी व्यवस्थामध्ये

धेरै उहाँका मानिसहरुले पालन अब गर्नपर्दैन, जस्तो केवल यरूशलेममा मात्र आराधना गर्नुपर्ने, विश्रामको दिनमा काम गर्नेलाई दण्ड दिइने, सबाथ वर्षहरुको बेला जमिनमा खेती नगर्ने, पशुहरु बलि चढ़ाउने इत्यादि व्यवस्था। पुराना नियमका केहि व्यवस्थाहरु मात्र, नयाँ नियममा आवश्यक गरिएका छन्। दुवै नियमको मौलिक व्यवस्था हो, प्रेमको व्यवस्था (व्यवस्था 6:4-5)। पावल प्रेरितले विशेष दिनहरु पालन गर्न र कतिवटा खानेकुराहरु मात्र खानपर्छ भन्ने विश्वासीहरुलाई हकारे (गलाती 3:1-3; 4:9:11, कलस्सी 2:16-17)।

- मोशाले तिनका ससुरा यित्रोको सल्लाह माने औ परमेश्वरका जनलाई न्याय गर्न योग्य मानिसहरुलाई न्याय गर्न नियुक्त गरे (प्रस्थान 18:24-25)। यी बूढ़ाप्रधानहरुले परमेश्वरको व्यवस्था जान्न पर्थ्यो (प्रस्थान 19:7)। एक समय इस्राएलीहरु मिश्रबाट निक्लेर आएपछि एउटा पर्वतनेर, पछि यसलाई सीनै पर्वत भनियो, तिनीहरुले आफ्ना पाल टाँगे। परमेश्वरले तिनीहरुलाई त्यस पर्वतमा नचढ़नु, भन्नुभयो नत्र तिनीहरु मर्नेछन् (प्रस्थान 19:2-5)। केवल मोशालाई त्याहाँ जाने अनुमति थियो। त्यस पर्वतमा गड़याड़गुडुङ्ग, बिजुली र बाक्लो बादलसहित आउनुभयो र पर्वत जोरले थरथरायो (प्रस्थान 19:16-20)। परमेश्वरले मोशालाई त्यहाँ ढुङ्गाका पाटीहरुमा दश आज्ञा दिनुभयो (प्रस्थान 24:12)।

- नयाँ नियममा यी दश आज्ञामध्ये विश्वासीहरुले गर्नपर्ने नौवटा आज्ञाहरु दोहोराईका छन्। नयाँ नियममा विश्वासीहरुले साताको अन्तिम अर्थात सातौं दिनलाई, विक्षामको दिन छुट्टाउनु पर्नेछैन्। शुरू शुरुका केहि ईसाईहरु साताको पहिलो दिन भेट हुने गर्थे (प्रेरित 20:7)। परमेश्वरले अर्को विश्राम (सबाथ) दिन छुट्टाउनु भएको होइन। वास्तवमा उहाँले कस्तो प्रकारको विश्राम आफ्ना जनलाई प्रबन्ध गर्न चाहनुहुन्छ सो बारेमा आफ्नो प्रतिज्ञा परिवर्तन गर्नुभएको हो (हिब्रू 4:3-12)। कतिपय मण्डलीले अझ पनि सबाथमा पूर्ण विश्राम अर्थात आराम चाहन्छन्।

- पुरानो करारअनुसार सातौं दिनमा विश्राम आवश्यक थियो, जस्तै पुरानो नियमका व्यवस्थाहरु, पुरानो, अस्थायी एवं भौतिक सृष्टितर्फ केन्द्रित थिए कारण सारा पृथ्वी सृष्टि गर्नुभएपछि, परमेश्वरले सातौ दिनमा विश्राम लिनुभयो (प्रस्थान 20:11)।

- साताको पहिलो दिन, जुन् दिन प्रभु येशू बिउँतनुभयो र यस दिनले नयाँ नियमको नयाँ दिन, आत्मिक सृष्टिको दिनमाथि केन्द्रित गर्दछ। र यो पुरानोको साटो हो। ईसाईहरु यस नयाँ, अनन्तकालको सृष्टिको हिस्सा हुन्, जब उनीहरु पवित्र आत्माद्वारा नयाँगरि जन्मन्छन् (यर्मिया 31:31-34; 2 कोरिन्थ 5:17)।

- परमेश्वरले पुरानो नियमको ठाउँमा अनुग्रहको नयाँ नियमको करार स्थापित गर्नुभएको छ। प्रभु येशूले उहाँको रगतद्वारा नयाँ करार स्थापित गर्नुभएपछि, नयाँ नियमले विश्वासीहरुले पालन गर्नुपर्ने नयाँ प्रकारको व्यवस्था अर्थात आज्ञा प्रगट गर्दछ। यसलाई स्वतंत्रताको व्यवस्था (याकूब 1:25), विश्वास को व्यवस्था (रोमी 3:27-28), प्रेमको व्यवस्था (गलाती 5:14) अनि आत्माको व्यवस्था (रोमी 8:2-4) भनिएको छ। अझ महिमित एवं अनन्तको 'आत्माको सेवाकाई', पुरानो व्यवस्था मृत्युको सेवाकाईको, जो बितरे गयो, साटो हो (1 कोरन्थी 3:7-11)।

- पुरानो नियमको व्यवस्थाले मृत्यु ल्यायो कारण कसैले पनि यसमा सामेल सारा आज्ञाहरु पालन गर्नसकिंदैन् थियो। यसको उद्देश्य तीन प्रकारका थिए।

  (1) पुरानो नियमले प्राचिन इस्राएलको निम्ति नागरिक एवं सैनिक नियमहरु निर्धारित गर्‍यो। यसैले कि बूढ़ाप्रधानहरुले बुद्धिमानपूर्ण तरिकाले न्याय गर्न सकून।

  (2) यसले पापको ज्ञान ल्यायो (रोमी 3:19-20)।

  (3) यो, हुन आउने असल कुराहरुको र ख्रीष्टतर्फ, जसले हाम्रो मृत्युको ज्याला अर्थात लेख-पत्रलाई झिकेर

क्रूसमा कीला ठोकिदिनुभयो, डोरयाउने एउटा 'जिम्मावाल' वा 'छाँया' को रूप मात्र हो (गलाती 3:24; कलस्सी 2:14-17)।

**प्रस्थान32** पढ्नुहोस् मोशालाई परमेश्वरले दश आज्ञाहरुको विवरण। **हेर्नुहोस् :**

- परमेश्वर किन इस्राएलीहरुसित क्रोधित हुनुभयो।
- मूर्तिपूजकहरुलाई नष्ट गर्नबारे परमेश्वरले आफ्नो हृदय किन परिवर्तन गर्नुभयो।
- मोशाले आफ्नो रीसले पाटीहरुलाई के गरे?

**2. आउँदो साता, एकार्कालाई सहायता गर्न, विश्वासीहरुले के गर्नेछन् योजना बनाउनुहोस् तर 'व्यवस्थाको पत्र' द्वारा होइन तर 'पवित्र आत्मा' द्वाराको अगुवाईमा।**

यदि कुनै विश्वासीलाई पुरानो नियमका व्यवस्थाहरुबारे भ्रमहरु छन् भने, भेटघाट गर्न जानु होस् र यस अध्ययनबारे बुझाउनु होस्। बताउनुहोस् अब ईसाईहरु अनुग्रहको नयाँ नियममनि बाँच्छन्। ईसाई जीवनका सूक्ष्म वृतान्तहरु लिखित व्यवस्थाद्वारा नियंत्रित छैनन्। पवित्र आत्माले स्वतंत्रताको व्यवस्थाद्वारा जस्तै हामी प्रेमको व्यवस्था पालन गर्छौं, ईसाईहरुलाई डोरयाउनुहुन्छ।

यदि विश्वासीहरु पुरानो नियमको व्यवस्थाहरु पालन गर्न बाध्य बन्छन भने, यी बन्धनबाट उनीहरु मुक्त होऊन् भनि प्रार्थना गर्नुहोस् रोमी 6:14 'किनकि पापले तिमीहरुमाथि राज्य गर्नेछैन्, किनभने तिमीहरु व्यवस्थाको अधीनमा होइन, तर अनुग्रहको अधीनमा छौ, कण्डस्थ गर्न उनीहरुलाई मदत गनुहोस्।

विश्वासीहरु प्रेममा प्रभु येशूका आज्ञाहरु पालन गर्नुको साटो, अझ पनि उनीहरु पुरानै व्यवस्थाहरु पालन गर्न चाहन्छन् भने, पढ़ेर सुनाउनुहोस् कलस्सी 2:16-17, 'यसकारण कुनै मानिसले तिमीहरुलाई खानामा अथवा पिउनमा, या पर्वको दिन, वा औसी, कि विश्रामको दिन मान्ने विषयमा इन्साफ गर्न नपाओस्, यी चाहीं आउने कुराको छाँया हुन्, तर मूल कुरो चाहीं ख्रीष्ट हो।'

**3. आउँदो आराधनाको लागि कार्यक्रमहरु आफ्ना सहकर्मीहरुसित मिलेर बनाउनुहोस्।**

वर्तमान आवश्यकता एवं स्थानीय चलनहरुसित सुहाउँदो कार्यक्रमहरु चुन्नुहोस्।

**भन्नुहोस्,** परमेश्वरले इस्राएलीहरुलाई दश आज्ञा दिनुभयो र मोशाले पाप गर्नेहरुलाई क्षमा गरिदिऊन् भनि परमेश्वरसित कसरी विन्ती गरे।

**बुझाउनुहोस्,** पुरानो नियमका व्यवस्थाहरु (पहिलो भाग, माथि दिइएको) बारे ऐतिहासिक तथ्यहरु।

**नानीहरुले** तिनीहरुद्वारा तयार नाटक, कविता तथा प्रश्नहरु **प्रस्तुत गरुन्।**

पुरानो नियमसितै अल्लमल्ल परेकाहरुसित भेटघाट गर्ने योजनाहरु, जो तपाईंले आफ्ना सहकर्मीहरुसित बनाउनुभएको छ, **बुझाउनुहोस्।**

**प्रभुभोजको शुरुवात गर्न**, कलस्सी 2:13-14 पढ्नुहोस्। प्रभु येशूको रगतद्वारा हामी मृत्युको व्यवस्थाको श्रापबाट स्वतन्त्र पारिएका छौं औ प्रभु भोजले उहाँको रगतको बलिदानको सम्झना गराउँदछ।

दुई वा तीन जनाका समूहमा प्रार्थना गर्नुहोस् र एकार्कालाई मदत गर्नुहोस्। नयाँ नियमका विश्वासीहरुलाई उप्रान्त अनावश्यक पुनानो नियमको व्यवस्थाहरु पालन गरिरहनेहरुलाई मदत गर्नलाई तयार योजनाहरु पक्का गर्नुहोस्।

# उत्पत्तिमा भएका उल्लेख मौलिक सत्यताहरु

**नानीहरुलाई सिकाउनेले पि 2 बि 1 पढ्नपर्छ।**

तपाईंले यो अध्ययन तुरन्तै गर्नसक्नु हुन्छ अथवा धेरै साताहरुसम्म प्रत्येक साता गरि, एक वा दुई पुर्खाबारे अध्ययन गर्नुहोस्।

**प्रार्थना :** ''प्रभु, मानिसहरुले कसरी अनन्तको सत्यताबारे बुझ्नु, पुर्खाहरुबाट सिक्न हामीलाई सहायता गर्नुहोस्।''

(क) आदमले पाप गरयो जब शैतानले उसलाई परिक्षा गरयो। उत्पत्ति 1–3 अध्याय।

- मौलिक सत्यता : हरेकले पाप गर्छ कारण आदमले संसारमा पाप र मृत्युल्यायो–उसले पाप गरेर। रोमी 5:12–21।
- यी प्रश्नहरुबारे तर्क गर्नुहोस् : शैतानले हवालाई कस्तो प्रतिज्ञा गरयो, उसलाई कहिले त्यसले परिक्षा गरयो? पाप किन यति आकर्षक हुन्छ?


(**उत्तर :** शैतानले, हवालाई परमेश्वर जस्ते हुनेछ र मर्नेछैन् भन्दै झूट बोल्यो।



(ख) नूहले परमेश्वरको आज्ञा पालन गरे औ जहाज बनाए जसमित्र, उसको परिवार र सबै प्रकारका जीव–जन्तुहरु जलप्रलयमा बाँचे (उत्पत्ति 6–9)।

- **मौलिक सत्यता :** परमेश्वरले पापीहरुलाई दण्ड दिनुहुन्छ तर पश्चाताप गरेर उहाँको आज्ञा मान्नेलाई बचाउनुहुन्छ। प्रभु येशूले नूहको समयमा परमेश्वरको न्यायलाई अन्तिम न्यायसित तुलना गर्नुहुन्छ (मत्ती 24:37–42)।
- **प्रश्नबारे तर्क गर्नुहोस् :** नूहको जहाज सरह प्रभु येशूको पुनरुत्थानले कस प्रकारले हामीलाई जीवन दिन्छ?

(**उत्तर :** ख्रीष्टले नयाँ जीवन दिनुहुन्छ। हामीउहाँको शरिर हौं। हामी उहाँमा छौं जसरी नूह र उसको परिवार जहाजभित्र भएकोले, मृत्यु र दण्डबाट बाँचे)।



**(ग) अब्राहामले** परमेश्वरका प्रतिज्ञाहरुमाथि विश्वास गरे र परमेश्वरले तिनीसित एक ठूलो करार बाँध्नुभयो (उत्पत्ती 12–26)। अब्राहाम झैं, सारा देशका मानिसहरु आशिषित बन्ने छन् यदि परमेश्वरका प्रतिज्ञाहरुमाथि विश्वास गर्छन् भने।

**उत्पत्ति** 12:1–7 मा हेर्नुहोस्–अब्राहमको सन्तानद्वारा सारा देश आशिषित बन्ने परमेश्वरको प्रतिज्ञा।

**उत्पत्ति** 14 अध्यायमा हेर्नुहोस्-अब्राहामले तिनको भतिजो लूतलाई कैदी बनाएर लैजाने पाँचजना अन्यजाति राजाहरुलाई परास्त गरे।

- 15 अध्यायमा हेर्नुहोस् परमेश्वरले आश्चर्य रीतिले उहाँको करार कसरी सुनिश्चित गराउनुभयो।
- 18 अध्यायमा हेर्नुहोस् अब्राहमले लूत र उसको परिवारको निम्ति परमेश्वरसित कसरी प्रार्थना गरे।
- 19 अध्यायमा हेर्नुहोस् परमेश्वरले सदोमका दुष्ट मानिसहरुलाई कसरी नष्ट गर्नुभयो।
- मौलिक सत्यता : परमेश्वरले हामीलाई हाम्रो विश्वासको कारण ग्रहण गर्नुहुन्छ, जसरी उहाँले हाम्रा आत्मिक पितालाई ग्रहण गर्नुभयो (गलाती 3:6-9)।

**यो प्रश्नमाथि तर्फ गर्नुहोस् :** के मानिसहरु तिनीहरुले विश्वास गरेकोले बाँचेका हुन्छन्? अथवा के मुक्ति पाउने लायकका असल कार्यहरुको कारण तिनीहरु बचाईएका हुन्?

(उत्तर : एफिसी 2:8-10 ले बुझाउँछ, परमेश्वरले हाम्रो असल कामहरुको कारणले होइन तर, उहाँको दया र हाम्रो विश्वासको कारण हामीलाई बचाउनुहुन्छ। असल काम हाम्रो विश्वासद्वारा आउनेछन्)।

**(घ) इसहाक,** अब्राहाम र साराका प्रतिज्ञाको छोरा थिए। आश्चर्यरीतिले अब्राहाम र साराले छोरा जन्माए कारण सारा बाँझी थिईन् उत्पत्ति 21-28। 22 अध्यायमा परमेश्वरले अब्राहामलाई इसहाकको बलि चढ़ाउनुभन्नुभयो। उहाँले तिनलाई जाँच गर्दै हुनुहुन्थ्यो। परमेश्वरले अब्राहामलाई इसहाक तिनको उत्तराधिकारी हुनेछन् भन्ने प्रतिज्ञा गर्नुभयो जसद्वारा परमेश्वरले एकदिन उहाँको प्रतिज्ञा पूरा गर्नुहुनेछ।

24 अध्यायमा कसरी अब्राहामको दास इसहाकको निम्ति पत्नी खोज्न गए-एउटी स्त्री जसले एकमात्र परमेश्वरमाथि विश्वास गर्थिन्, **खोज्नुहोस्।**

- **मौलिक सत्यता :** परमेश्वरले सदैव उहाँका प्रतिज्ञाहरु पूरा गर्नुहुन्छ, यद्धपि कति जनाले यसमा शंका गर्छन् भने पनि। प्रतिज्ञाको उत्तराधिकारीको प्रतिक्षा गर्दागर्दा थकित भएर अब्राहामले परमेश्वरको प्रतिज्ञा तिनको आफ्नै प्रयत्नहरुमा पूरा गर्नखोजे। फलस्वरूप अरब देशको एकपुर्खाबाट इशमाइलको जन्म भयो र जसबाट पछि इसलामको शुरुवात भयो तथा झूटो विश्वास हाम्रा आफ्नै प्रयत्नहरुमा मानिसहरु बाँच्न सक्छन्, भन्ने विश्वास (गलाती 4:21-31)।

- **यो प्रश्नहरुमाथि चर्चा गर्नुहोस्**

परमेश्वरले कसरी अब्राहामको विश्वासको जाँच गर्नुभयो?

(परमेश्वरले अब्राहामलाई तिनको छोरा बलि चढ़ाउन भन्नुभयो। अब्राहाम यसो गर्न पनि तयार रहेको देख्नुभएर परमेश्वरले एउटा थुमा प्रबन्ध गरिदिनुभयो (हिब्रू 11:17-19 ले बताउँछ, अब्राहामले इसहाकलाई मृत्युबाट परमेश्वरले बिउँताउनुहुनेछ भनि विश्वास गरे)।

कस्तो प्रकारले थुमाले (भेड़ाको पाठो) ख्रीष्टबारे एउटा चित्र अथवा अगमवाणी जस्तो दर्शाउँछ?

(थुमा एक निर्दोष बलि थियो जसको रगतअर्को व्यक्तिलाई बचाउनका लागि बहाईनुथियो। यो पुरानो नियमका मानिसहरु र घटनाहरुझैं, प्रभु येशू ख्रीष्ट संसारमा आउनभन्दा पहिले, ख्रीष्टको चित्र हो)।



**(ङ) याकूबले** परमेश्वरको आशिष खोजे। परमेश्वरले याकूबको नाउँ परिवर्तन गर्नुभएर इस्राएल राख्नुभयो। तिनका बाह्र छोराहरु इस्राएलका बाह्र कुलहरु भए (उत्पत्ति 25-49)।

उत्पत्ति 25:21-34 औ उत्पत्ति 27 अध्यायमा हेर्नुहोस्, याकूबले आफ्नो जेठो दाज्यू एसावलाई तिनको जन्माधिकार पाउन कसरी छल गरे। जुन् अधिकार अनुसार उत्तराधिकारको दोबर भाग निश्चित थियो, व्यवस्था 21:15-17 अनुसार आवश्यक।

- **मौलिक सत्यता :** परमेश्वरको अनुग्रह र न्यानो क्षमादान हाम्रो असल कामहरुमा निर्भर गर्दैन्। याकूबले परमेश्वरको आशिष छल गरेर भस्ता पनि पाए (रोमी 9:1-16 ले बताउँछ)।

- **यो प्रश्नबारे चर्चा गर्नुहोस् :** याकूबले कस्तो नराम्रो काम र कस्तो असल काम गरे?

(**उत्तर :** याकूबले इसावको जन्माधिकार खोस्न, इसावको भोकको फाइदा उठाए, जुन् अधिकार जेठो छोराको थियो र जसमा उत्तराधिकारको दोबर भाग निश्चित थियो। याकूबले असल काम पनि गरे, तिनले परमेश्वरलाई पूर्णभक्तिले आराधना चढ़ाए र प्यारो दुलही राहेल प्राप्त गर्नका लागि कयौं वर्ष काम गरे)।

**(ख) यूसुफका** ईर्षालू दाज्यूहरुले तिनलाई एउटा दासको रूपमा बेचिदिए (उत्पत्ति 37-50 अध्याय)। तिनका दाज्यूहरुले तिनलाई बेचेपछि, आफ्ना पितालाई भने, यूसुफलाई जंगली जानवरहरुले मारे। युसुफमाथि झूटो दोष लागियो र तिनी झ्यालखानामा परे (उत्पत्ति 39 अध्याय)। पछि, परमेश्वरले यूसुफलाई मिश्रदेशमा शक्तिशाली तुल्याउनुभयो कारण तिनी परमेश्वरसितै हिंड़े (उत्पत्ति 40-41 अध्याय)। त्यसपछि, यूसुफले अनिकालको बेला तिनका दाज्यूहरु तथा तिनीहरुका परिवारहरुलाई बचाए (उत्पत्ति 42-45 अध्याय)।

- **मौलिक सत्यता :** परमेश्वरले आफ्ना मानिसहरुलाई तिनीहरुको एउटा उद्धारकर्त्ता-तिनीहरुकै एउटा सन्तानद्वारा बचाउनुभयो। ख्रीष्ट हाम्रो मुक्तिको कर्त्ता हुनुहुन्छ, एक पापरहित निष्कलंक मानिस-हामीलाई बचाउन जसले मृत्यु भोग्नुभयो (हिब्रू 2:10-18)।

- **यो प्रश्नमाथि चर्चा गर्नुहोस् :** कस्तो प्रकारले यूसुफको जीवन, ख्रीष्टको जीवनसित मेल खान्छ?

[यूसुफ इस्राएलका (याकूब) मूल सन्तानहरुमध्ये एक थिए, जसलाई ईर्ष्याले दाज्यूहरुले तिरस्कार गरेथे। तिनका पिताले खूबै माया गर्थे। तिनी आज्ञाकारी थिए। तिनी आफ्नै मानिसहरुद्वारा बेचिए (जसरी ख्रीष्ट येशूलाई यहूदाले बेचे)। तिनी मिश्र लगिए। तिनीमाथि झूटो आरोप लागियो र झ्यालखाना परे। तिनी राजाको दाहिने हातमा एक शक्तिशाली पदमा पुगे। त्यसै शक्तिशाली पदमा तिनले आफ्ना दाज्यूहरुलाई बचाए, जसहरुले तिनलाई तिरस्कार गरेका थिए। एउटा भव्य भोजको बेला महिमित तरिकाले तिनले आफूलाई प्रकट गरे)।



**2. आउँदो सातामा के गर्ने, त्यसबारे आफ्ना सहकर्मीहरु र विश्वासीहरुसित योजना बनाउनुहोस्।**

दुई वा तीनजनाकोझुण्ड तयार गरेर तिनीहरुको मित्रहरु र सन्तानहरुलाई भेट्ने योजना बनाउनुहोस् जुन् मित्रहरु र सन्तानहरुले अझसम्म ख्रीष्ट येशूलाई चिनेका छैनन्। पुर्खाहरुबारेका कथाहरु बताउन तिनीहरुलाई मदत गर्नुहोस्।

**3. तिनीहरुको आउँदो आराधनाको समयबारे आफ्नो सहकर्मीहरुसित योजना बनाउनुहोस्।**

पितापुर्खाहरुको इतिहास, तपाईको मण्डलीलाई बताउनुहोस्। माथि संक्षिप्तमा बताईएको एकजना वा बढ़ि पिता–पुर्खाको कथा चुन्नु होस् र मण्डलीमा बताउनुहोस्।

'मौलिक सत्यताबारे' **बुझाउनुहोस्।** पिता–पुर्खाहरुबारे (माथि दिइएका)।

माथि दिइएका चर्चाका प्रश्नहरु **सोध्नुहोस्।** मानिसहरुको विचार व्यक्त नमईञ्जेल, उत्तर न बताउनुहोस्। उत्पत्ति 15:6 **कण्डस्थ** पार्नुहोस्।

नानीहरुले तिनीहरुद्वारा तयार कार्यक्रम प्रस्तुत गरुन्।

प्रभु भोजको शुरुवात गर्न, यूसुफले तिनलाई बेच्ने दाज्यूहरुको निम्ति दिएको भोजबारे बुझाउनुहोस्। तिनीहरुले यूसुफलाई चिनेनन्। तिनले उनीहरुलाई माफ गरिदिए औ आफूलाई प्रकट गरिदिए। हामी पनि महिमामा प्रभु येशूसित भोज गर्नेछौं र उहाँलाई प्रत्यक्षरूपमा देख्नेछौं।

## परमेश्वरले उहाँका जनलाई पाठपढ़ाउनका लागि

### यशैयालाई तयार पार्नुभयो, यशैया एक अगमवक्ता थिए, जसले स्वर्ग देखे।

**प्रार्थना:** ''हे परमप्रभु, यशैया अगमवक्ताले झैं हामीले पनि तपाईंका वैभव र पवित्रता देख्नसकौं, तपाईंको सामु नम्र बन्न सकौं, तपाईंको पवित्रता ग्रहण गर्न र तपाईंको सेवा गर्नसकौं।

नानीहरुको उमेर र आवश्यकता सित सुहाउँदो यी कार्यक्रमहरुमध्ये कुनै एक छान्नुहोस्।

यशैया 6:1-8 मा परमेश्वरले यशैयालाई स्वर्ग हेर्न दिनुभयो र उनलाई उहाँका पुरानो इस्राएलका जातिहरुलाई परमेश्वरको वचन बुझाउन पठाउनुभयो। यस कथालाई पढ़नुहोस् वा याद गरेर भन्नुहोस्।

यी प्रश्नहरु सोध्नुहोस् (उत्तरहरु प्रश्नहरुकै पछाड़ि छन्)।

- यशैयाले परमप्रभुलाई कहाँ देखे? (पद 1)
- परमप्रभु मास्तिर के उड़दैं थिए? (पद 3 सराफहरु (स्वर्गदूतहरु)
- सराफहरुले के भन्दै कराउँदै थिए? (पद 3)।
- स्वर्गदूतहरुले स्तुति गर्दा, मन्दिर (भवन) के भयो (पद 4)।
- यो देखेपछि यशैयाले कस्तो अनुभव गरे? (पद 5)।



- यशैया किन डराए? (पद 5)
- यशैयाका ओंठहरु कसरी शुद्ध पारिए? (पद 6-7)।
- स्वर्गदूतले यशैयालाई के भने? (पद 7)
- परमेश्वरले गर्नुभएको प्रश्न यशैयाले सुनेपछि, उनले कस्तो प्रश्न गरे? (पद 8)
- के परमेश्वरले हामीलाई पनि हाम्रा पापहरुबाट शुद्ध गर्न र क्षमा गर्न खाँचो छ जसरी, उहाँले यशैयालाई गर्नुभयो।

**बाल-बालिकाको अध्ययन**

- परमेश्वरले उहाँबारे मानिसहरुलाई बताउन, कसलाई पाठाउन सक्नुहुन्छ भनि यदि सोध्नुभयो भने, हामीले कस्तो

जवाफ दिनपर्छ।

परमेश्वरले यशैयालाई उहाँको वचन (यशैया 6:1-8) बुझाउन कसरी तयार गर्नुभयो सो बारे नाटक गर्नुहोस्।

- यस छोटो नाटक प्रस्तुतिको लागि, आराधना अगुवासित व्यवस्था मिलाउनुहोस्।
- नानीहरुले यो नाटक प्रस्तुत गर्न, तपाईको पढ़ाउने समय प्रयोग गर्नुहोस्।
- सम्पूर्ण भागहरु गर्न जरूरी छैन्।
- ससानाहरुलाई ठूल-ठूला नानीहरुले सघाऊन्।
- यशैया, परमेश्वरको आवाज र कथकहरुको भूमिका ठूल-ठूला नानीहरु तथा जवानहरुले गरुन्। कथकले कथालाई छोटो पारेर, नानीहरुलाई भन्न र गर्न लगाऊन्।
- ससानाहरुले सराफहरुको (स्वर्गदूत) भूमिका गरुन्। एउटा रातो र तातो कोइला बुझाउन, केहि तयार गरुन्।

**भाग-1**

**कथक :** यशैया 6:1-7 देखि कथाको भाग भन्नुहोस् र भन्नुहोस्, ''सुन्नुहोस् यशैयाले के भन्छन्।''

**यशैया :** आँखा हातले छोपेर जोड़ले भन्नुहोस्, ''मैले परमप्रभुलाई उहाँको भवनमा देखें। उहाँको महिमा चारैतिर छ।''

ठूल-ठूला सराफहरु उहाँको सिंहसानमास्तिर उड़दैछन्। भवन हल्लिन्दैछ र धुँवाले भरिन्दैछ। म यो देखेर डराउँदैछु कारण म अति अधर्मी छ।''

**कथक :** ''सुन्नुहोस् ठूलठूला स्वर्गदूतहरुले गाएको।''

**स्वर्गदूत (बालक) :** गीत गाउनुहोस् जोड़ले, ''पवित्र, पवित्र, सेनाहरुका परमप्रभु पवित्र।''

**स्वर्गदूतहरु (बालिकाहरु) :** ''सारा पृथ्वी उहाँको महिमाले भरिपूर्ण छ।''

(तपाईंले नानीहरुलाई परमेश्वरको पवित्रबारे एउटा गीत गाउन तयार गर्न सक्नुहुन्छ)।

**यशैया :** ''परमप्रभु, म अशुद्ध छु। मेरा मानिसहरु अधर्मी छन्। म तपाईंको उपस्थीतिमा बस्न सक्दिनँ।''

**एउटा स्वर्गदूत :** कोइला बोकेर यशैया कहाँ उड़दैगएको जस्तो गर्नुहोस्। उसको मुख कोइलाले छुनुहोस्। र जोड़ले भन्नुहोस्, ''परमेश्वरले तिमीलाई क्षमा गर्नुहुन्छ। उहाँले तिमीलाई तिम्रो पापबाट शुद्ध पार्नुभएको छ। अब सबै अधर्महरु मेटिएका छन्।''

**भाग-2**

**कथक :** पद 8 बाट दोस्रो भाग भन्नुहोस्। र भन्नुहोस्, ''सुन्नुहोस् परमप्रभु के भन्नुहुन्छ।''

**परमेश्वरको आवाज :** ''मलाई एउटा संदेशवाहकको खाँचो छ। मेरा जातिलाई सिकाउन को जाने?''

**यशैया :** ''परमप्रभु, म हाजिर छु। मलाई पठाउनुहोस्।

**कथक :** नाटकमा सघाउने सबैलाई धन्यवाद दिनुहोस्।

**प्रश्नहरु :** ठूल-ठूलाहरुसमक्ष नानीहरुले यो नाटक गरे, तिनीहरुले नै उनीहरुलाई माथिका प्रश्नहरु सोधून।

**प्रदर्शन :** पेन्सिल, पेपर माचिसहरु तयार राख्नुहोस्। नानीहरुलाई सोध्नुहोस्।

- हामीलाई कुन् थोकहरुले परमेश्वरको सामु अशुद्ध तुल्याउँछन्? नानीहरुले भनेका कुराहरु पेपरमा लेख्नुहोस्।
- हामी कसरी हाम्रो पापदेखि छुटकारा पाउँछौं? परमेश्वरले हाम्रा पापहरु लिनुहुन्छ, बुझाउनुहोस्।

**सोध्नुहोस् :** स्वर्गमा स्वर्गदूतहरुले झैं, हामीले पनि परमेश्वरको पवित्रता एवं वैभवको निम्ति उहाँलाई प्रशंसा गर्न कुन् कुन् गीत गाउनेगर्छौं? (नानीहरुले बताऊन् र गाऊन)।

बल्दै गरेको भुंग्रोको **चित्र बनाउनुहोस्।** नानीहरुले ठूला-ठूलाहरुलाई प्रदर्शन गरुन् र बुझाऊन् कि यी चित्रहरुले परमेश्वर कति पवित्र अनि धर्मी हुनुहुन्छ दर्शाउँछन् र उहाँले हाम्रा पापहरुबाट हामीलाई शुद्ध गर्नुहुन्छ जसरी, भुँग्रो अर्थात् कोइलाले सूनलाई खराउँछ।



भजन 51:10 कण्ठस्थ पार्नुहोस्।

**कविता :** तीनजना नानीहरु प्रत्येकले भजन 63:1-3 बाट एक एक पद मुखाग्र पाठ गरुन्।

हे परमेश्वर तपाई मेरा परमेश्वर हुनुहुन्छ, म तपाईंलाईं बिहानै खोज्नेछु, पानी नभएको ओबानो र बाँझो जमीनमा मेरा प्राण तपाईंको निम्ति तिर्खाउँछ, मेरो शरीरले तपाईंको अभिलाषा गर्छ। तपाईंको शक्ति र महिमा देख्नालाई मैंले तपाईंलाई बासस्थानमा हेरें।

किनकि तपाईंको करुणा जीवनभन्दा उत्तम छ, मेरा ओंठले तपाईंको प्रशंसा गर्नेछ।

ठूलठूला नानीहरुले परमेश्वरको पवित्रताबारे एउटा गीत, कविता वा साधारण नाटक लेखून। तिनीहरुले बताऊन्, कसरी स्वर्गदूतहरुले स्वर्गमा परमेश्वरको महिमा गरे, ताकि हामी उहाँको सेवा गर्नसकौं।

**प्रार्थना :** परमप्रभु, यशैया जस्तै हामी पनि तपाईंको पवित्रता तथा तपाईंको महान वैभवको लागि महिमा गर्छौं। महान स्वर्गदूतहरुले तपाईंको आराधना गरे।

हामी पनि उनीहरुसंगसंगै ''पवित्र, पवित्र, पवित्र!'' भन्दै गाउँछौं। तपाईंको पवित्रताले हामी कति अशुद्ध छौं, देखाउँदछ। हामीलाई क्षमा गर्नुहोस् र हामीलाई शुद्ध पार्नुहोस्। प्रभु येशूको नाउँमा तपाईंलाई धन्यवाद।''

# चारवटा सुसमाचारीय पुस्तकहरुले प्रभु येशूबारे गवाही दिन्छन्।

## सुसमाचारका चारवटा पुस्तक कसरी समान छन् र यी माझ के भिन्नता छ बुझ्नुहोस्।

नानीहरुलाई पढ़ाउनेहरुले जि 2 बी. पढ़नपर्छ।

आफैलाई प्रार्थना एवं परमेश्वरको वचनले तयार पार्नुहोस्।

**प्रार्थना :** ''पवित्र बुवा, तपाईंले हामीलाई तपाईंका पुत्र प्रभु येशू बारे गवाही दिनुभएको छ र तपाईंले सुसमाचारका चारवटा पुस्तकहरु दिनुभएको छ। यी पुस्तकहरु जान्न, त्यसअनुसार गर्न अनि अरुलाई सिकाउन, हामीलाई अनुग्रह गर्नुहोस्।''

### 1. पृष्ठभूमि

- पुरानो समयहरुदेखि नै एकजनाको भन्दा कयौंका गवाहीहरुको साक्षी, गहकिलो बन्दै आएको छ। मोशाले दिएको विधि अनुसार, एउटा न्यायको फैसला गर्न, दुई वा तीन गवाहीको आवश्यकता पर्थ्यो।
- पवित्र आत्माले हामीलाई प्रभु येशूको जीवन र उहाँका शिक्षाहरुको निम्ति चारवटा गवाही दिनुभएको छ। मत्ती, मर्कूस, लूका र यूहन्ना चार सुसमाचारका लेखक अर्थात् संकलनकर्ताहरु।
- प्रत्येक सुसमाचार लेखक, प्रभु येशू यस संसारमा हुनुहुँदा, उहाँसंगै थिए। तीनजना लेखकले उहाँलाई खूब राम्ररी जान्दथे अनि लूकाले चाहीं उहाँको बारेमा तत्थहरु खोजी निकाले (लूका 1:1–3)। तसर्थ चारवटा सुसमाचारहरु 'प्रत्यक्ष गवाहीहरु' का अति शक्तिशाली विवरण हुन्।
- चारैजनाले प्रभु येशूबारेका समान कुराहरु आ–आफ्ना पुस्तकमा लेखेका छन् भनेदेखि, चारैजनाले एकार्काले भुलेका विषयहरु थपेका छन्। तथापि, सबै एउटै कुरामा सहमत छन् र चारैवटा सुसमाचारले एउटै सत्य कथा तयार पारेका छन्।
- शताब्दी औं पछाड़ि अन्य धर्महरुले प्रभु येशूका कथाहरुलाई बदलाउने प्रयास गरे तर हामीले चारवटा मूल सुसमाचारका पुस्तकलाई विश्वास गर्नुसक्छौं।



17 औं शताब्दीको प्रसिद्ध चित्र

सुसमाचारहरु कहाँबाट आए **हेर्नुहोस् लूका 1:1–4 मा।**

नाउँ कण्डस्थ गर्नुहोस् र यी चारैवटा सुसमाचारका लेखकहरु प्रत्येकका विशेष विशेषता याद गर्नुहोस्।

### मर्कूस

- प्रभु येशूलाई क्रूसमा मारिनु हुँदा, मर्कूस जवान थिए।

- उनी एक यहूदी घरानाका थिए र उनले प्रभु येशूलाई देखे साथै उनले पत्रुसलाई राम्ररी चिन्दथे।
- पछि उनले पावल प्रेरितसित मिलेर सेवाकाई गरे। अन्य लेखकहरुभन्दा सम्भवत: पहिले सुसमाचार लेखे।
- यो सबैभन्दा छोटो सुसमाचार हो र यसमा प्रभु येशूका कार्य एवं क्रियाकलापहरु उल्लेख छन्। रोमका मानिसहरुले शक्तिलाई मान्यता दिन्थे र तिनीहरुले विशेषगरि मर्कूसको सुसमाचार पढ़न रुचाए।

**मत्ती**

- प्रभु येशूले 'मेरोपछि लाग' नभन्नुभएसम्म मत्ती एक गम्भीर यहूदी र कर उठाउने थिए।
- उनले मर्कूसको सुसमाचारका केहिअंशहरु प्रयोग गरि व्यक्तिगतरुपमा थाहा भएका अरु विवरणहरु पनि समावेश गरे।
- प्रभु येशूबारे थुप्रै घटनाहरु एवं वृतान्तहरु उल्लेख गरे औ यहूदीहरुले यो राम्ररी बुझे।

**लूका**

- लूका गैर–यहूदी वैद्य थिए जसले, प्रभु येशूको मृत्यु र पुनरुत्थानपछि उहाँलाई विश्वास गरे।
- उनी, पावलसित यात्रा गरे। पावल यहूदामा झ्यालखाना हुँदा, लूका त्यहाँ गएर प्रभु येशूका गवाहहरुका विवरणहरुको पत्तो लगाए।
- लूकाले प्रभु येशूबारे साथै जसहरुसित उनको भेटघाट भयो उनीहरुबारे, विस्तृतरूपमा लेखे, यो दर्शाउँदै कि उनले त्यी गवाहहरुलाई राम्ररी सुने जसहरुलाई उनले यहूदामा भेटेर बातचीत गरेका थिए।
- लूकाले गैर–यहूदी पाठकहरुकलाई ध्यानमा राख्दै, धेरै ऐतिहासिक एवं चिकित्सासित सम्बद्ध सत्य घटनाहरुलाई सामेल गरे।

**यूहन्ना**

- प्रभु येशूसित भेट नभईञ्जेल, यूहन्ना, बप्तिस्मा दिने यूहन्नाका समयमा थिए। र पछि उनी प्रभु येशूका समर्पित चेलाहरुमध्ये एक बन्न गए।
- यूहन्ना धेरै उमेरसम्म बाँचे। मर्नभन्दाअधि उनले अन्य तीन सुसमाचारहरुमा छोड़िएका कुराहरुको विवरण दिनु, सुसमाचारको पुस्तक लेखे।
- उनले प्रत्येक पृष्ठभूमिका ईसाईहरुले पढ़ेर आनन्द उठाउन प्रभु येशूले गर्नुभएका लामो–लामो कुराकानीहरुको विवरण सामेल गरे।

**2. आउँदो साताका कार्यक्रमहरु आफ्ना सहकर्मीहरुसित मिलेर तयार गर्नुहोस्।**

चारवटा सुसमाचारका लेखकहरु को थिए चर्चा गर्नुहोस् र तिनीहरुका लेखहरुबिचका समानता र भिन्नताबारे कुरा गर्नुहोस्।

- विश्वासी एवं गैर–विश्वासीहरुका घर–घर **जानुहोस्।**
- सबैलाई **बुझाउनुहोस्** प्रभु येशूलाई चिन्न मानिसहरुका सत्य कथाहरु यी चारैवटा पुस्तकहरुले प्रस्तुत गर्छन्।
- गैर–बिश्वासीहरुले पढ्न भन्ने हेतूले कुनै सुसमाचारको एउटा कपि छोड़िराख्नुहोस्।

- सुसमाचारका पुस्तकमध्ये कुनै एक पढ्न एउटा योजना विश्वासीहरुसित छोड़िराखनुहोस्।

**3. आउँदो माण्डलिक आराधना, आफ्ना सहकर्मीहरुसित मिलेर तयार गर्नुहोस्।**

नानीहरुले तिनीहरुद्वारा तयार नाटक र प्रश्नहरु प्रस्तुत गरुन्।

चारैवटा सुसमाचार कसरी सत्य छन् र अन्य धार्मिक ग्रन्थहरुबाट यी धेरै भिन्दा छन्, जुन् ग्रन्थहरुले झूठा ईश्वरहरु वा कसैका सपनाहरुका कथाहरु भन्नेगर्छन्, **बुझाउनुहोस्।**

चार विश्वासीहरुले मत्ती, मर्कूस, लूका र यूहन्ना बनून् र आ–आफ्नो परिचय दिंदै निम्नलिखित तथ्यहरु बुझाऊन् (भाग–1 अन्तर्गत सूचिबद्ध तथ्यहरु)।

**मर्कूस :** ''म मर्कूस हुं। म पावल र बर्णबासति उनीहरुको मिशनेरी यात्रामा गऐं तर म पछि डराएँ र फर्केर आएं। पावलले धेरै दिनसम्म मसित रिसाए तर अन्जानमा क्षमा गरेर मेरो मदत भागे।''

**मत्ती :** म प्रेरित मत्ती हुं। मलाई लेवी पनि भनिन्छ। मैले रोमीहरुबाट कर उठाएँ र यहूदीहरु मसित रिसाए। प्रभु येशूको पछि नलागुञ्जेल, मेरा अति नराम्रा भित्रहरु थिए।''

**लूका :** ''म लूका हूँ र म एक बैद्य हुँ। प्राय: ग्रीकहरु जस्तै म पनि प्रभु येशूको शिक्षा प्रतिबिम्बित् गर्न मन पराउँछु। म पावलका साथ धेरै धेरै मिशनेरी यात्राहरुमा थिएँ। विभिन्न देशका मानिसहरुलाई प्रभु येशूबारे बताउँदा, पवित्र आत्माले मानिसहरुलाई परिवर्तन गर्नुभएको मैंले देखे। मैंले नयाँ मण्डलीहरु भेला भएको देखें।''

**यूहन्ना :** ''म यूहन्ना हुँ, प्रभु येशूको रित्तो चिहानमा पुग्ने पहिलो चेला। शहिद नहुने ममात्र त्यो एक प्रेरित हुँ। परमेश्वरले मलाई, झ्यालखानामा नै भएतापनि दिर्घायु दिनुभयो र प्रभु येशूबाट संदेशहरु लेख्न लगाउनुभयो।''

**प्रभुभोजको** शुरुवात गर्न, मत्ती 27:27–31 पढ्नुहोस्। बुझाउनुहोस् प्रभु येशूको कष्ट हाम्रो पापको ज्याला हो। उहाँले हाम्रो निम्ति कष्ट भोग्नुभयो र मर्नुभयो। प्रभुभोज जब जब खान्छौं, तब तब हामी यो सम्झना गर्छौं।

यूहन्ना 8:31–32 मुखस्त पार्नुहोस्।

7 औं शताब्दीका चित्रहरु (Lindisfarne gospels)


मत्ती


मर्कूस


लूका


यूहन्ना

# प्रभु येशूले उहाँका पहिलो चेलाहरुलाई बोलाउनुभयो

## प्रभु येशूलाई पछ्याउनमा हुने आनन्दबारे नानीहरुलाई सिकाउनुहोस्।

नानीहरुका उमेर एवं आवश्यकताहरुसित मिल्ने कार्यक्रम **छान्नुहोस्।**

**प्रार्थना :** ''हे प्रभु, नानीले सुसमाचारहरुबाट तपाईको जीवनबारे अन्यहरुलाई बताउन तिनीहरुलाई मदत गर्नुहोस्।''

प्रभु येशूले उहाँका चेलाहरुलाई बोलाउनुभएको कथा पढ़ाउन तयार पार्नुहोस् (मत्ती 4:18–22)। यी पदहरुले, कसरी प्रभु येशूले उहाँको सेवाकाई अघाड़ि बढ़ाउन र उहाँबारे सुसमाचार फैलाउन रोज्नुभयो बताउँछन्।

**ठूलठूला नानीहरुले यस कथालाई मुखाग्र पढ़न वा सुनाउन** लगाउनुहोस्। त्यसपछि यी प्रश्नहरु सोध्नुहोस् (प्रश्नपछाड़ि उत्तर छ)।

- प्रभु येशूले बोलाउनभन्दा पूर्व, पत्रुस र अन्द्रियास के गरिरहेका थिए? (पद 18)
- उहाँको पछि लागे, प्रभु येशूले तिनीहरुलाई के बनाउछु भन्नुभयो? (पद 19)
- तिनीहरु कति खेर प्रभु येशूको पछि लागे? (पद 20)
- अन्य दुई जलाहारीहरु को को हुन्? (पद 21)
- जब तिनीहरुले प्रभु येशूलाई तुरन्ते पछयाए तब, तिनीहरुले आफ्नो पछाड़ि के छोड़े? (पद 22)



मत्ती 10:2-4 मा लिखित 12 चेलहरुका नाउँ **मुखाग्र** गर्नुहोस्।

प्रभु येशूले चेलाहरुलाई बोलाउनुभएको कथालाई **नाटकमा** परिवर्तन गर्नुहोस्।

- नानीहरुले नाटक प्रस्तुत गर्नका लागि, मण्डलीका मुख्य आराधना सेवकसित चाँजो मिलाउनुहोस्।
- ठूलठूला नानीहरुले ससानाहरुलाई तयार गर्नमा मदत गरुन्।
- ठूल-ठूला नानीहरु अथवा जवानहरुले प्रभु येशू, सिमोन पत्रुस, अन्द्रियास र कथक का भागहरु खेलून। कथकले कथालाई छोटो पारेर के भन्न वा गर्न पर्ने, नानीहरुलाई सिकाऊन।
- ससानाहरु याकूब, यूहन्ना, तिनीहरुका पिता जब्दी र अन्य जलाहारीहरु बनून। ढुंगाहरु, बल्छी र डोरीहरु बुझाउनलाई, केहि समानहरु ल्याऊन्।

**कथक :** कथा वा यसको भाग भन्नुहोस् र भन्नुहोस्, 'सुन्नुहोस् सिमोनले अन्द्रियाएलाई के भन्छ।'

**सिमोन :** ढुंगाको छेउमा बस्नुहोस् र भन्नुहोस्, 'अन्द्रियास हेर!' उहाँ नासरतको येशू हुनुहुन्छ, रोगीहरु चंगाई गर्ने। तर हामीलाई याद गरिरहनु सक्नुहुन्न कारण अति व्यस्त र खूब असल हुनुहुन्छ।

**अन्द्रियास :** ''हो सिमोन, उहाँ कति असल गुरु हुनुहुन्छ र उहाँलाई हाम्रो किन खाँचो।''

**प्रभु येशू :** ''सिमोन र अन्द्रियास! आऊ, मेरोपछि लाग। तिमीहरुले मानिसहरु पक्रन मलाई मदत गर्नेछौ।''

**सिमोन/अन्द्रियास :** उफ्रनुहोस्, जालहरु भूँईंमा फ्याँक्नुहोस् र प्रभु येशूको पछि लाग्नुहोस्।

**प्रभुयेशू :** ''यूहन्ना र याकूब! तिमीहरु पनि मेरोपछि लाग।''

**यूहन्ना/याकूब :** उफ्रनुहोस् र पछि लग्नुहोस्।

**जब्दी :** ''तिनीहरुले मलाई छाड़ेर गए। आफ्ना पिताले सबै काम गर्न! जे होस् मलाई लाग्छ यो असल कै लागि हो।''

**अन्य जालहारीहरु :** ''नाटक शुरू हुनुभन्दा अधि भूँईंमा बस्नुहोस्। जब जब्दी बोल्छन् तब उठेर यूहन्ना र याकूबलाई औंलाउँदै भन्नुहोस्, 'कस्ता मूर्खहरु,'

'यिनीहरुले त ढुंगाहरु नै छाड़ेर गए।'

'यिनीहरुले त्यस गुरुको पछि लाग्नलाई आफ्नो यति असल काम छोड़दैछन्।'


**कथक :** नाटक सिद्धिएपछि, नाटकमा सघाउने सबैलाई धन्यवाद दिनुहोस्।

**प्रश्नहरु :** ठूलठूलाहरुको निम्ति ससानाहरुले यो कथाको नाटक गर्छन् भने तिनीहरुले नै उनीहरुलाई माथिका प्रश्नहरु गरुन।

एउटा माछाको **चित्र कोर्नुहोस्** र नानीहरुले पनि त्यस्तै गरुन।



- ठूल-ठूलाहरुले एउटा ढुंगाको चित्र बनाउनचाहन्छन्।



आराधनाको बेला नानीहरुले यी चित्रहरु देखाऊन् र बुझाऊन्, यसबाट प्रभु येशूले चेलाहरुलाई, मानिसहरु पक्रने नयाँ काम अह्राउनुभयो भनि बुझिन्छ। प्रभु येशूपछि लाग्न मदत गर्दै विश्वासीहरुले कसरी मानिसहरु पक्रन्छन्, सो बारे अन्य उदाहरणहरु नानीहरुलाई भन्न लगाउनु होस्।

**कविता :** पाँचजना नानीहरुले रोमी 8:35-39 बाट एक एक पद मुखाग्र पढून।

**ठूल-ठूला नानीहरुले** कथामा प्रभु येशूले भन्नुभएका कुराहरु (शब्दहरु) प्रयोग गरेर **कविता वा गीत लेखून।**

यहून्ना 15:16 कण्ठस्थ गर्ने।

**प्रार्थना :** ''हे परमेश्वर पिता, तपाईंका चेलाहरु बन्नका लागि हामीलाई चुन्नुभएकोमा तपाईंलाई धन्यवाद। हामी, तपाईंले भन्नुभए-झै आज्ञाकारी र फलहरु फलाउने बन्न चाहन्छौं। तपाईंलाई तुरन्तै जवाफ दिन र मानिसहरु पक्रन सिक्न सहायता गर्नुहोस्।''

# एक गोठाला राजाले परमेश्वरको निम्ति गीतहरु गाए

बाल–बालिकाहरुका उमेर र खाँचोहरुलाई ध्यानमा राख्दै, कार्यक्रमहरु बनाउनुहोस्।

''हे प्रेमिलो प्रभु, वचनमा भएको कविताको सुन्दरतालाई मन परचाउनमा बाल–बालिकाहरुको मदत गर्नुहोस्। दाउदको गोठालाका भजनहरुद्वारा तिनीहरुलाई न्यानो गर्नलाई मदत गर्नुहोस्।''

कुनै एक ठूलो बाल–बालिका अथवा शिक्षकले गोठालोको भजन (भजनसंग्रह 23) पढून। यस भजनले बताउँछ कि हाम्रो निम्ति परमेश्वरको अचम्भको वास्ताका लागि, दाउदझैं, हाम्रो असल गोठाला प्रभु येशूको कसरी प्रशंसा गर्नसक्छौं।



**प्रश्नहरु** (उत्तरहरु प्रश्नहरुसंगसंगै दिइएको छ)

- जब परमेश्वरले हाम्रो वास्ता गर्नुहुन्छ तब हामीलाई केहिको खाँचो पर्छ? (पद 1 हेर्नोस्)
- उहाँले हामीलाई कस्ता ठाउँहरुमा डोरयाउनुहुन्छ? (पद 2 हेर्नोस)
- उहाँले हामीलाई धार्मिकताका मार्गहरुमा किन डोरयाउनुहुन्छ? (पद 3 हेर्नोस्)।
- के हामी मृत्युसित डराउनुपर्छ? (पद 4 हेर्नोस्)।
- हामी कुन ठाउँमा अनन्तकालसम्म जिउनेछौं? (पद 6 हेर्नोस्)

**गोठालोका भजन गाउनुहोस्**–भजन 23 का शब्दहरुमा कुनै गीत तपाईंलाई थाहा छ भने गाउनुहोस् अथवा बाल–बालिकाहरुले पहिल्यै जानेका वा बनाएका छन् भने, त्यो धुनमा गाउनुहोस्।

**गीत गाउँदै यस भजनलाई नाटकिय बनाउनुहोस्।**

**पावल–तिमोथी बाल–बालिकाहरुको अध्ययन–बाइबल, पी. 4 बी.**

- यस सानो नाटक प्रस्तुत गर्न, बाल–बालिकाहरुको लागि आराधनाका अगुवाले मदत गरुन।
- बाल–बालिकाहरुलाई नाटक तयार पार्न, तपाईंको पढ़ाउने समयको प्रयोग गर्नुहोस्।
- ठूला बाल–बालिकहरुले ससानाहरुलाई सघाऊन।

  तलका भूमिकाहरु, ठूलठूला बाल–बालिका तथा जवानहरुले निभाऊन्।

- गोठाला–एउटा भाँड़ा, बोतल, टेबल र गोठालाको लहुरो तयार गर (तल दिइएको चित्र हेर्नुहोस्। अंकुसे भएको लहुरो प्रयोग गर्न सक्नुहुन्छ)।
- कथक–कथाको सारांश निकाल्नुहोस् र नानीहरुले के भन्नु र गर्नु पर्ने हो, सो याद गर्न लगाउनुहोस्।
- ससानाहरुले शत्रुहरु तथा भेड़ाहरुका भूमिका निभाऊन् (हात र घुँड़ा टेकेर घिस्रनुहोस् र बेला–बेला भेड़ाहरुको आवाज मन्द प्रकारले निकाल्नुहोस्)।

**कथक**–दुई चोटि भजन 23 गाउनु, पढ़नु तथा पाठ गर्नुहोस्। दोस्रो चोटि चाहीं एक एक पद गर्दै भनून् र बाल–बालिकाहरुले एक पद पछाड़ि नाटक गरुन्।

**कथक**–पद 1।

**गोठाला**–भेड़ाहरुका आङ्गमाथि थपथपाउँदै तिनीहरुवरिपरि घुम्नुहोस्।

**भेंड़ाहरु**–गोठालाको छेउमा जाने प्रयास गर्नुहोस् र तपाईंहरु खुशी हुनुहुन्छ भनी देखाउन उसलाई हेरेर मुस्कुराउनुहोस्।

**कथक**–पद 2।

**गोठाला**–भाँड़ालाई भूँईमा राख्नुहोस् र भेंड़ाहरुलाई भाँड़ातिर डोर्याउनुहोस्।

**भेंड़ाहरु**–भाँड़ाबाट पिएको जस्तो गर्नुहोस्। त्यसपछि चुपचाप भूँईमा पल्टेर च्यापु हल्लाउनुहोस्।

**कथक**–पद 3।

**गोठाला**–भेड़ाहरुको हांत समातेर तपाईलाई पछयाउनु भन्नुहोस् र हिड़नुहोस्।

**भेंड़ाहरु**–गोठाला पछि लाग्नुहोस्।

**कथक**–पद 4।

**शत्रुहरु**–कुर्सीहरुको पछाड़ि लुक्नुहोस् र भेंड़ाहरुलाई ताक्दै काँड़हरु छोड़े जस्तो गर्नुहोस्।

**भेंड़ाहरु**–भयभीत भएको जस्तो गर्नुहोस्। लात मार्नुहोस् र 'म्याँ म्याँ' कराउनुहोस् र वरिपरि घुम्नुहोस्।

**गोठाला**–लहुरोले भेंड़ाहरुलाई शत्रुहरुबाट तान्नुहोस् र तिनीहरुलाई शान्त गराउनुहोस्। त्यसपछि लहुरोले शत्रुहरुलाई धपाउनुहोस्। कसैलाई पनि जोड़ले नहिर्काउनु होला। केवल हिर्काएको जस्तो मात्र गर्नुहोस्।

**कथक**–पद 5।

**गोठाला**–भेंड़ाहरुको छेउमा टेबल राख्नुहोस्। बोतलबाट तेल टेबलमाथि खनाएको जस्तो गर्नुहोस्।

**भेंड़ाहरु**–विस्तारो विस्तारै तपाईहरुका हात आ–आफ्ना शीरमाथि उठाउनुहोस्–मानौं एउटा कचौरा भरिएर पोखिन्दैछ।

**कथक**–पद 6।

**पावल–तिमोथी बाल–बालिकाहरुको अध्ययन–बाइबल, पी. 4 बी.**


**गोठाला**–ढोका खोले जस्तो गरेर भेंड़ालाई भित्र आउनलाई स्वागत गर्नुहोस्।

**भेंड़ाहरु**–ढोकाभित्र पस्नुहोस्। गोठालाकोवरिपरि घुँड़ा टेक्नुहोस् र परमेश्वरलाई प्रशंसा दिन, स्वर्गउँभो आ–आफ्ना हातहरु उचाल्नुहोस्।

**कथक**–नाटकमा सहायता गर्ने सबैलाई धन्यवाद दिनुहोस्।

**प्रश्नहरु**–ठूला–बड़ाहरुसमक्ष यदि बाल–बालिकाहरुले भजन 23 को नाटक प्रस्तुत गरे, माथि दिइएका प्रश्नहरु तिनीहरुले नै सोधन्। तपाईंहरुले परमेश्वरले उहाँका जनहरुलाई कसरी गोठाला गर्नुहुन्छ सो बारे अन्य उदाहरणहरु सोध्नु सक्नुहुन्छ (बालबालिका एवं जवानहरुले उदाहरणहरु देऊन्)।

**एउटा गोठालाको लट्ठीको नक्सा बनाउनुहोस्**–आराधनाको बेला बाल–बालिकाहरुले ठूला–बड़ाहरुलाई आ–आफ्ना नक्साहरु देखाऊन। र हाम्रो असल गोठाला प्रभु येशूले, यस लट्ठीले एक असल जीवनतिर हामीलाई सदैव कसरी डोरयाउनुहुन्छ, उदाहरण दिन्छ।



प्रभु येशू हाम्रो असल गोठालाबारे ठूला बाल–बालिकाहरुले कविताहरु वा एउटा गीत लेखून।

**कविता :** धेरै बाल–बालिकाहरुले भजन 23 का पदहरु पाठ गरुन।

**मुखस्त गर्न पर्ने :** ठूला बाल–बालिकाहरुले भजन 23 मुखस्त गरुन्। ससानाहरुले भजन 23 का 1 र 2 पद सिकून्।

**प्रार्थना :** 'हे प्रमिलो प्रभु येशू, तपाईं हाम्रो अतिनै अचम्मका गोठाला हुनुहुन्छ। तपाईंले हामीलाई के को खाँचो छ, त्यो दिनुहुन्छ। हामी तपाईंलाई भरोसा गर्छौं, चाहे खतरा होस् वा हामीले शत्रुहरु र मृत्युको सामना गर्नपरोस्। तपाईंसित सदासर्वदै जीउनका लागि, मृत्युको मुखसम्मै तपाईंले हामीलाई सान्त्वना दिनुहुन्छ र डोर्याउनुहुन्छ। प्रभु येशू तपाईं चाँड़ै आउनुहोस्।'

**पावल–तिमोथी–बाल अध्ययन–बाइबल बाल–बालिकहरुको**

# अगमवक्तहरुले मुक्तिदाताको जन्मबारे भविष्यवाणी गरे

बाल–बालिकाहरुलाई पढ़ाउनेहरुले पी 8 बी पढ़नपर्छ।

**1. मुक्तिदाताबारे गरिएका भविष्यवाणीहरु बारे पढ़ाउनभन्दाअधि, प्रार्थना एवं वचनसहित तयारी गर्नुहोस्।**

**प्रार्थना :** 'हे स्वर्गमा बिराजमान पिता, मुक्तिदाता, ख्रीष्ट येशू आउनुहुँदैछ भन्ने अनेक अगमवाणीहरु तपाईंले कसरी पूरा गर्नुभयो, त्यस विषयमा मेरो बगाल रमाउनर उहाँ फेरि आउनुहुनेछ भनि आशा गर्नमा मदत गर्नुहोस्।'

## पृष्ठभूमि-टिप्पणीहरु

**टिप्पणी 1**–पुरानो नियमको समयमा यहूदीहरुले राजा–महाराजाहरुलाई 'मुक्तिदाता' अर्थात मसिहीको उपाधि दिए। तिनीहरुले कुनै एकराजा आउनुहुनेछ र सारा संसारमाथि राज गर्नुहुनेछ, बताउनलाई पनि यो उपाधि प्रयोग गरे। मसिहीको अर्थ 'अभिषिक्त' हो र यसलाई प्रायैः ख्रीष्ट येशू को भनेको नै मसिही येशू हो।

**टिप्पणी 2**–अब्राहामदेखि यता, यहूदीहरुको लगभग 40 वर्ष पुरानों इतिहास छ। मसिही आउनुहुनेछ भन्दै तिनीहरुले 2000 वर्षजत्ति प्रतिक्षा गरे।

**कतिले**–जब उहाँ आउनुभयो, विश्वास गरे तथा कतिले गरेनन्। 2000 वर्ष पश्चात धेरै जसो यहूदीहरुले आज प्रभु येशू नै मसिही हुनुहुन्छ विश्वास गर्दछन् तर प्राय:ले गरेनन्। विश्वास नगर्ने यहूदीहरुले अझै पनि, मसिहीको प्रतिक्षा गरिरहेका छन्।

**टिप्पणी 3**–बाइबल सत्य छ र प्रभु येशू नै मसिही हुनुहुन्छ भन्नुमा धेरै कारणहरु छन्–(क)प्रभु येशूले धेरै कार्यहरु गर्नुभयो, जो केवल परमेश्वरले मात्र गर्नुसक्नुहुन्छ।(ख) प्रभु येशूको नाउँमा गरिएका हाम्रा प्रार्थनाको जवाफ परमेश्वरले दिनुहुन्छ।(ग)हामीले प्रभु येशूका आश्चर्यकाम तथा दर्शनहरु देखेका छौं।(घ) प्रभु येशू, अरु आत्माहरुभन्दा सामर्थी हुनुहुन्छ।(ङ)ख्रीष्ट येशूले आनन्द र शान्ती दिनुहुन्छ।(च)प्रभु येशू जस्तो अरु कोहि छैन्।(छ) विश्वासीहरुको हृदयमा वास गर्नुहुने पवित्रात्माले हाम्रो सत्यताको आत्माबारे गवाही दिनुहुन्छ।

विश्वास गर्नुको अर्को कारण के हो भनेदेखि बाइबलमा हजारौ भविष्यवाणीहरु गरिएका छन् र यीमध्ये धेरै ने पूरा भईसकेका छन्। पुरानो नियममा, मसिहीको जन्म बारे अगमवक्ताहरुले 210 भविष्यवाणीहरु गरेका छन्। नयाँ नियममा, प्रभु येशूले यी भविष्यवाणीहरुमध्ये 150 वटा पूरा गर्नुभएको छ र उहाँले भन्नुभयो, एकदिन् जब उहाँ फर्केर आउनुहुनेछ त्यसबेला बाँकीका भविष्यवाणीहरु पूरा गर्नुहुनेछ।

**टिप्पणी 4**–प्रतिज्ञा गरिएको मुक्तिदाता अर्थात मसिही आईसक्न भयो र प्रभु येशू नै त्यो मुक्तिदाता हुनुहुन्छ भनि विश्वास गर्न ईसाईहरु, यहूदीहरु पनि हुन् र गैर–यहूदीहरु पनि। ईसाईहरुले ख्रीष्ट येशूले प्रतिज्ञा गर्नुभएअनुसार उहाँ यस संसारमा एकदिन फर्केर आउनुहुनेछ भनि पनि विश्वास गर्छन्।

## पुरानो नियममा गरिएका भविष्यवाणीहरुसित, नयाँ नियममा पूरा भएका भविष्यवाणीहरु दँजाएर हेर्नुहोस् -

- **यशैया 9:6-7-मत्ती 2:1-11**-एक विशेष बालकको जन्म जो राजाको रूपमा जन्मनुहुनेछ।
- **मिका 5:1-मत्ती 2:1-11** प्रभु येशू कहाँ जन्मनुभयो।
- **यशैया 11:1-4-मत्ती 5:1-12** नम्र र दरिद्रलाई बुद्धि र समझले सल्लाह दिनुभयो।
- **यशैया 53:4-मत्ती 8:14-17** मानिसहरुका रोगहरु निको पार्नुहुभयो।

- **व्यवस्था 18:15-यूहन्ना 6:10-15** भीड़लाई आश्चर्य तरिकाले तृप्त पार्नुभयो।
- **दानिएल 9:25-26-मत्ती 24:14-15** ख्रीष्ट (मसिही) को जन्मपछिको सतावट।
- **जकरिया 9:9-मत्ती 21:1-11** एउटा गधामा चढ़ेर यरुशलेम जानुभयो।
- **यर्मिया 31:31-34-लूका 22:17-22** नयाँ प्रतिज्ञा (करार) स्थापना।
- **यशैया 53:12-लूका 22:37** अपराधीहरुको गन्तीमा गनियो।
- **भजन 22:14-18-मत्ती 27:32-50** प्रभु येशूको क्रूसीकरण।
- **जकरिया 12:10-यूहन्ना 19:34-37** ख्रीष्टको कोख भालाले रोपिइने।
- **यशैया 53:7-8-प्रेरित 8:29-35** प्रभु येशूको मृत्यु, हाम्रा पापहरुको निम्ति बलिदान।
- **भजन 16:9-11-लूका 24:46-48**-प्रेरित 2:22-28 प्रभु येशूको बौरी उठाई।

अन्य प्रकारका भविष्यवाणीहरुमा प्रभु येशूले पूरा गर्नुभएका पुरानो नियमहरुका प्रतिरूपहरु सामेल छन्। जस्तै, 1 कोरन्थी 15:45 मा प्रभु येशूलाई 'पछिल्लो आदम' भनिएको छ। र रोमी 15:12 तथा 1 कोरन्थी 15:20-23, 45-50 मा प्रभु येशू र आदमबिच, कयौं महत्वपूर्ण समानता एवं भिन्नताहरु उल्लेख छन्। प्रभु येशू र आदम दुवै, एक नयाँ मानव जातिका शिरहरु हुनुहुन्छ र दुबैले आ-आफ्ना जातिमाथि दुवैका कार्यबाट अति ठूलो परिणामहरु ल्याउनुभएको छ।



शैतानको परिक्षामा फँसेर आदमले परमेश्वरको आज्ञा उल्लंघन गरे।



प्रभु येशूले, शैतानले उहाँलाई परिक्षा गर्दा, त्यसलाई दमन गर्नुभयो।

**पावल-तिमोथी गोठालाहरु को अध्ययन-बाइबल, पी. 8 ए.**

एक विशेष अध्ययनको निमित्त (यसको लागि धेरै असल समय लाग्नेछ)। प्रभु येशू र तल दिइएका व्यक्तिहरुबिच अनेक समानता एवं भिन्नताहरु खोज्ने सिफारीस गर्छौं।

**आदम** (उत्पत्ति अध्याय 2 र 3)।

**इसहाक** (उत्पत्ति 22)।

**यूसुफ** (उत्पत्ति अध्याय 37 र 39-48)।

**मोशा** (प्रस्थान र गन्तीका पुस्तकभरि नै मोशा)

**हारुन** (प्रस्थान र लेवीका पुस्तकहरुभरिनै हारुन)।

**यहोशू** (यहोशूको पुस्तक)।

**बोअज** (रुथको पुस्तक)।

**दाउद** (1 शमूएल 16-31 र 2 शमूएल अध्याय 1-24)।

**एलिया** (1 राजा अध्याय 17-19 र 2 राजा अध्याय 2)।

**2. आउँदो साताको कार्यक्रमहरु आफ्ना सहकर्मीहरुसित मिलेर तयार गर्नुहोस्।**

भेटघाट गर्न जाँदा र साक्षी दिंदा मानिसलाई अगमवक्ताहरुले कसरी ख्रीष्ट (मसिही) को जन्मबारे भविष्यवाणीहरु गरे तथा यी भविष्यवाणीहरु प्रभु येशूले कसरी पूरा गर्नुभयो बुझाउनुभयो। शंकाहरुमा परेका विश्वासी एवं विश्वास गर्न चाहनेहरुलाई भेट्नुहोस् र विश्वासका कारणहरुमाथि विचार गर्नलगाउनुहोस्। प्रभु येशूले उनीहरुलाई आशिष दिऊन्। र उहाँ असल र समार्थी हुनुहुन्छ उहाँले नै उनीहरुलाई देखाऊन् भनि संगसंगै प्रार्थना गर्नुहोस्।

- तपाईंले शिक्षा दिदै गर्नुभएका नयाँ अगुवाहरुका मानिसहरु छन् र यदि उनीहरुले बाइबल, परमेश्वरको वचन हो भनि निश्चित बन्न चाहन्छन् भने, उनीहरुले पनि यो अध्ययन गरुन्।
- यदि केहि विश्वासीहरु बाइबल पढ्न र अध्ययन गर्न चाहन्छन् भने, उनीहरुलाई माथि दिइएका पुराना नियमका व्यक्तिहरु र प्रभु येशूबिच, समानता र भिन्नताबारे खोजी गर्न लगाउनुहोस्।

**3. आउँदो आराधना सेवाको योजना आफ्ना सहकर्मीहरुसित मिलेर बनाउनुहोस्।**

विश्वासीहरुले पुराना नियमका अनेकौं भविष्यवाणी र नयाँ नियममा पूराभएका यी भविष्यवाणीहरु एकसाथ पढ्न लगाउनुहोस्। हरेक पल्ट प्रभु येशूले कसरी यी भविष्यवाणीहरु पुरा गर्नुभयो सोध्नुहोस्।

विगत्मा गरिएका भविष्यवाणीहरुले हाम्रो आत्माविश्वास बढ़ाउँछन् र बाँकीका भविष्यवाणीहरु भविष्यमा पूरा हुनेछन् बुझाउनुहोस्।

प्रभु येशू र माथि उल्लेखित् पुरानो नियमका व्यक्तिहरुबिचका समानता र भिन्नताबारे बुझाउनुहोस्।

पृष्ठभूमि-टिप्पणी 1,2,3 र 4 बुझाउनुहोस् (यदि आराधना सेवामा यसमध्ये कुनै पनि, विश्वासी वा नयाँ विश्वासीहरुको निम्ति लाभकारी हुनसक्छ भने)।

बाल-बालिकाहरुलाई तिनीहरुले तयार पारेका थोकहरु ठूल-ठाला समक्ष प्रस्तुत गरुन्।

प्रभुभोज शुरू गर्नलाई 1 कोरन्थी 11:26 चंर्को गरि पढ्नुहोस्। ख्रीष्ट येशूको दोस्रो आगमन तथा बाँकीका

भविष्यवाणीहरु पूरा हुने प्रतिक्षामा ईसाईहरुले प्रभुभोज अर्थात रोटी र दाखरस लगभग 2000 वर्षदेखि संगसंगै खाँदै आएका छन्।

लूका 24:27 एकसाथ मुखस्थ गर्नुहोस्। प्रभु येशूले स्वयं उहाँको विषयमा सबै वचनहरुले के भनेका छन् बुझाउनुहुँदै, मोशा तथा सबै अगमवक्ताहरुले लेखका कुराहरुबाट वाक्यांशहरु उद्घृत गर्नुभयो।

प्रभु येशूको विषयबारे गरिएका पुराना भविष्यवाणीहरुमाथि कुराकानी गर्न, योजनाहरु सुनिश्चित गर्न र एकार्कालाई प्रोत्साहित गर्न, दुई वा तीनको झुण्ड बनाएर प्रार्थना गर्नुहोस्।

# प्रभु येशूले परमेश्वरको वचन बुझाउँनुहुँदै, मानिसहरुका हृदयमा काम गर्नुभयो

**प्रार्थना :** ''हे प्रेमिलो प्रभु, तपाईको विषयमा बाल-बालिकाहरुले पुरानो समयका अगमवक्ताले गरेका भविष्यवाणीहरु सिक्दै जाँदा, इमाउसको बाटो जसरी चेलाहरुलाई जस्तै, नानीहरुका हृदयमा काम गर्नुहोस्।''

बाल-बालिकाहरुको उमेर एवं खाँचोहरुसित मिल्दो सिक्ने कार्यक्रमहरु छान्नुहोस्।

कुनै एक ठूला नानी वा शिक्षकले मुखस्थ गरेर लूका 24:13-35 बाट बल्दो हृदयहरुको कथा भनून्।

प्रभु येशूले दुई व्यक्तिलाई उहाँबारे गरिएको भविष्यवाणी बताउनुभयो, तब तिनीहरु हर्षले गद्गद् भए मानौं तिनीहरुका हृदय आगो जस्तै बल्दै छन्। परमेश्वरले पुरानो समयका अगमवक्ताहरुलाई भविष्यमा हुने आउने घटनाहरुबारे बताउनुभयो।



यी प्रश्नहरु सोध्नुहोस् (उत्तरहरु प्रत्येक प्रश्नपछाड़ि लेखिएका छन्)।

- प्रभु येशूलाई दुई व्यक्तिहरुले पहिलो पटकमा चिने? पद 16।
- त्यी व्यक्तिहरु किन उदास थिए? (पद 20-येशू मर्नुभएकोले)
- तिनीहरुको उदासीबारे प्रभु येशूले के भन्नुभयो? (पद 19-23)।
- प्रभु येशूले त्यी दुई व्यक्तिहरुलाई के बुझाउनुभयो? (पद 27)।
- त्यी व्यक्तिहरुले अन्तमा कहिले प्रभु येशूलाई चिने? (पद 30-31)। लूका 24:13-35 बाट इमाउसको बाटो हिंड़दै गएका चेलाहरुको कथाको **नाटक** गर्नुहोस्।
- यस सानो नाटक अथवा यसका केहि भागहरु प्रस्तुत गर्न, आराधना अगुवासित चाँजो मिलाउनुहोस्।
- नाटक तयार गर्न नानीहरुलाई पढ़ाउने समय प्रयोग गर्नुहोस्।
- तयारी गर्न ससानाहरुलाई ठूलठूला नानीहरुले सघाऊन्।
- ठूलठूला नानीहरु वा जवानहरुले **प्रभु येशू, भजन रचयिताहरु** (6 जनासम्म) तथा **कथकका** भूमिका

निभाऊन्। कथकले कथाको सारांश निकालेर नानीहरुले भन्नपर्ने कुराहरु याद गर्नमा मदत गर्नेछन्। भजन रचयिताले नाटकमा उल्लेखित पदहरु, जो भजन 22 बाट लिइएका छन्, पढ़नुहोस् वा भन्नुहोस्।

- ससानाहरुले चाहीं **क्लेओपा, साथीहरु** र **चेलाहरुको** भूमिका गरुन्।

**कथक :** लूका 24:13-27 को कथाको पहिलो भागबारे बताउनुहोस् र भन्नुहोस्, ''सुन्नुहोस् क्लेओपाले के भन्छ?

**क्लेओपा:** हिंड़दै साथीहरुसित बोल्नुहोस्, ''म अति उदासछु किनकि प्रभु येशू मर्नुभयो। परमेश्वरले किन उहाँलाई मर्न दिनुभयो?''

**प्रभु येशू:** ''मेरा मित्रहरु हो, हिंड़दै तिमीहरु के कुरा गर्दै हुंदैछौ?''

**साथीहरु:** ''प्रभु येशू मर्नुभएको छ। उहाँ एक शक्तिशाली अगमवक्ता हुनुहुन्थ्यो। हामीले उहाँ इस्राएलका राजा हुनुहुनेछ सोंचेका थियौं तर, हाम्रा अगुवाहरुले उहाँलाई मारे। आज केहि दिदी-बहिनीहरुले उहाँ पुनः जीवित हुनुभयो भने।''

**प्रभु येशू:** ''के तिमी बुझ्दैनौ? उहाँले कष्ट भोग्नु र मर्नु दरकार थियो। अब सुन उहाँबारे बाइबलका वचनहरुले के भन्छन्?''

**कथक:** ''प्रभु येशूले उहाँको कार्यबारे भविष्यवाणी भएका वचनहरु उद्‌धृत गर्नुभयो। तिनीहरुका हृदय भित्रभित्रै बल्यो। प्रभु येशूको क्रूसको मृत्युबारे दाउदले भजन 22 मा भविष्यवाणी गरे।''

**भजन रचयिता :** ''हे मेरा परमेश्वर, हे मेरा परमेश्वर तपाईंले मलाई किन त्याग्नुभयो?''

''मलाई देख्नेहरु जति सबैले मलाई खिसी गरेर हाँस्छन्। तिनीहरुका ओंठ लेप्राउँछन्, र यसोभन्दै टाउको हल्लाउँछन्।''

''आफूलाई परमप्रभुमा सर्मपण गर, उहाँलेनै त्यसलाई छुटकारा गरिदिऊन।

उहाँबाट त्यसको छुटकारा होस्, किनभने त्यससंग उहाँ प्रसन्न हुनुहुन्छ।''

''कुकर्मीहरुको समूहले मलाई चारैतिरबाट घेरेका छन्।''

''तिनीहरुले मेरा हात-खुट्टा छेंड़ेका छन्। मेरा सबै हाड़हरु म गन्नसक्छु। तिनीहरुले मलाई आँखा ताकेर हेर्दछन्।''

''तिनीहरुले मेरा लुगाहरु आपसमा बाँड़छन्। र मेरो दौरामा चाहीं तिनीहरुले गोला हाल्दछन्।''

**कथक :** लूका 24:28-35 बाट कथाको दोस्रो भाग भन्नुहोस्, र भन्नुहोस्, ''सुन्नुहोस् क्लेओपाले भन्दैछन्।''

**क्लेओपा :** (प्रभु येशूसित कुरा गर्नुहोस्) ''मित्र, अब अबेर भईसक्यो। अघाड़ि नजाऊ। हामीसित बस्नुहोस्।''

**प्रभु येशू :** ''रोटी मलाई भाँच्न दिनुहोस्। परमेश्वर यस रोटीको निम्ति तपाईंलाई धन्यवाद।'' (रोटी भाँचेका जस्तो गर्नुहोस् र क्लेओपा साथै अन्य साथीहरुलाई थमाउनुहोस्)।

**क्लेओपा र साथीहरु :** चेलाहरुतिर दौड़िनुहोस् र कराउनुहोस्, ''उहाँ उहि हुनुहुन्छ! उहाँ प्रभु, येशू हुनुहुन्छ!'' ''उहाँका चेलाहरुलाई भनिदेऊ!''

**चेलाहरु :** ''हो, यो सत्य हो!'' ''हामीले पनि उहाँलाई देखेका छौं।'' ''उहाँ फेरि जीवित हुनुभयो!''

**कथक :** नाटकमा सघाउने सबैलाई धन्यवाद दिनुहोस्।

**पावल-तिमोथी बाल-बालिकाको अध्ययन-बाइबल, पी. ८ बी.**

**प्रश्नहरु :** ठूलठूलासमक्ष नानीहरुले यस नाटकलाई प्रस्तुत गरे, माथिका प्रश्नहरु ठूलठूलाहरुलाई तिनीहरुले नै सोधून्।

**सोध्नुहोस् :** जब हामी प्रभु येशू र उहाँको पुनरुत्थानको विषयमा सुन्छौं तब परमेश्वरले हाम्रो हृदय आनन्दले भर्नुहुन्छ। यस्ता केहि उदाहरणहरु के हुन्? (नानीहरुले उदाहरणहरु दिऊन्)।

एउटा हृदयभित्र आगोको नक्सा भएको चित्र बनाउनुहोस्। आराधनाको समयमा नानीहरुले यी चित्रहरु, ठूलठूलाहरुसमक्ष प्रस्तुत गरुन र प्रभु येशूले हाम्रो हृदय आनन्दले भरिदिनुहुन्छ कारण उहाँ मृत हुनुहुन्न तर, उहाँ जीवित हुनुहुन्छ र उहाँको आत्मा हामीभित्र सदासर्वदा वास गरिरहन्छ भनी बुझाउन लगाउनु होस्।



इजकिएल 36:25-26 कण्ठस्थ गर्नुहोस् (ससानाहरुले केवल 26 पद मात्र सिकून)।

**25** ''म तिमीहरुलाई शुद्ध पानी छर्किदिनेछु, र तिमीहरुलाई अशुद्ध पार्ने सबै कुरादेखि तिमीहरु शुद्ध हुनेछौ। म तिमीहरुलाई तिमीहरुका सबै मूर्तिहरुको अशुद्धिबाट शुद्ध तुल्याउनेछु।''

**26** ''म तिमीहरुलाई नयाँ हृदय दिनेछु, र तिमीहरुभित्र नयाँ आत्मा हालिदिनेछु। तिमीहरुको शरीरदेखि ढुङ्गाको हृदय निकालेर त्यसको सट्टामा म तिमीहरुलाई मासुको हृदया दिनेछु।''

**प्रार्थना :** ''हे प्रेमिलो प्रभु, तपाईंको पुनरुत्थानलाई सम्झदाँ, हाम्रो हृदय आनन्दले भरिदिनुहोस्। तपाईं मर्नुभएको भएकै हुनुभएन। तपाईं जीवित हुनुहुन्छ, तपाईं हामीभित्र जीवित हुनुहुन्छ, र हामीलाई तपाईंले जीवन दिनुहुन्छ। हामी तपाईंलाई आफ्नै आँखाहरुले हेर्न अनि तपाईंसित सदासर्वदा जीउनका लागि तृषित छौं। प्रभु येशू, तपाईं चाँडै आउनुहोस्।''

# अगमवक्ताहरुले परमेश्वरका वाणीहरु घोषणा गरे

बाल-बालिकाहरुलाई पढ़ाउनेहरुले पि 9 बी पढ़नपर्छ।

**प्रार्थना :** ''हे परमेश्वर बुवा, मलाई अनि मेरो बगाललाई, मुक्तिदाता, प्रभु येशूको जन्मबारे अगमवक्ताहरुले गरेका घोषणाबाट, तपाईलाई र तपाईंका योजनाहरुबारे सिक्न मदत गर्नुहोस्।''

## 1. पुरानो नियमका अगमवक्ता मुस्तकहरु पढ़ाउन तयारी गर्नुहोस्।

### अगमवक्ताहरुले लेखेका वर्षहरु

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 4000 | 2000 | 1500 | 1000 | 750 | 500 | 1 | 100 |
| आदम | अब्राहाम | मोशा | दाउद | | एज्रा | येशू | 'प्रकाश' |

माथिको चार्टमा दाग लागिएको स्थानहरुले अगमवक्ताहरुले कुन् वर्षहरुमा लेखे (लगभग 835 र 400 ख्रीष्टपूर्व बीच) सो दर्शाउँछन्।

यशैया 6:1-8 मा हेर्नुहोस्।

- परमेश्वरको दर्शन पाएपछि एक अगमवक्ताको प्रतिक्रिया (पद 1-5)।
- परमेश्वरले कसरी उनलाई पुन: आश्वास्त गराउनुभयो (पद 6 र 7) र,
- यशैयालाई के गर्ने आज्ञा भयो? (पद 8)।

### परिभाषाहरु

**अगमवक्ता :** पुरानो नियममा, परमेश्वरले धेरै जसो उहाँको जाति इस्राएललाई 'पवित्र जनहरु' मार्फत, जसहरुलाई पवित्रात्माले प्रेरित गर्नुहुन्थ्यो, वाणीहरु पठाउनुभयो 2 पत्रुस 1:21।

**अगमवाणी :** परमेश्वरका अगमवक्ताहरुले उहाँको जातिलाई पापबाट फर्कन र उहाँलाई आज्ञा मान्न आह्वान गरे मानिसहरु किन कष्टमा पर्छन बुझाए, विश्वासीहरुलाई आशा एवं सान्त्वना प्रदान गरे, न्यायको दिनको भविष्यवाणी गरे तथा एक राजाको प्रतिज्ञा गरे, जुन राजाले सिद्ध न्यायसाथ राज गर्नुहुने, जसलाई तिनीहरुले मुक्तिदाता (मसिही) नाउँ दिए।

**पूर्वसूचना :** परमेश्वरका अगमवक्ताहरुले कति समय, हुन आउने कुराहरुबारे बताउँथे। तिनीहरुले चार प्रकारका पूर्वसूचनाहरु दिए : (1) उनीहरुकै समयमा हुन आउने केहि घटनाहरु, (2) उनीहरुको मृत्युपछाड़ि हुने केहि घटनाहरु, (3) एक सय वर्षपछाड़ि भएका घटनाहरु र (4) अहिलेसम्म नघटेका तर भविष्यमा हुन आउने घटनाहरु। यशैया 42:8-9।

**साँचो अगमवक्ताहरु :** सबै अगमवक्ताहरु हिब्रूहरु थिए अर्थात यहूदीहरु र उनीहरुले अन्य ईश्वरहरुको निम्ति होइन, केवल **परमप्रभको** निम्ति बोले। जब साँचो अगमवक्ताहरुले जे बोले, त्यी हुन आए। कतिले उत्तरी साम्राज्य अर्थात इस्राएलसित बोले र कतिले देक्षिणी साम्राज्य। यहूदासित बोले र केहि जस्तै योनाले अन्य राष्ट्रहरु सित बोले (व्यवस्था 18:17-21)।

**झूठा अगमवक्ताहरु :** झूठा अगमवक्ताहरुले **परमप्रभु** बाहेक, अन्य ईश्वरहरुबारे बोले र मानिसलाई अन्य ईश्वरहरु पुज्न लगाउन प्रयास गरे। तिनीहरुले **परमप्रभुका** आज्ञाहरु उल्लंघन गर्न भनि मानिसहरुलाई भ्रममा पारे (व्यवस्था 13:1-4)।

## पुरानो नियमका अगमवक्ताहरुका पुस्तकहरुको संक्षिप्त वर्णन

मोशा बाहेक पुरानो नियमका 17 जना अगमवक्ताले पुस्तकहरु लेखे जो बाइबलका अंशहरु हुन्। मुक्तिदाता प्रभु येशूको जन्मअघि, उनीहरुले कति वर्ष बोले, तल दिइएको सूचिले बताउँछ।

835 वर्ष (ख्रीष्टपूर्व) योएल अगमवक्ताले मानिसहरुलाई पश्चाताप गर्ने आह्वान गर्दै, यहूदामा सलहले ल्याउने रूढ़ीको भविष्यवाणी गरे। प्रेरित 2:16-21 मा पत्रुसले कसरी योएल 2:28-32 उद्घृत गरे, हेर्नुहोस्।

783-753 वर्ष। **योनाले** निनवे शहरलाई पश्चाताप गर्ने आह्वान गरे। प्रभु येशूले योना 1:17 बारे के भन्नुभयो मत्ती 12:40-41 मा हेर्नुहोस्।

760-750 वर्ष। **आमोस** अगमवक्ताले इस्राएलको सर्वनाश र भविष्यको आशाको घोषणा गरे। याकूबले आमोस 9:11-12 कसरी उद्घृत गरे, प्रेरित 15:13-19 मा हेर्नुहोस्।

755-710 वर्ष। **होशे** अगमवक्ताले इस्राएलको अनाज्ञाकारिता र पछि हुने छुटकारको उदाहरण दिए। पावलले होशे 2:23 कसरी उद्घृत गरे, रोमी 9:22-26 मा हेर्नुहोस्।

740-680 वर्ष। **यशैया** अगमवक्ताले मुक्तिदाताको प्रतिज्ञा गर्न र **परमप्रभुको** उद्धारमाथि भरोसा गर्न, यहूदालाई आह्वान गरे। फिलिप्पले एथियोपियाका अफिसरलाई, यशैया 53:7 र 8 पद कसरी बुझाईदिए, प्रेरित 8:28-40 मा हेर्नुहोस्।

739-686 वर्ष। **मिकाले** यहूदा र इस्राएललाई आउने न्यायबारे चेताउनी त्यसपछि, आशाको वचन दिए। प्रभु येशूले मिका 7:6 कसरी उद्घृत गर्नुभयो मत्ती 10:35-39 मा हेर्नुहोस्।

664-612 वर्ष। **नहूमले** यहूदा र निववेलाई न्याय र खुशीको समाचारको घोषणा गरे। पावलले नहूम 1:15 कसरी चलाए, हेर्नुहोस् रोमी 10:15 मा।

640-628 वर्ष। **सपन्याहले** यहूदालाई मानिसहरुलाई सत्य बोल्ने आह्वान गर्दै, ईश्वरीय न्यायको महान दिनबारे घोषणा गरे। यूहन्नाले सपन्याह 3:13 का शब्दहरु कसरी चलाए, प्रकाश 14:5 मा हेर्नुहोस्।

626-580 वर्ष **यर्मियाले** एउटा नयाँ करारको प्रतिज्ञा गर्दै, आफ्ना शत्रुहरुसामु झुक्ने आह्वान गर्दै, यहूदालाई तिनीहरु कैदमा पर्ने कुरा बारे चेताउनी दिए। यर्मियाले 31:31-34 मा गरेको नयाँ करार, कसरी पूरा भयो, हिब्रू 8:7-13 मा हेर्नुहोस्।

609-597 वर्ष। **हबकूकले** यहूदा र निनवेका मानिसहरुलाई विश्वास गर्ने आह्वान दिंदै, तिनीहरु विरुद्धको न्यायको घोषणा गरे। पावलले हबकूक 2:4 कसरी उद्घृत गरे, गलाती 3:11 मा हेर्नुहोस्।

605-530 वर्ष। **दानिएलले** विदेशी राष्ट्रहरु तथा विश्वासीहरुको पुनरुत्थान सम्बन्धिका दर्शनहरुको विवरण दिए। दानिएल 7:13 लाई उल्लेख गर्दै, प्रभु येशूले कसरी उहाँको दोस्रो आगमनबारे कुरा गर्नुभयो, लूका 21:25-28 मा हेर्नुहोस्।

587-565 वर्ष। **इजकिएलले** यहूदा आफ्नो देशमा फर्कने दर्शनहरुको विवरण दिए र तिनीहरुको मन्दिर निर्माणका योजनाहरुको ब्यौरा दिए। पावलले इजकिएल 20:34,41 र 37:27 कसरी उद्घृत गरे, 2 कोरन्थी 6:16-18 मा हेर्नुहोस्।

586-584 वर्ष। **विलापको** पुस्तकले यरुशलेमको विध्वंशको विवरण दियो। विलाप 2:15 का शब्दहरु कसरी, प्रभु येशू क्रूसमा हुँदा प्रयोग भयो, मर्कूस 15:29-30 मा हेर्नुहोस्।

586 वर्ष। **ओबदियाले** एदोमविरुद्ध हुने न्यायको र इस्राएलको विजयको घोषणा गरे। ओबदिया 1:21 को भविष्यवाणी अन्तमा पूरा हुनेबारे प्रकाश 11:15 मा हेर्नुहोस्।

520-519 वर्ष। **जकरियाले** भविष्यमा जन्मने राजाबारे, जसलाई तिनीहरुले मुक्तिदाता (मसिही अर्थात ख्रीष्ट) भन्ये भविष्यवाणी गरे। जकरिया 9:9 प्रभु येशूमा कसरी पूरा भयो, हेर्नुहोस् मत्ती 21:4-6।

520 वर्ष। **हग्गैले** यहूदालाई भविष्यमा आउने आशिषहरुको प्रतिज्ञा गर्दै तिनीहरुको मन्दिर (भवन) को पुर्ननिर्माण गर्ने आग्रह गरे।

हग्गै 2:6 कसरी पूरा हुनेछ, हिब्रू 12:26-29 मा हेर्नुहोस्।

430-400 वर्ष। **मलाकी** अन्तिम लेख्ने अगमवक्ता थिए। मलाकी 3:1, बप्तिस्मा यूहन्नामा कसरी पूरा भयो, हेर्नुहोस् मत्ती 11:10-11।

**नयाँ नियमका अगमवक्ताहरु** परमेश्वरले प्रत्येक मण्डलीमा ''प्रेरितहरु, अगमवक्ताहरु, प्रचारकहरु, पास्टरहरु तथा शिक्षकहरु'' दिनुहुन्छ। एफिसी 4:11। ईसाई अगमवक्ताहरुले नयाँ वचनहरु लेख्दैनन्, तर कति चोटि उनीहरुले अरुहरुलाई मदत गर्न ईसाईहरुले कस्ता उपायहरु अप्नाउनु सो बारे अगमवाणी गर्छन् (प्रेरित 11:27-30)।

अगमवाणी बोल्नेले मानिसहरुको सुधार, साहस, शान्ति र सान्त्वनाका कुरा बोल्दछ। सबै ईसाईहरुले एकार्कामा अगमवाणी बोल्नसक्छन् (1 कोरन्थी 14:24)।

## 2. आउँदो साताका कार्यक्रमहरु आफ्ना सहकर्मीहरुसित मिलेर बनाउनुहोस्।

बाइबल पढ्ने इच्छा गर्ने विश्वासीहरुलाई, अगमवक्ताका कुनै एक पुस्तक पढ्न लगाउनुहोस्। माथि दिइएको पहिलो भागबाट तिनीहरुलाई, अगमवक्ताबारे केहि जानकारी दिनुहोस्। पछि, तिनीहरुले पढ्ेको पुस्तकमा प्राप्त मुख्य कुराहरु तथा ठूलो उपाय, अन्य विश्वासीहरुलाई बताऊन्।

यदि स्थानीय धर्मका अगमवक्ता छन् भने, अ-ईसाईहरुलाई हामीहरुसित, पुराना अगमवक्ताहरुद्वारा लेखिएका पुस्तकहरु छन् भन्नसक्नुहुन्छ। यदि तिनीहरुले चासो देखाए, बाइबल पाउने ठाउँ बताईदिनुहोस्।

## 3. आउँदो आराधना सेवाबारे आफ्ना सहकर्मीहरुसित मिलेर योजना बनाउनुहोस्।

परमेश्वरले कसरी अगमवक्ताहरु पठाउनुभयो, त्यसविषयमा तपाईले जान्न भएका कुराहरुपढ्नुहोस् अथवा नाटक गर्नुहोस् (माथि)।

बाइबलको एउटा अगमवक्ताको पुस्तक अध्ययन गर्दा, परमेश्वरले तपाईंलाई कसरी आशिष दिनुभयो, विश्वासीहरुले भनून्।

माथिको पहिलो भागबाट, अगमवाणीका परिभाषाहरु तथा पृष्ठभूमिहरुबारे बुझाउनुहोस्।

अगमवक्ताका पुस्तकहरुका मुख्य शिर्षकहरु संक्षिप्तरूपमा दोहाराउनुहोस्।

प्रभुप्रभुको शुरुवातगर्न यशैया 53:5 पढ्नुहोस् र पुरानो समयका अगमवक्ताहरुले, प्रभु येशूको रगतको बलिदानबारे पहिल्यै भविष्यवाणी गरिसकेका छन्, बुझाउनुहोस्।

अगमवाणी कसरी भयो, कुराकानी गर्न तथा एकार्काको निम्ति प्रार्थना गर्न, तीन वा चार व्यक्तिहरुको झुण्डहरु बनाउनुहोस्।

**प्रेरित 26:22 मिलेर कण्ठस्थ गर्नुहोस।**

# सबैभन्दा महान जीवन

## प्रभु येशूको जीवनी, मृत्यु र पुनरुत्थानबारे

नानीहरुलाई सिकाउनेहरुले जे 1 बी पढ्नपर्छ।

**प्रार्थना :** ''हे स्वर्गमा विराजमान पिता, तपाईंको बगालले र मैंले, पृथ्वीमा प्रभु येशूले जिउनुभएको अन्चम्मको जीवनबारे सिक्न सकौं। तसर्थ हामी मिलेर, उहाँले हाम्रो निम्ति जे गर्नुभयो, त्यी सबैको निम्ति तपाईंलाई धन्यवाद चढ़ाउँछौं।''

### 1. सबैभन्दा महान जीवनबारे सिकाउन, तपाईंको हृदय र मस्तिष्क तयार गर्नुहोस्।

तपाईंको बगाललाई यस प्रकारले प्रभु येशूबारे सुसमाचार सिकाउनुहोस् कि तिनीहरुले अरुलाई पनि **सिकाउन** सकून्।

प्रभु येशू यस संसारमा आउनुभन्दा अघि **पुरानो नियमका** अगमवक्ताहरुले जन्मनु हुनेबारे, जसलाई यहूदीहरुले मसिही (मुक्तिदाता) अथवा ख्रीष्ट भन्थे, 300 भन्दा अधिक भविष्यवाणीहरु गरे।

तल दिइएका सात अगमवक्ताहरुले संसारमा जन्म लाग्नुभएको प्रतिज्ञाअनुसारको मसिही (ख्रीष्ट) बारे भनेका कुराहरु **खोज्नुहोस्।**

(क) अब्राहाम (उत्पत्ति 22:18)।

(ख) मोशा (व्यवस्था 18:18-19)।

(ग) यशैया (यशैया 53:7-8)।

(घ) दाउद (भजन 2:7)।

(ङ) दाउद (भजन 16:8-11)।

(च) नातान (लूका 3:15-17)।

जब मसिही यस (संसारमो यी कुराहरू लेखे, जाजरअ‌ लसरँ) संसारमा आउनुमयो द्यैरैले उदाँको कार्य प्रत्यक्ष रूपले देखे र सुत्रे र त्यीमध्ये केहिले पुस्तकहरूमा यी कुराहरू लेखे जसलाई नियम भनिन्छ। प्रभु येशूका चेलाहरुले उहाँको विषयमा सातवटा कुराहरु भने, जुन् कुराहरुलाई उनीहरुले सबैभन्दा महत्वपूर्ण बताए :

(क) प्रभु येशू यस संसारमा हुनुहुँदा मानिसहरुका लागि उहाँले गर्नुभएको कुराबाट उहाँ को हुनुहुन्छ देखाउनुभयो। यी पदहरुमा उहाँले के गर्नुभयो, **खोज्नुहोस्।**

- अन्धो मानिसहरुलाई (मत्ती 9:27-31)।
- भूत लागेको ठिटालाई (मत्ती 9:32-33)।
- याइ र सकी छोरी, जो मरेकी थिई (लूका 8:49-55)।

(ख)प्रभु येशूले परमेश्वरको पवित्रताबारे, कसरी विश्वास राख्नु अनि कसरी एक पवित्र एवं आनन्दले भरपूर जीवन बिताउनु भनि मानिसहरुलाई सिकाउनुभयो। उल्लेख उहाँले साधारण कुराहरुलाई कथाहरुबाट सिकाउनुभयो जस्तै रायोको दाना। तलका पुस्तकहरुमा हेर्नुहोस् :



- कस्ता मानिसहरुलाई परमेश्वरले आशिष दिनुहुनेछ (मत्ती 5:1-16)।
- प्रभु येशूको पछि लाग्नेहरुले कस्तो जीवन व्यतित गर्नुपर्छ (यूहन्ना 14:1-17)।
- यस संसारको भविष्य कस्तो हुनेछ (मत्ती 21-31)।

(ग) प्रभु येशू मर्नुभयो, जब उहाँका शत्रुहरुले उहाँलाई काठको क्रूसमा झुण्डाए। यी पदहरुमा खोज्नुहोस् :

- प्रभु येशूलाई कसले मार्न चाहन्थे (लूका 23:12-21)।
- प्रभु येशूलाई कसरी मारियो? (लूका 23:32-34)।
- प्रभु येशू कसरी मर्नुभयो? (लूका 23:44-53)।

(घ)तीन दिनपश्चात परमेश्वरले प्रभु येशूलाई जीवित पार्नुभयो।

- मर्नभन्दा अधि जसरी प्रभु येशले भन्नुभएको थियो (मर्कूस 9:31-32)।
- स्वर्गबाट स्वर्गदूतहरुले खबर दिए झैं (मत्ती 28:1-10)।
- मृत्युबाट बिउँतनुभएपछि प्रभु येशूले बुझाउनुभए झैं (प्रकाश 1:17-18)।

(ङ)प्रभु येशू उहाँलाई चिन्नेहरु धेरैमाझ देखा पर्नुभयो जोहरु उहाँका गवाहीहरु भए। हेर्नुहोस् :

- प्रभु येशूले उहाँ जीवित भएँ भनेर कसरी प्रमाणित गर्नुभयो (लूका 24:36-43)।
- उहाँले कस्तो बातचीत गर्नुभयो (प्रेरित 1:1-3), (कस्तो कुरा? ? ? अस्पष्ट)।
- जसहरुमाझ देखा पर्नुभयो (1 कारिन्थी 15:3-8)।

(च)प्रभु येशूले उहाँकहाँ फर्कि आउने प्रत्येकलाई क्षमा गर्ने वचन दिनुभयो। यी पदहरुमा हेर्नुहोस् बिउँतनुभएको ख्रीष्ट येशू प्रभुले के भन्नुभयो :

- क्षमादानबारे (लूका 24:44-48)।
- परमेश्वरको पवित्रताबारे (प्रेरित 1:4-8)।
- कसरी प्रभु येशूका चेलाहरु बन्ने बारे (मत्ती 28:16-20)।

(छ)दोस्रो आगमन सम्मका लागि परमेश्वरले प्रभु येशूलाई स्वर्गतिर उचालेर लैजानुभयो। यी पदहरुमा हेर्नुहोस्।

- स्वर्गदूतहरुले प्रभु येशूका चेलाहरुलाई के भने (प्रेरित 1:9-11)।
- प्रभु येशूले उहाँका शत्रुहरुलाई के भन्नुभयो (मर्कूस 14:60-62)।
- प्रभु येशूले उहाँको सेवा गर्नेहरुलाई के भन्नुहुन्छ (मत्ती 25:31-34)।

**2. आउँदो साताका कार्यक्रमहरु आफ्ना सहकर्मीहरुसित मिलेर तयार गर्नुहोस्।**

- चित्र कोर्ने कला तपाईंको संस्कृतिमा चल्छ भने एउटा चित्रकारले प्रभु येशूबारे सातवटा सत्य विषयहरुको चित्र कोरुन। यी विषयहरु मुखाग्र गरि भन्ने अभ्यास गर्नुहोस्। त्यसपछि घर-घर गएर मानिसहरुलाई भन्नुहोस्। कथा भन्दै गर्दा, चित्रहरु पनि देखाउँदै जानुहोस्।

- एउटा प्रशिक्षण सेमिनार (सभा) गर्ने योजना बनाउनुहोस् जसमा, चित्रहरु, गीतहरु, कविताहरु अथवा तपाईंको संस्कृतिमा मिल्ने तरिका प्रयोग गर्दै, प्रभु येशूको कथा कसरी भन्नु, विश्वासीहरुलाई सिकाउन सकियोस्।

**3. आउँदो आराधना सेवा आफ्ना सहयोगीसित मिलेर तयार गर्नुहोस्।**

वर्तमान खाँचो एवं रीतिहरुलाई सुहाउँदो कार्यक्रमहरु बनाउनुहोस्। भाग 1 मा अध्ययान गर्नुभएको, प्रभु येशूको जीवनका एउटा अथवा बढ़ता घटनाहरुको **नाटक गर्नुहोस्।**

भाग 1 मा सिक्नुभएका ख्रीष्टबारेका सातवटा महत्वपूर्ण विषयहरुबारे बताउनुहोस् र उनीहरुलाई सोध्नुहोस् : उनीहरुले नै जे जान्दछन् सो जवाफ दिऊन्। केवल के के जानेनन्, त्यो मात्र याद गराउनुहोस्।

- प्रभु येशूबारे अगमवक्ताहरुले के भविष्यवाणी गरे।
- उहाँले मानिसहरुको निम्ति के गर्नुभयो।
- हामी कसरी जिउनपर्छ र संसारको भविष्य बारे प्रभु येशूले के सिकाउनुभयो।
- प्रभु कसरी मर्नुभयो र फेरि जीवित हुनुभयो।
- जीवित हुनुभएपछि उहाँ कसहरुकहाँ देखा पर्नुभयो।
- पश्चात गर्ने र उहाँलाई पछ्याउने विश्वासीहरुको निम्ति, बिउँतनुभएको ख्रीष्ट येशूले के प्रतिज्ञा गर्नुभयो।
- अन्तमा प्रभु येशू कसरी यस संसारबाट स्वर्गतिर ओक्लिनुभयो।

नानीहरुलाई तिनीहरुलाई तयार पारेका नाटक, कविता, तथा प्रश्नहरु प्रस्तुत गर्न लगाउनुहोस्। **प्रभुभोजको** शुरुवात गर्न, हिब्रू 7:17–12 पढ़नुहोस्। बुझाउनुहोस्, पुरानो नियमका महापुजारी महापवित्र स्थानमा पशुहरुको रगत लिएर प्रवेश गरे झैं होइन तर आफ्नै रगत लिएर प्रभु येशू पिताको उपस्थितिमा प्रवेश गर्नुभयो। भाग 1 मा पढ़नुभएका पदहरुमध्ये केहि पढ़नसक्नु हुन्छ र प्रभु येशूको दोस्रो (अथवा अन्तिम) आगमन सायै उहाँको क्रूसमा भएको मृत्युबारे पनि बताउनसक्नुहुन्छ।

हिब्रू 1:1–2 एक साथ मुखाग्र गर्नुहोस्। एकार्काको निम्ति प्रार्थना गर्न, मानिसहरु ससाना झुण्डहरुमा भेला होऊन् र तिनीहरुका सबै परिवारहरु र मित्रहरु टाड़ा–नजिकका जाति–जातिका समूहहरुलाई प्रभु येशूको कथा सुनाउन परमेश्वरलाई भन्नुहोस्।

# नानीहरु प्रभु येशू साँच्चै हुनुहुन्छ, जान

**प्रार्थना :** ''प्रेमिलो पिता, प्रभु येशूले जिउनुभएको जीवनलाई मन पराउन, नानीहरुलाई मदत गर्नुहोस् र उहाँ नै एक मात्र परमेश्वरका पुत्र, जो मानव बन्नुभयो, हुनुहुन्छ विश्वास गर्न तिनीहरुलाई मदत गर्नुहोस्।''

नानीहरुले सिक्नसक्ने कुनै पनि कार्यक्रमहरु चुन्नुहोस्।

ठूला-ठूला नानीहरुले यरुशलेममा प्रभु येशूको अन्तिम प्रवेश (लूका 19:28-40 बाट) बारे बताऊन्। यस कथाले यहि बताउँछ कि कसरी साधारण मानिसहरुले प्रभु येशू नै प्रतिज्ञा अनुसारको त्यो मुक्तिदाता (मसिही) र राजा हुनुहुन्छ जसले सारा संसारको निम्ति छुटकारा र शान्ती ल्याउनुहुनेछ विश्वास गरे।

कथा भनिसिध्याएपछि यी प्रश्नहरु गर्नुहोस् (उत्तरहरु, प्रश्नपछाड़ि छन्)।

- यरुशलेम जानका लागि प्रभु येशूले कसरी गधाको एउटा बछेड़ाको प्रबन्ध गर्नुभयो? (पद 30)
- चेलाहरुले बछेड़ाका मालिकलाई के भने (पद 34)।
- मत्ती 21:8 ले भन्छ, मानिसहरुले बाटोमा प्रभु येशूअघि, हाँगाहरु बिछाए। अर्को प्रकारले भन्नु हो भने, के तिनीहरुले आफ्ना आनन्द र प्रशंसा प्रकट गरे? (पद 36-37)।
- मानिसहरुले प्रभु येशूलाई को हुन भने (पद 38)।
- प्रभु येशूले के भन्नुभयो यदि उहाँले मानिसहरुलाई शान्त पारिए? (पद 39-40)

यस घटनाको पृष्ठभूमि बुझाउनुहोस्।

- प्रभु येशू उहाँको क्रूसीकरणअघि यरूशलेम जानुभयो।
- कति ईसाइहरुले त्यस दिन खजूरको दिन भन्छन् किनकि मानिसहरुले यरुशलेम जाने बाटोमा प्रभु येशूसामु खजूर हांगाहरु बिछाए।



- मृत्युबाट बौरि उठ्नुभन्दा एक हप्ता अघि, प्रभु येशू यरुशलेममा प्रवेश गर्नुभयो। त्यस हप्ताको बेला इतिहासका सबै घटनाहरु घटे।
- केहि नेताहरु र सरकारी अधिकारीहरुले उहाँको ईर्ष्या गर्थे अनि उहाँले तिनीहरुको सत्ताका ओहोदाहरु खोसिदिनेछन् भन्ने तिनीहरुभित्र डर थियो।

- धेरै मानिसहरुले प्रभु येशूद्वारा चंगाई पाए र उहाँ मुक्तिदाता भनि चिने जसरी पुराना नियमका अगमवक्ताहरुले यस संसारमा आउनुहुनेछ भनि भविष्यवाणी गरेका थिए।
- प्रभु येशू परमेश्वर हुनुहुन्छ जो मानव बन्नुभयो। उहाँ स्वर्गदूत अथवा परमेश्वर र मानवबीचको हुनुहुन्न। उहाँ परमेश्वर र मानव दुवै हुनुहुन्छ स्वर्ग र पृथ्वीबीचको केवत्र एकमात्र बाटो (पूल) हुनुहुन्छ।

  लूका 19:28-40 बाट यरुशलेम प्रभु येशूको प्रवेशबारे नाटक गर्नुहोस्।

- यस नाटक नानीहरुले प्रस्तुत गर्ने हेतूमा। मण्डली आराधनाका मुख्य अगुवासित व्यवस्था मिलाउनु होस्।
- नानीहरुलाई पढ़ाउने समयमा नानीहरुलाई नाटक तयार गराउनुहोस्।
- ठूलठूला नानीहरुले ससानाहरुलाई तयार हुन सघाऊन्।
- सबै भागहरु गर्न यदि पर्याप्त मानिसहरु नभएको खण्डमा, कथक त्यी भनून्।
- ठूल-ठूला नानीहरु वा जवान हरुले प्रभु येशू, गधा, गधाको मालिक र कथकका भूमिका गरुन। कथकले कथालाई संक्षिप्त गरेर नानीहरुले भन्न वा गर्न पर्ने कुराहरु याद गर्न मदत गरुन।
- ससानाहरुले चेला फरिसीहरु र भीड़ बनून। चेला र नानीहरुले जो, भीड़ हुन, हाँगोहरु कोट र कपड़ाहरु साथमा लेऊन्।

**कथक :** लूका 19:28-35 बाट कथाको पहिलो भाग बताऊन र भनून, ''सुन्नुहोस् प्रभु येशूल के भन्नुहुँदैछ।''

**प्रभु येशू :** ''यरुशलेम जाने अब मेरो समय आएको छ। नजिकैको गाउँमा गएर एउटा गधाको बछेड़ा फुकालेर मकहाँ ल्याओ। त्यसको मालिको सोधे, भनिदिनू, 'मालिक लाई (गुरु) यसको दरकार छ।'

**चेला :** गधाको नजिक गएको र डोरी फुकालेको जस्तो गर्नुहोस् र एउटा कोट लगाईदिनुहोस्।

**गधाको मालिक :** 'पर्खनुहोस्। तपाईंहरुले मेरा गधालाई के गर्नुहुँदैछ?''

**चेला :** ''गुरुज्यूलाई यसको दरकार छ।''

**मालिक :** ''ठिठै छ, लैजाओ यसलाई।''

**चेला :** गधालाईं प्रभु येशूकहाँ लैजानुहोस्।

**प्रभु येशू :** गधामा चढ़नुहोस्।

**गधाको मालिक :** ''हेर त! प्रभु येशू कहिल्यै कोहि नचढ़ेको मेरा गधाको बछेड़ामा चढ़नुहुँदैछ।''

**कथक :** लूका 19:36-40 बाट कथाको दोस्रो भाग बताउनुहोस्। र भन्नुहोस्, ''भीड़ले के भन्दैछ सुन्नुहोस्।''

**भीड़ :** प्रभु येशू अघाड़ि कोटहरु-वस्त्रहरु ओछ्याऊनुहोस् र हाँगाहरु हल्लाउनुहोस् र भूँईंमा बिछाउनुहोस्। कराउनुहोस्, ''परमेश्वरलाई महिमा!''

''होशन्ना।''''हाम्रा राजा आउनुहुँदैछ।''

**फरिसीहरु :** (रिसाउँदै) ''येशू तिम्रा चेलाहरुलाई यस्तो नारा लगाउन बन्द गर्न भन।''

**प्रभु येशू :** ''यदि तिनीहरु चुप बसे, यी डुंगाहरु कराई उठ्नेछन।''

**कथक वा ठूला नानी :** नाटक सिद्धाएपश्चात, नाटकमा सघाउनु सबैलाई धन्यवाद दिनुहोस्।

**प्रश्नहरु :** ठूलाबड़ाहरुसमक्ष यो नाटक नानीहरुले प्रस्तुत गर्छन् भने तिनीहरुले नै माथि दिइएका प्रश्नहरु उनीहरुलाई सोधून्।

**कविता :** भजन 118:22–24 र 28 बाट नानीहरुले, पदहरु मुखाग्र पढ़ेर सुनाऊन।

**सोध्नुहोस् :** नानीहरुलाई, हाम्रो प्रभु र राजा प्रभु येशूलाई अन्य कुन तरिकाले प्रंशसा गर्नसक्छौं। नानीहरुले साथै जवानहरुले उदाहरणहरु देऊन।

एउटा खजूरको हाँगाको **चित्र बनाउनुहोस्** र नानीहरुले यसलाई कपि गरुन।



- ठूल-ठूला नानीहरुले एउटा खूजरको रखको चित्र कोरुन।



- नानीहरुले यी चित्रहरु आउँदो आराधनाको बेला प्रदर्शन गरुन र बुझाऊन कि, यी हाँगाहरुले ख्रीष्ट हाम्रा प्रभु र राजालाई कसरी प्रशंसा गर्नपर्छ दर्शाउँछन।

यूहन्ना 14:6 कण्डस्थ पार्नुहोस्।

**प्रार्थना :** ''प्रेमिलो प्रभु, तपाई हाम्रो परमेश्वर हुनुहुन्छ। हामी तपाईंको आराधना गर्छौं।कति जनाले तपाईं साँच्चै को हुनुहुन्छ भनि अझसम्म पनि जान्दैनन् तर हामीलाई थाहा छ तपाई कति अचम्मका हुनुहुन्छ। त्यसैले हामी तपाईंको प्रशंसा गर्छौं। हामीलाई सहायता गर्नुहोस्–तपाईंको विषयमा अरुलाई बताउन सकौं, यसैले कि, तिनीहरुले पनि तपाईंको प्रशंसा गर्नसकून्।''

# प्रेरितहरुका कामहरु सेवाकाईको निम्ति निर्देशनहरु

नानीहरुलाई सिकाउनेहरुले ए 1 बी पढ़नपर्छ।

**प्रार्थना:**''प्रभु, हामीलाई पवित्र आत्माको शक्ति दिनुहोस् जसरी तपाईंले प्रेरित 1:8 मा प्रभु येशूको गवाही बन्नुको लागि दिनुहुन्छ भनि प्रतिज्ञा गर्नुभएको थियो।''

**1. तपाईंको हृदय, परमेश्वरको वचनले तयार गर्नुहोस्।**

लूकाले, जसले लूकाको सुसमाचार लेखे, यरुशलेममा कसरी मण्डली शुरू भयो र यहूदी तथा अन्यजातिहरुमाझ, एशिया, अफ्रिका र यूरोप कसरी फैलियो त्यी सबैको विवरण लेखे।




**प्रेरित। अध्याय** पढ़नुहोस्। पद 1–8 पदहरुमा, परमेश्वरको राज्य बढ़ाउने हाम्रो शक्तिको स्रोत खोज्नुहोस्।

**प्रेरित 1:8 मा** त्यी चारवटा **खोज्नुहोस्** जहाँ, तिनीहरुले पवित्र आत्माको शक्तिमा, प्रभु येशूबारे घोषणा गरे।

(1) **यरुशलेमले** हामी बस्ने समुदायलाई इंगित गर्दछ। तपाईंको 'यरुशलेम' कहाँ छ?

(2) **यहूदाले** एउटै संस्कृतिमा भएका नजिकका मानिसहरुलाई इंगित गर्दछ। तपाईंको ''यहूदा'' कहाँ छ?

(3) **सामरियाको** अर्थ हो समान संस्कृति, नजिकको। तपाईंका ''सामरीहरु'' को हुन्?

(4) **पृथ्वीको अन्तैसम्मको** अर्थ हो अवहेलित, त्यस्ता व्यक्तिहरु जसहरुलाई हामीले सुसमाचार पुरयाएको परमेवर चाहनुहुन्छ।

**प्रेरित 1:14 मा खोज्नुहोस्** प्रभु येशूले प्रतिज्ञा गर्नुभए अनुसारको पवित्र आत्मा पर्खन्दै चेलाहरु के गरिरहेका थिए? पवित्र आत्माले केवल तिनीहरुलाई उत्तेजनाका लागि मात्र भरिए अथवा तिनीहरु गवाही बन्नका लागि पवित्र आत्माले भरिए?

- **प्रेरित 2:24–32 मा** पाउनुहोस्, प्रभु येशूको मृत्युबाहेक पत्रुसको शक्तिशाली वचन (सन्देश) माथि बड़ि महत्वता।
- **प्रेरित 2:37–47 मा** पाउनुहोस्, प्रभु येशूका आज्ञाहरुप्रति विश्वासीहरुको प्रेरितका अन्य अध्यायहरुमा **खोज्नुहोस् :**

**अध्याय 3 :**प्रभु येशूको नाउँ लिएर हामीले परमेश्वरलाई पुर्कादा, उहाँले के गर्नु हुन्छ भनि हामीके आशा गर्छौं?

**अध्याय 4 :**क्रोधित अख्तियारहरुले हामीलाई धम्की दिंदा, हामी के गर्नसक्छौं ?

**अध्याय 5 :**परमेश्वरले उहाँसंग झूट बोल्नेहरुलाई के गर्नुभयो ?

**अध्याय 6 :**खाँचोमा परेकाहरुको देखभालको निम्ति मण्डीले के गरे ?

**अध्याय 7 :**अगुवाहरुलाई क्रोधित तुल्याउँदै स्तीफनसले इस्राएलको इतिहासको कसरी समिक्षा गरे औ तिनीहरुले उसलाई के गरे ?

**अध्याय 8 :**फिलिपले सामरियामा कसरी परमेश्वरको कार्य थाले र सिमोनले किन प्रेरितहरुलाई रुपिया–पैसा प्रदान गरे (चढ़ाए)।

**अध्याय 9 :**परमेश्वरले ईसाईहरुको सबभन्दा कट्टर शत्रुहरुलाई कसरी पश्चाताप गर्न मदत गर्नुभयो ?

**अध्याय 10–11 :**परमेश्वरले विश्वास गर्ने यहूदीहरुलाई, अन्य जातिहरुले पनि पवित्र आत्मा प्राप्त गरे भनि कसरी विश्वास दिलाउनुभयो।

**अध्याय 12 :**राजा हेरोदले याकूबलाई के गरे औ पत्रुस कसरी उनको हातबाट बाँचे ?

**अध्याय 13–14** टाड़ा टाड़ा देशहरुमा पावललाई कसले पठाए, उनीसित को गए र तिनीहरुले कसरी विश्वासीहरु भेला गरे।

**अध्याय 15 :**कसरी यहूदीहरुको नियम पालन नगर्ने त्यी अन्य जाति विश्वासीहरुलाई ग्रहण गर्न परमेश्वरले, यहूदीहरुलाई कसरी मदत गर्नुभयो ?

**अध्याय 16 :**पहिलो मण्डली, यूरोप, फिलिप्पीमा कसरी शुरू भयो र उनको झ्यालखाना का हाकिसलाई कस्तो प्रतिज्ञा गरे।

**अध्याय 17 :**विभिन्न माध्यमहरु, जसद्वारा यहूदीहरुले पावलका सन्देशहरु प्राप्त गरे।

**अध्याय 18 :**पावलले कोरिन्थमा कसरी आफ्नो सहायता गरे र उनका कर्मचारीहरुले अपोल्लसको निम्ति के भयो।

**अध्याय 19–20 :**एफिसीमा अनेकौं घटनाहरु, जसबाट झगड़ा उत्पन्न भयो र 'ब्वाँसाहरुबाट' बाँच्ने पावलको चेताउनी।

**अध्याय 21–28 :**पावललाई यरुशलेममा झ्यालखानामा किन राखियो, उनको विरुद्ध मुद्दाहरु तया रोममा जाँदै गर्दा के भयो।

**2. आउँदो साता तपाईंको बगालले के गर्नेछ सो योजना बनाउनुहोस् र प्रेरितहरुका उदाहरणहरुको अनुसरण गर्नुहोस्।**

- विश्वासीहरु ख्रीष्टको गवाही दिन उहाँको विषयमा नसुनेका मानिसहरुकहाँ जानको लागि योजना बनाउनुहोस्।
- प्रार्थनासहित र पवित्र आत्माको शक्तिमा (प्रेरितहरुले झैं) यसो गर्न, उनीहरुलाई मदत गर्ने योजना बनाउनुहोस्।
- तपाई 'यहूदा', 'सामरिया' र 'यरुशलेम' मा काम गर्न दिर्घम्यादी योजनाहरु बनाउनुहोस्।

**3. आउँदो आराधनाको समयबारे आफ्नो सहकर्मीहरुसित मिलेर बनाउनुहोस्**

वर्तमान खाँचोहरु एवं स्थानीय चलनहरुसित मिल्दो कार्यक्रमहरु छान्नुहोस्।

गवाही दिन तयार बन्नुहोस्। आराधनाको समयमा तपाईंले शक्तिद्वारा प्रभु येशूको गवाही दिन, विश्वासीहरुलाई तयार पार्नुहुनेछ। तपाई वा तपाईंको सहायकको प्रेरित 1:8 पाठ गर्दा, उनीहरुलाई यसमा उल्लेख दुईवटा कुराहरुप्रतिध्यान दिन लगाउनुहोस्।

- पहिलो, बिउँतनुभएको ख्रीष्टबारे अरुलाई बताउन, हामी कहाँबाट शक्ति पाउँछौं ?
- दोस्रो, पवित्र आत्माको शक्तिमा प्रेरितहरु गवाही दिन गएको चारवटा ठाउँहरु कुन् हुन् ?
- पढ़िसिध्याएपछि, दुईवटा प्रश्नहरुको जवाफ विश्वासीहरुले देऊन्। र उनीहरुले सक्छन् भने त्यी बारे कुटा गरुन्।

**सोध्नुहोस्,** त्यी चारवटा ठाउँहरु कुन् कुन् हुन् जसहरुले चारवटा ठाउँहरुलाई इंगित गर्दछन् जहाँ प्रेरितहरु प्रभु येशूको गवाही दिन गएका थिए। (माथि भाग 1 मा उत्तर छ) त्यसपछि तपाईंका 'यहूदा वा 'सामरिया' का मानिसहरुको निम्ति, जसहरुले प्रभु येशूलाई चिन्दैनन्, प्रार्थना गर्नुहोस्।

**नानीहरुले** तिनीहरुद्वारा तयार **नाटक** कविता तथा प्रश्नहरु **प्रस्तुत गरुन।**

प्रेरित 1:8 संगसंगै कण्डस्थ पार्नुहोस्।

साताबीचमा प्रभु येशूको विषयमा बताउन मानिसहरुकहाँ जाने सहकर्मीहरुसित बनाउनुभएको योजना बुझाउनुहोस्। यस कामको लागि खूबै राम्रो बन्दोबस्त गर्नुहोस्। विश्वासीहरुले कसलाई भेट्न जाने सो बारे कुरा गरुन्।

नयाँ चेलाहरुलाई प्रभु येशूका प्रमुख आज्ञाहरु पालन गर्न तयार पार्नुहोस्। तपाईं वा तपाईंका सहायकले प्रेरित 2:37–47 पढ्नभन्दाअघि, यरुशलेममा तीन हजार मानिसहरु जसले प्रभु येशूका आज्ञाहरु पालन गर्नलाई के गरे, विश्वासीहरुलाई त्यी कुराहरुबारे सुन्न भन्नुहोस्। पेन्तिकोसपछि प्रभु येशूको आज्ञा मान्न नयाँ विश्वासीहरुले गरेका त्यी सातवटा कुराहरु नबोली तपाईंका सहायकहरुले प्रदर्शन गर्नेछन्, बुझाउनुहोस्।

**(1) पश्चाताप** नबोली नै पश्चाताप दर्शाउनलाई, दुई जना सहायकहरु तयार गर्नुहोस्।

- कोठाको एउटा भागमा पहिलो सहायकले शैतानजस्तो बनेर, अर्को सहायकलाई इशाराले उतर्फ बोलाउँछन्।
- दोस्रो सहायक विस्तारै, देख्छ कि भन्ने डरले यताउता हेर्दै, उतर्फ अघि बढ्छन्। त्याहाँ पुग्नपुग्न लाग्दा उ रोकिन्छ र आफ्नो हृदयमा हात राखेर प्रार्थना गर्नलाग्छ। त्यसपश्चात् फनक्क फर्कन्छन् र अर्को बाटो लाग्छन।
- बाटकमा के देखाइयो मानिसहरुलाई अड़कल गर्न लगाउनुहोस्।पश्चातापको अर्थ हामीमा एउटा परिवर्तन भएको हृदय हुनु, पापबाट फर्केर, त्यत्तै नगएर, एउटा अर्को बाटो जानु।

**(2) बप्तिस्मा :** एकजना सहायकले अर्कोलाई बप्तिस्मा दिएको नकल गर्छन् (के गरियो मानिसहरुलाई अड़कल गरुन्)।

**(3) परमेश्वरको वचन सिक्नु र सिकाउनु :** एकार्कालाई बुझाएको जस्तो पृष्ठहरुका शब्दहरुलाई देखाउँदै गरेको सबैले देख्न सकून् भनेर एउटा खुला बाइबल ठाड़ो गरि पक्रन्छन्। (यो के गरियो सो बारे, मानिसहरुले अड़कल गरुन)।

**(4) संगति** (एकार्कालाई प्रेम गर्दै)। एकजना सहायकले अर्को सहायकले अंगालो हाल्छन (पुरुषले पुरुषलाई) अथवा तपाईंको संस्कृतिमा एकार्कामा, ख्रीष्टको दर्शाउनलाई गर्ने तरिका गर्छन्। (के गरियो सोबारे अड़कल गर्न मानिसहरुलाई लगाउनुहोस्)।

**(5) प्रभुभोज** (रोटी भाँच्दै)। एकजना सहायकले अर्कोलाई रोटी त्यसपछि कप थपाएको जस्तो नकल उतार्छन्। अर्कोले चाहीं खाएको र पिएको जस्तो गर्छन्। (मानिसहरुलाई के गरियो अड्कल लगाउन लगाउनुहोस्)।

**(6) प्रार्थना** दुईजना सहायकहरुले चुपचाप घुँड़ा टेकेर प्रार्थना गरे झैं गर्छन् (मानिसहरुलाई के गरियो सो अड्कल गर्न लगाउनुहोस्)।

**(7) दिनु** एकाजना सहायकले अर्कोलाई केहि दिए जस्तो गर्छन्। अर्कौले केही नबोली धन्यवाद दिएको जस्तो गर्छन् (के गरियो सोध्नुहोस्)।

**बुझाउनुहोस्** प्रेरितहरुले के गरे। प्रेरितमा भएका एउटा वा बढ़त घटनाहरु छान्नुहोस् र मण्डलीमा बताउनुहोस् वा नाटक गर्नुहोस्। नानीहरु र जवानहरु दुवैले नाटक गरे अतिनै ओजनदार हुनेछ। त्यसपछि यसबाट विश्वासीहरुले के सिके, साध्नुहोस्। फलस्वरूप उनीहरुले के गर्ने योजना बनाउँछन्, सोध्नुहोस्।

**प्रभुभोज शुरुवात गर्न,** प्रेरित 20:7 पढ़नुहोस्। बुझाउनुहोस्, विश्वासीहरु प्रभुभोजमा भाग लिन, हप्ताको पहिलो दिन अर्थात ख्रीष्टको पुनरुत्थानको दिन भेला भए।

**दुई वा तीनजनाको झुण्डमा** एकार्काको निम्ति प्रार्थना गर्नुहोस् र सहायता गर्नुहोस्। गवाही दिने तथा एकार्कालाई प्रोत्साहित गर्ने योजनाहरु सुनिश्चित गर्नुहोस्।

# याकूबले आकाशभित्र देखे

**प्रार्थना :** ''प्रिय प्रभु, पुरानो नियमका पिता–पूर्खाको पाठहरु र साहसिक कार्यहरुलाई कदर गर्नलाई बालकहरुको मदत गर्नुहोस्।''

नानीहरुको सिक्ने क्रियाकलापहरु तिनीहरुको उमेर अनुसार भिल्ने गरी कुनै चुन्नु होस्।

याकूबले एउटा भऱ्याङ् आकाश सम्मै पुगेको औ दूतहरु त्यसमा उकलन्दै र ओर्लन्दै गरेको सपना देखे (उत्पत्ती 28:12)।



ठूलो नानी वा शिक्षकले उत्पत्ती 28:10–22 देखि याकूबको भरथाड़को कथा पढ़ी दिऊन। यसले इस्राएल जातिका पिताहरु मध्ये एक अर्थात याकूब कहाँ परमेश्वरले आफैलाई कसरी प्रकट गर्नु भयो बताउँदछ।

कथा सुनाए पछि, यी प्रश्नहरु सोध्नुहोस् (प्रत्येक प्रश्नहरुको बादमा उत्तरहरु देखा पर्नेछ)।

- याकूबले यात्राको बीचमा आराम लिनलाई के को सिह्रान बनाए? (पद 11 हेर्ने)
- याकूबले कस्तो सपना देखे? (पद 12)
- याकूबको सन्तानको संख्याको निम्ति परमेश्वरले के प्रतिज्ञा गर्नुभयो? (पद 14)
- पृथ्वीका सबै वंशहरु कसमा आशीर्वादी हुन्छ भन्नु भयो? (पद 14)
- याकूबको यात्रा वारे प्रभुले तिनलाई के सान्त्वना दिनुभयो? (पद 15 हेर्ने)।
- जब याकूब निन्द्राबाट त्यूँझे तिनी किन डराए? (पद 16–17)
- परमेश्वरले याकूबलाई दिनु भएको सबै थोकको दशवाँ अंश कसलाई दिने तिनले प्रतिज्ञा गरे? (पद 22–23)

याकुबको दर्शनको कथाका भागहरु नाटकमा सजाउने (उत्पत्ति 28:10–22)।

- यो छोटो नाटक प्रस्तुत गर्नलाई नानीहरुको निम्ति उपासनाका अगुवाहरुसित मिलेर प्रबन्ध मिलाउने।
- नाटक तयार पार्नमा तपाईले नानीहरुसित समय बिताउनुहोस्।
- तपाईले सम्पूर्ण भाग नचलाए पनि हुन्छ।
- ठूला नानीहरुले किशोरहरुलाई तयारी गर्नमा मदत गरुन।
- ठूला नानीहरुले वा प्रौढ़हरुले यी पाठहरु खेलुन :

  **याकूब** एउटा दूंङ्गा र सानो बोतल तयार पार्ने। परमेश्वरको आवाज

  **कथक**। कथालाई छोटो गरी सुनाउने र नानीहरुले के बोल्ने र गर्ने भनी सम्झना दिलाउनमा मदत गर्ने।
- किशोर बालकहरुले दूतहरुको पाठ गर्ने, भरयाड़लाई प्रतिनिधि गर्नलाई कुर्सी वा अरु कुनै थोक प्रयोग गर्ने।

**कथक :**उत्पत्ति 28:10–22 बाट कथा सुनाउने अनि त्यसपछि भन्ने, ''सुन्नुहोस् याकूबले के भन्दछ।''

**याकूब :**शीरमुनी दुङ्गा राखेर सुत्नलाई पल्टीने। त्यसपछि मन्ने, ''रात निकै परयो, ध्रैरै लामो यात्रा गरेको छु। अब म सुत्नै पर्छ।''

**दूतहरु :**याकूबको छेउमा भर्‍याग राख्ने अनि त्यसमा उकल्ने र ओर्लने गर्ने।

**परमेश्वरको आवाज :**(प्रत्येक प्रतिज्ञालाई जोड़ले, विस्तारै अनि स्पष्टरूपमा बोल्ने)।

''याकूब, म परमप्रभु, तेरा बाजे अब्राहामका र पिता इसहाकका परमेश्वर हूँ।

''म तँलाई ध्रैरै सन्तानहरु दिनेछ।

''तिनीहरुमानै पृथ्वीका सबै आशीर्वादी हुनेछन्।

''म तँ सित छु।''

**दूतहरु :**भरयाड़ उठाउने र जाने।

**याकूब :** ब्यूझिन्छ, उठेर अनि भन्दछ, ''कस्तो प्रतापी सपना, यो ठाउँ अचम्भको रहेछ, कारण यहाँ परमेश्वर हुनुहुँदो रहेछ। म यहाँ एउटा सम्झना छोड़ेर जानेछ।'' (सिह्नानी बनाएको ढुङ्गा उठाउने अनि सबैले देख्ने गरी कहीं राख्ने। बोतलबाट तेल खनाएको बहना गर्ने)। भन्ने, ''यदि परमेश्वरले मेरो यात्रामा मलाई रक्षा गर्नु हुन्छ भने, उहाँ मेरो परमेश्वर हुनुहुनेछ।''

**कथक :**नाटकमा सहयोग दिने सबैलाई धन्यवाद दिने।

**प्रश्नहरु।** यदि प्रौढ़हरुको निम्ति यो कथालाई नानीहरुले नाटकमा प्रस्तुत गरे, मायीका प्रश्नहरु तिनीहरुले प्रौढ़हरुलाई सोधुन।

**नानीहरुलाई सोध्ने :**परमेश्वरले आफैलाई मानिसहरुकहाँ प्रकट गर्नु हुन्छ भन्ने अरु प्रकारको उदाहरणहरु के हुन सक्छन्? (नानीहरुलाई उत्तर दिऊन)।

एउटा भरयाड़को चित्र बनाउनु होस् र नानीहरुलाई नकल गर्न लाउनुहोस्। तिनीहरुको चित्रहरु उपासनाको समयमा प्रौढ़हरुलाई देखाउन सक्छन् अनि हामीले परमेश्वरलाई देख्न नसकेता पनि उहाँ हाम्रो वरिपरि कसरी हुनुहुन्छ भन्ने कुरा आकाशमा गएको भरयाड़ले व्यक्त गर्दछ भनी बुझाऊन।



एफिसी 5:20 कण्ठस्थ गर्ने,

''हर समय सबै कुराको निम्ति हाम्रा प्रभु येशू ख्रीष्टको नाउँमा उहाँलाई धन्यवाद चढ़ाउ।''

परमेश्वर कसरी उहाँलाई भरोसा गर्नेहरुसित तिनीहरुप्रति विगाह राख्नलाई संधै उपस्थित हुनुहुन्छ भने बारेमा ठूला नानीहरुलाई कविता वा गीत लेख्न लाउनुहोस्।

**कविता।** चार जना नानीहरु प्रत्येकले एक–एक पद गरी भजन संग्रह 139:7–10 बाट गरुन्।

तपाईको आत्माको दृष्टिबाट म कहाँ जाऊँ?

अथवा तपाईको सामनेबाट म कहाँ भागूँ?

स्वर्गमा उकलें भने, तपाई त्यहाँ हुनुहुन्छ, पातालमा आफ्नो ओध्यान बनाएँ भने,

त्यहाँ पनि तपाई हुनुहुन्छ।

बिहानको पखेटामा उड़ेर

समुन्द्रको पल्लो किनारामा बसें भने पनि,

त्यहाँ पनि तपाईको बाहुलीले मलाई डोर्‍याउनेछ,

र तपाईको दाहिने बाहुलीले मलाई समात्नेछ।

**प्रार्थना :** ''पिता, तपाई आफैलाई याकूबको अगि प्रकट गर्नु भएको निम्ति हामी तपाईलाई धन्यवाद टक्राउछौं। हामी जान्दछौं कि तपाई हामीसित निरन्तर हुनुहुन्छ, जसरी तपाई याकूबसित हुनुहुन्थ्यो। तिनले झैं तपाईमा भरोसा गर्न हामीलाई मदत गर्नुहोस्। याकूबको सन्तान, येशू, द्वारा मलाई र हामी प्रत्येकलाई आशीर्वाद दिनुभएको निम्ति तपाईलाई धनयवाद।''

# परमेश्वरले आफना जनहरूलाई दासत्व बाट मुक्त गर्नुहुन्छ

**यसलाई अध्ययन गर्नभन्दा अगि 'उत्पत्तीमा कुलपिता' अध्ययन पी. 2 ए. 1 पढ़नुहोस्।**

बालकहरुलाई सिकाउनेले अध्ययनहरु पी· 2 बी· 1 र पी· 2 बी· 2 पढ़नु पर्छ।

**1. प्रस्थानको विषयमा सिकाउनलाई परमेश्वरको वचन र प्रार्थना सहित तयारी हुने।**

**प्रार्थना :** ''प्रिय प्रभु, हामीलाई साहस, विश्वास र आज्ञाकारीता दिनुहोस् जस्तै मोशामा थियो, जब तपाईले मिश्रको राजा फिरऊन अनि तिनका सेनाको हातबाट तपाईको लोगहरुलाई स्वतन्त्र गर्नलाई तिनलाई प्रयोग गर्नुभयो। आज पनि तपाईले उदभुत कार्यहरु गर्न सक्नुहुन्छ भनी हामी विश्वास गर्छौं, सारा जातिहरुलाई तपाईको राज्यमा ल्याउनलाई, येशूको नाममा निको पार्न र जीवनहरु परिवर्तन गर्नलाई।''

एउटा दुष्ट राजाले किन साना बालकहरुलाई मार्ने चेष्टा गरे प्रस्थान 1 अध्याय मा पाउनु हुन्छ। येशूको जन्म हुदाँ पनि यस्तै प्रकारको घटना के घटे (मत्ती 2:13-16)?

कसले बालक मोशालाई बचाए प्रस्थान 251-10 मा पाउनुहुन्छ।

मोशा पछिबाट मिघ्यानमा किन भागेर गए अनि त्यहाँ तिनलाई के भयो प्रस्थान 2511-15 मा पाउनुहुन्छ।

जल्दै गरेको प्रोथ्रो बाट बोल्दै परमेश्वरले मोशालाई के गर्नलाई भन्नुभयो।



मोशा र फिरऊन बीचको द्वन्द अनि मोशा र तिनका मानिसहरु बीचको द्वन्द प्रस्थान 5 अध्यायमा पाउनुहुन्छ।



दश वटा रूढ़ीहरु जसलाई परमेश्वरले आफ्नो लोगहरुलाई स्वतन्त्र गराउन मिश्रको राजालाई बाध्य गराउनलाई पठाउनु भयो, अनि अन्तिम रूढ़ी सबै भन्दा खराब थियो, प्रस्थान 6–11 अध्यायमा पाउनुहुन्छ।

परमेश्वरले कस्तो चाड़ स्थापना गर्नभयो, अनि परमेश्वरका जनहरुले किन तिनीहरुको दोकाको खाँबाहरुमाथि रगत पोते प्रस्थान 12 अध्याय मा पाउनुहुन्छ।

येशूले कस्तो चाड़ मनाउदै हुनुहुन्यो जब उहाँले प्रभुभोज स्थापना गर्नुभयो, मत्ती 16:1––28 मा पाउनुहुन्छ।

परमेश्वरका जनहरु मिश्रको सेनाहरुबाट कसरी उम्के प्रस्थान 14 अध्यायमा पाउनुहुन्छ।

पुरानो नियममा भएको सबैभन्दा महान चमत्कार इस्राएलीहरु मृत्युबाट बाच्नलाई परमेश्वरले लाल समुन्द्रमा बाटो बनाउनु भएको थियो। यो महान घटनामा परमेश्वरले इस्राएलीहरुसित उहाँको पुरानो करारको जग बसाल्नु भयो, जो ख्रीष्ट जन्मनु भन्दा प्राय: 1,500 वर्ष अगि घटेको थियो।



परमेश्वरका मानिसहरुले मिश्रको नील नदीलाई छोड़ेर लाल समुन्द्र पार गरे अनि सिनै पर्वतलाई कुल्चे जहाँ परमेश्वरले मोशालाई तिनीहरुको पुरानो व्यवस्था दिनुभयो। सिनै पर्वतलाई केहि रिति रिवाजहरुले 1 नम्बर जग्गामा राखेका छन् तर पुरातत्वविद् हरुले 2 नम्बर स्थानमा गहना र भाँड़ावर्तन त्यागेका भेटाए, जसले घेरै मानिसहरुको पौराणीक छाउनीलाई दर्शाउदछ।

तलको मानचित्रमा मिश्र देखिको इस्राएलीहरुको बाटो हेर्नुहोस्।



मानिसहरुले किन असन्तुष्टता प्रकट गरे र खानलाई परमेश्वरले तिनीहरुलाई दुइ कुरो के के दिनुभयो प्रस्थान 16 अध्यायमा पाउनुहुन्छ।

प्रस्थान 17:1-13 मा पाउनु हुन्छ :

- मानिसहरुले फेरि असन्तुष्टता किन जाहेर गरे अनि परमेश्वरले तिनीहरुको निम्ति के प्रबन्ध गरीदिनु भयो।
- हारुन र हूरले मोशाको हात किन थामी राखे।

मोशाले मानिसहरुलाई कसरी व्यवस्थित राखे प्रस्थान 18 अध्याय मा पाउनु हुनछ।

**2. हप्ता भर गरिने तिनीहरुको क्रियाकलापहरु बारे सह-कर्मीहरुसित योजना बनाउनु होस्।**

- घरेलू संगतीहरु र मण्डलीहरु शुरू गर्ने, येत्रोको सल्लाहलाई योग्यका गोठालाहरु नियुक्त गर्नमा प्रयोग गर्ने।
- शिकारु गोठालाहरुले तिनीहरुको बगाललाई प्रस्थानबाट यो अध्ययन सिकाउनलाई तालिम दिने।
- यी गोठालाहरुलाई बिरामी भएकाहरु र खाँचोमा परेकाहरु कहाँ गएर तिनीहरुको निम्ति प्रार्थना गर्न र परामर्श दिनलाई मन्नुहोस्।

**3. अर्को उपासनाको निम्ति तपाईको सह-कर्मीहरु सित मिलेर योजना बनाउनुहोस्।**

मानिसहरुको खाँचोलाई ध्यानमा राखेर क्रियाकलापहरु चुन्नुहोस्।

भाग-1 मा तपाईले अध्ययन गर्नु भएको केहि घटनाहरुलाई अभिनय गर्ने वा दोहोरयाउने।

यहूदीहरुले तिनीहरुको ढोकाको खाँबाहरु किन रगतले पोते बुझाउनुहोस्। निस्तार चाड़ कसरी प्रभुभोज सित मेल खान्छन्।

दुष्ट राजा फिरऊन बाइबलमा पाइने शैतानको रूप हो भनी बुझाउने।

- शैतानको जस्तै, फिरऊनको ठूलो शक्ति थियो र मानिसहरुलाई दास बनाएर राख्थे।
- परमेश्वरले फिरऊन र तिनको सेनाहरुबाट इस्राएलीहरुलाई मुक्त गराएको जस्तै येशूले मानिसहरुलाई शैतान र त्यसको दुष्ट आत्माहरुको फौजबाट छुटाउनु हुन्छ।
- ती मानिसहरुको निम्ति प्रार्थना गर्नोस जसलाई पाप र आत्माहरुबाट छुटकारा पाउनलाई ख्रीष्टको खाँचो छ।
- नानीहरुले तयार पारेका कुराहरु प्रस्तुत गर्न लाउनुहोस्।
- प्रभुभोजको परिचय दिनलाई प्रस्थान 12:3 पढ्नु होस् अनि व्याख्या गर्नुहोस् :
- निस्तार चाड़ मनाउनलाई इस्राएलीहरुले एउटा पाठा खाए।
- परमेश्वरको दूत मिश्रबाट भएर गए र प्रत्येक घरका जेष्ठ पुत्रलाई मारे तर ढोकामा पाठाको रगत पोतेका घरका छोराहरुलाई छोड़ी दिए।



- येशू परमेश्वरको पाठा हुनुहुन्छ जसले संसारका पापहरु उठाइ लानुहुन्छ।
- येशू संसारमा आएर भरे पछि प्रभुभोज हाम्रो निम्ति निस्तारचाड़ भएको छ।



प्रभुभोजले बिश्वासीहरुलाई येशूको बलिदान स्वरूपको मृत्युलाई सम्झना गर्न र कदर गर्नमा कसरी मदत पुराएको छ तिनीहरुलाई साक्षी दिन लाउनु होस्।

एउटाले अर्कोको निम्ति प्रार्थना गर्नलाई र अरुलाई शैतानको दासत्वबाट छुटकारा दिलाउनलाई तिनीहरुले कसरी मदत गर्न सक्छन् भनी छलफल गर्नलाई दुई वा तीनको झूण्ड बनाउनुहोस्।

पुरुषहरुले प्रस्थान 15:18-19, र स्त्रीहरुले पद 20-22 कण्ठ गरुन।

**प्रार्थना :**''प्रिय प्रभु, मानिसहरुलाई पापको दासत्व मृत्यु र दुष्ट आत्माहरुबाट मुक्त गराउनलाई बालकहरुले तपाईमा भरोसा गर्नमा मदत गर्नुहोस्।''



**काल दूत**

ठूलो नानी वा प्रौढ़ले तल तीन भागमा बाड़ेको नाटकको कथकको संक्षिप्त बयानमा नौ बटा संख्यालाई प्रयोग गर्दै दासत्वबाट इस्राएलीको निर्गमनलाई दोहोरयाउन्।

दासत्वबाट इस्राएलीको निर्गमनको भागहरुलाई नाटकमा प्रस्तुत गर्ने (प्रस्थान 11-15 अध्याय) :

- यो नाटक प्रस्तुत गर्नलाई नानीहरुको निम्ति आरधनाका अगुवाहरुसित मिलेर व्यवस्था मिलाउने, वा यसको केहि भागहरु।
- तपाईको शिक्षण अवधिमा नानीहरुसित नाटक अभ्यास गर्नुहोस्।
- ठूला नानीहरुले सानाहरुलाई तयार गर्नमा मदत गरुन्।
- तपाईले सबै भागहरु प्रयोग गर्नु पर्दैन।
- ठूला नानीहरु वा प्रौढ़हरुले फिरऊन, भयभीत बालक, कथक अनि मोशाको पाठहरु गरुन्।
- साना नानीहरुले अभिनेताहरु बनुन् जसले भिन्दा भिन्दै भागहरु खेल्दछ।

**भाग एक**

**कथक :**कथाको पहिलो भागलाई छोटकरीमा वर्णन गरुन :

(1)दुष्ट मिश्रीहरुले परमेश्वरको जातिहरुलाई कोरी लगाए अनि तिनीहरुलाई दासको काम गर्न बाध्य गराए।

(2)परमेश्वरले तिनीहरुको चित्कार सुन्नु भयो र दासहरुलाई स्वतन्त्र गराउन मनी दुष्ट राजा फिरऊनलाई भन्नको निम्ति मोशालाई पठाउनु भयो।

(3)फिरऊनले इन्कार गरे, फिरऊनले दासहरुलाई छोड़ी दिऊन भनी जारे लगाउनलाई। यसैले परमेश्वरले बिपत्तिहरु पठाउनुभयो।

त्यसपछि भन्ने, ''सुन्नुहोस्, मोशाले दुष्ट राजा फिरऊनलाई के माँग राख्दछ।''

**मोशा :**''इस्राएलका अत्ति उच्च परमप्रभु परमेश्वरले उहाँका जातिहरुलाई दासत्वबाअ मुक्त गरिदिने तपाईलाई आज्ञा गर्नु हुन्द।''

**फिरऊन :**''तिमीहरुको परमेश्वर को हो जसको मैले आज्ञा मान्नु पर्ने? मिश्रको घ्येरै शक्तिशाली देवताहरुछन्।''

**मोशा :** हाम्रो परमेश्वर तिम्रो मूर्तिहरुको भन्दा द्येरै शक्ति छन् भनी प्रमाण दिनलाई विपत्तीहरु पठाउने छन्।''

**कथक :**''पहिलो विपत्ति। प्राचिन मिश्रीहरुले नील नदीलाई देवताको रूपमा पुज्दथे, यसैले परमेश्वरले त्यसलाई रगतमा बदलाउनु भयो।''

**फिरऊन :**हाम्रा सबै खोलाहरु घृणित भएको छ, तर मेरा मानिसहरुले ताजा पानी पिउनलाई कुवाहरु खन्दैछन्।

**अभिनेताहरु :**भ्यागुता जस्तै उफ्रने।

**कथक :**''दोस्रो विपत्ति! भ्यागुताहरु! सुन्नुहोस्, फिरऊन र तिनका मानिसहरुले भ्यागुताहरुको निम्ति के भन्दछन्।''

**फिरऊन :**''जहीं कहीं भ्यागुतै–भ्यागुता! मेरा सुत्नेकोठा भित्र पनि! बाहिर लखेट!''

**अभिनेताहरु :**तिम्रो अनुहार, घाँटी र हातमा थप्पड़ हिर्काउ। उड्डसबारे गन गनाऊ।

**कथक :**''तेस्रो विपत्ति!'' भुसुना! सुन्नुहोस् मानिसहरुले भुसुनाको बारेमा के भन्दछ।''

**फिरऊन र अभिनेताहरु :**वरिपरि भएको भुसुनालाई छल्ने अनि त्यसबारे असन्तुष्टता व्यक्त गर्ने।

**कथक :**''चौथो विपत्ति! झींगाहरु! फिरऊन र तिनका मानिसहरुले झींगाहरुसित के गर्दछन्।''

**अभिनेताहरु :**''पाँचो विपत्ति! गाइ–वस्तुमा भयानक रूढ़ी! हेर्नुहोस् गाइहरुले के गर्दछन्।''

**फिरऊन र अभिनेताहरु :**कत्तिले तिनीहरु हात पक्रनु, अरुले अनुहार। कष्टले कराउने।

**कथक :**''छैटों विपत्ति। घाउ–खटिरा! फिरऊन र तिनका मानिसहरुले खटिरा बारे के गर्दछन् हेर्नुहोस्।

**अभिनेताहरु :**माथि तिर हेर्ने अनि आफ्नो भुहार असिनाबाट बचाउनलाई छोप्ने। त्यसपछि भूँईमा लड़ने।

**कथक :**''सातौं विपत्ती! असिना! जब असिना झर्दछ तब मुर्त्तिपूजकहरुले के गर्दछ हेर्नुहोस्।''

**अभिनेताहरु :**फटेंग्राहरु जस्तै वरिपरि उफ्रने।

**फिरऊन :**''बन्द गर! मोशा! त्यसले हाम्रो सबै अन्नहरु नष्ट गरी सके!''

**कथक :**''आठौं विपत्ति! फटेंग्राहरु! फटेंग्राहरुले के गर्छन् हेर्नुहोस्।

**अभिनेताहरु :**अन्धा भए जस्तै वरिपरि हिंड़ने। देख्नै नसकिने अध्यारो भयो भनेर असन्तुष्टता जाहेर गर्ने। बाटो पैलाउनलाई तपाईको हाता अगाड़ी उठाएर छाम–छाम, छुम–छुम गर्दै हिड़ने। एउटा अर्को सित ठोकिएर लड़ने।

**कथक :**''नवौं विपत्ति! मिश्रीहरुले सूर्यलाई पुज्दथे यसैले परमेश्वरले अन्धकार पठाउनु भयो! हेर्नुहोस्, मानिसहरुले के गर्दछन्।''

## भाग–दुइ

**कथक :**कथाको दोस्रो भाग छोटकरीमा बताउने :

(1)अन्तिम विपत्तिमा काल दूत देश भरी उड़े अनि हरेक घरको जेष्ठपुत्रलाई मारे।

(2)विश्वासीहरुले पाठाको रगतले तिनीहरुको दोकाहरुमा चिन्ह लगाए। दूतले रगतको छाप देखे र त्यस घरलाई छोड़ी दिए।

(3)चाँड़ो–चाँड़ो गरी तिनीहरुले पाठाको मासु खाए। आजको दिन सम्म पनि यहूदीहरुले प्रत्येक वर्ष यो

निस्तारको चाड़ मनाउने गर्छन्।

**भयभीत बालक :**यो कवितालाई भावनापूर्वक बिस्तारै पढ़ने वा स्मृतिद्वारा पाठ गर्ने,

बालकको भयपूर्ण आशा
बालक विलाप गर्छ, ''म सुत्न सकिदँन
चाँड़ो गरी काँप्दछ मेरो मुटु!
भोशाले भने आजनै यो हुनेछ।
काल दूत मिश्रको देश भरी घुम्ने छ।
अनि म, जेष्ठ बालक, मर्ने छु,
हाम्रो ढोकामा पाठाको रगत नलागेसम्म।
रात अध्यारो छ अझ गहरीदै जाँदैछ।
हावा चिसो छ र अझ बढ़दै छ।
कुनै घरमा म केहि सुन्दिन।
काल दूत अब आउँदैन होला।
अहो! म सुन्छु कष्टको रुवाइ, द्येरै टाड़ोमा।
परमेश्वरको दूत अब आइ रहेछ।
फेरि म सुन्छु मृत्युको चित्कार, नजिकैमा।
चारै पट्टि रोदन मात्र, मिश्रीहरुको भाषामा (रोक्ने)।
चिच्चाहट अब सुन्दिन, सुँक्-सुँक मात्र, मौन शुन्यतामा
म बाँचे! म बाँचे! पाठाको रगतले मलाई जीवन दियो।''

**भाग-तीन**

**कथक :**कथाको तेस्रो भागलाई सक्षिप्तमा वर्णन गर्ने :

(1)फिरऊनले मानिसहरुलाई जान दिए, तर तिनले आफ्नो मन फिराएर तिनको सेनाहरुलाई पछि पछि पठाए।

(2)परमेश्वरले तिनका मानिसहरुको निम्ति लाल समुन्द्रमा बाटो खोल्नु भयो।

(3)जब सेनाहरुले तिनीहरुको पिछा गर्ने कोशिष गरे, तब पानी फर्केर तिनीहरुलाई डुबाए।

**त्यसपछि, मन्ने**, ''सुन्नुहोस् फिरऊनले अन्तिम बिपत्ति के भन्दछ, मिश्रीहरुको घरहरुमा जेष्ठ पुत्रको मृत्यु।''

**फिरऊन :**''मेरो जेष्ठ पुत्र मरयो र यसैले मैले दासहरुलाई जान दिएँ। तर अब मेरो मन बदलिएको छ! तिनीहरुको पछि जाउ, सिपाही हो। तिमीहरु रथ र घोड़ाहरु लेऊ। हरेक इस्राएलीलाई मार।''


**अभिनेताहरु :**घोड़ चड़ी गरे झैं कुदै बहना गर्ने। पानी फर्केर आउँदा चिच्च्याउ। र लड़ने।

**मोशा :**''पवित्र परमेश्वरको प्रशंसा गर! उहाँको शक्तिशाली हातले हामीलाई दासत्व र मृत्युबाट छुड़ाउनु भयो!

आमेन।''

**कथक :**नाटकमा मदत गर्ने सबैलाई धन्यवाद टक्राउने।

नानीहरुले एउटा भ्यागुताको चित्र बनाउन्। ती चित्रहरु उपासनाको समयमा प्रौढ़हरुलाई देखाउन अनि बुझाउन कि परमेश्वरले दुष्ट राजालाई जोर गरेर दासहरुलाई मुक्त गराउन भ्यागुताको विपत्ति पठाउनु भएको हो।



**कविता :**चार जना नानीहरु प्रत्येकले प्रस्थान 15:3–9 बाट पाठ गरुन। परमेश्वरले ख्रीष्ट भन्दा 1500 वर्ष अघि उहाँको जनहरुलाई कसरी बचाउनु भयो ठूला नानीलहरुलाई त्यसबारे कविता लेख्न लाउनुहोस्। भजन संग्रह 91:1 कण्डस्थ गर्नुहोस्।

**प्रार्थना :**''प्रिय प्रभु, तपाई सर्वशक्तिमान हुनुहुन्छ। तपाईले हामीलाई सवै दुष्टहरुको राजाबाट मुक्त गर्नु हुन्छ, जो शैतान हो। हाम्रा मित्रहरुलाई पनि छुड़ाउनु होस्, हामी तपाईलाई विन्ति टक्राउछौं, येशूको सर्व–शक्ति नाममा। आमेन।''

## परमेश्वरले उहाँका लोग इस्राएललाई असल व्यवस्थाहरु दिए

प्रार्थना। ''प्रभु, तपाईको लोगहरुलाई केहि असल बनाउन तयार भनी तयार पार्नलाई तपाईले दिनुभएको तपाईको प्राचिन व्यवस्थालाई देख्न नानीहरुलाई मदत गर्नुहोस्।''

नानीहरुको खाँचोहरु र उमेरलाई सुहाउँदो गतिविधिहरु चुन्नुहोस्।


मोशाले दश आज्ञा पाए। परमेश्वरले कसरी इस्राएल जातिको निम्ति दश आज्ञा मोशालाई दिए ठूलो नानी वा शिक्षकले पढ़िदिऊन वा सुनाउन्।

उहाँको व्यवस्थालाई प्राप्त गर्नलाई परमेश्वरले मानिसहरुलाई कसरी तयार पार्नु भयो बताउनु, प्रस्थान 19:9–13।

परमेश्वरले सिनै पर्वतमा के गर्नु भयो बताउने, प्रस्थान 19:16–25।

प्रत्येक आज्ञालाई छोटकरीमा व्याख्या गर्ने, प्रस्थान 20:1–21।

नानीहरुलाई चित्रलाई नकल गरुन। ठूला नानीहरुले आज्ञाहरु लेखे हुन्छ।




**1. यी प्रश्नहरु सोध्नुहोस्। प्रत्येक प्रश्नको पछि उत्तरहरु सित पदहरु पाउनु हुन्छ।**

- जब मानिसहरु परमेश्वरलाई भेटन गए तब पर्वत के जस्तो थियो? प्रस्थान 19:18।
- यदि मानिसहरुले पर्वतलाई छोए भने के हुन्थे? प्रस्थान 19:24।
- जब तिनीहरुले पर्वतमा द्युवाँ देखे मानिसहरुलाई के भयो? प्रस्थान 20:18।
- मोशालाई दिएको दश आज्ञाहरु के के थिए? नानीहरुलाई याद भए जत्ति सबै भन्न लाउनुहोस्।

**2. गलाती 5:18 व्याखा गर्ने ''तर आत्माले डोरयाएका हो भनेता तिमीहरु व्यवस्थाको अधिनमा हुँदैनौ।''**

- जब येशू मर्नू भयो अनि मुर्दाबाट बौरी उठनु भयो अनि हामीमा वास गर्न भनी पवित्र आत्मालाई पठाउनु भयो, हामी अब उसो पुरानो करारको प्राचिन व्यवस्थाको अधीनमा छैनौं। रोमी 6:14 ले हामीलाई निश्चय गराउँदछ, ''...तिमीहरु व्यवस्थाको अधीनमा होइन, तर अनुग्रहको अधिनमा छौ।''
- इस्राएल जातिलाई दिइएको पुरानो व्यवस्थालाई येशूले पुरा गर्नु भयो, मत्ती 5:17।



- हामी परमेश्वरले अनुग्रहबाट बचाइएका छौं, प्राचिन व्यवस्थालाई अपनाएर होइन तर पवित्र आत्माको बदलाउने कामद्वारा, एफिसी 2:8–10 :



- नयाँ करारको अधीनमा हामी येशूको आज्ञाहरु प्रेम सित पालन गर्छौं, भयसित होइन। उहाँले भन्नु भयो, यदि तिमीहरुले मलाई प्रेम गर्छौं भने भेरा आज्ञाहरु मान्छौ'' यूहन्ना 14:15।

येशूले द्येरै विषयहरुमा आज्ञा गर्नु भएको छ। उहाँका आज्ञाहरु सात आज्ञा जस्तै हामी छोटयाउन सकछौं जसलाई विश्वासीहरुले पालन गर्दैछन् प्रेरित 2:37–47 :

(1)पश्चताप, विश्वास अनि पवित्र आत्माले भरपूर।

(2)बप्तिस्मा हुनु।

(3)प्रेम अनि क्षमा।

(4)प्रभुभोज मनाउनु।

(5)प्रार्थना

(6)दिनु

(7)चेलाहरु बनाउनु।

**3. मोशा र दश आज्ञाको कथालाई नाटकमा परिवर्तन गर्ने।**

यसलाई उपासनाको समयमा पनि प्रस्तुत गर्ने व्यवस्था मिलाउने। यी पाँचवटा भूमिकाहरु तयार पार्नलाई नानीहरुसित तपाईको समय बिताउनु होस्। (1) कथक : कथालाई संक्षिप्तमा सुनाउने अनि नानीहरुले के गर्ने र के बोल्ने भनी सम्झना गराउने। (2) परमेश्वरको आवाज (3) मोशा (4) पावल (5) इस्राएलीहरु (किशोर बालकहरु)।

**कथक :** ''इस्राएलको नयाँ जाति, हजारौं हजार मानिसहरु, व्यवस्थाविना उजाड़ स्थानमा डुलीरहेका थिए। परमेश्वरले तिनीहरुलाई उहाँको पवित्र व्यवस्था गर्न तयार पार्नु भयों सुन्नुहोस्, तिनीहरुको अगुवा मोशालाई परमेश्वरले के भन्नुहुन्छ।''

**परमेश्वरको आवाज :**प्रस्थान 19:9-11 जोड़ले उच्च स्वरमा पढ़ने।

**कथक :**''सुन्नुहोस् इस्राएलका मानिसहरुले के भन्दछ।''

**इस्राएलीहरु :** कराउ, ''पर्वतमा ध्यूवाँ हेर-त!''-बिजुली चम्केको हेर-त!''-मेघ-गर्जनाले मलाई डरलाग्यो।''-''हामी परमेश्वरको नजिक जान सकदैनौं नत्र भने हामी मर्नेछौं।''

**कथक :**प्रस्थान 19:16-20 पढ़ने। त्यसपछि भन्ने, ''सुन्नुहोस् परमेश्वरले मोशालाई के भन्नुभयो।''

**परमेश्वरको आवाज :** प्रस्थान 19:21 मा परमेश्वरका शब्दहरु जोड़ले पढ़ने।

**कथक :** परमेश्वरले मोशालाई मानिसहरुको निम्ति व्यवस्था लिनलाई पर्वत माथि बोलाउनु भयो भनी व्याखा गर्ने। त्यसपछि भन्ने, सुन्नुहोस् पर्वतको टाकूरामा परमेश्वरले मोशालाई के भन्नु भयो।''

**मोशा :**एउटा कुर्सी माथि चड़ेर उभिने अनि भन्ने, ''हामी यी व्यवस्थाहरु पालन गर्ने छौं सोरी तपाईले हामीलाई आशीर्वाद दिनुहुन्छ।''

**कथक :**''गलाती 5:18 ले भन्दछ, 'यदि तिमीहरु आत्माले डोरयाएका छौ भने तिमीहरु व्यवस्थाको अधिनामा छैनौं।' सुन्नुहोस्, ध्येरै वर्ष पछि प्रेरित पावलले के भन्दछ, परमेश्वरले नयाँ करार बनाए पछि।''

**पावल :**''हामीलाई बचाउन भनी येशू मर्नू भयो। हामी व्यवस्थाको अधिनमा छैनौं। हामी प्रेमको खातिर येशूको आज्ञा पालन गर्छौं।''

**इस्राएलीहरु : कराउ :**''त्यसो भए हामी अहिलेनै परमेश्वरको व्यवस्थालाई तोड़ी दिन्छौं-''हामी जे चाहन्छौं त्यही गर्न सकछौं!''-''हामी पाप गरौं, यसरी परमेश्वरले हामी प्रति अझ घेरे क्षमा र प्रेम दर्शाउन सक्छ।''

**पावल :**होइन! होइन! होइन! परमेश्वर पवित्र हुनुहुन्छ। प्रेमबाट हामी येशूको आज्ञा पालन गर्छौं। एउटाले अर्कोलाई र परमेश्वरलाई प्रेम गर्नलाई उहाँले हामीलाई आज्ञा गर्नुहुन्छ। उहाँको पवित्र आत्माले हाम्रो हृदयमा प्रेम उभार्नु हुन्छ। यदि हामीले प्रेम गर्छौं मने, हामीले हत्या वा चोरी वा मुर्तिपूजा गर्ने छैनौं। परमेश्वरलाई जे कुराले खुशि पार्दछ त्यही गर्छौं।''

**इस्राएलीहरु :**कराएर **:** ''के परमेश्वर पर्वत माथि ध्यूवाँ र मेघ-गर्जनको साथमा प्रगट हुनुहुनेछ?''-''उहाँ त ध्येरै टाड़ा र अति पवित्र हुनुहुन्छ। हामी उहाँको नजीक पर्न सक्ने छैनौं-''उहाँसित बात गर्न मलाई डर लाग्छ!''

**पावल :** होइन! होइन! होइन! नयाँ करारको अधीन परमेश्वर हामीबाट टाड़ो हुनुहुन्न। उहाँ हामीभित्र वास गर्नुहुन्छ। हामी उहाँसित एउटा बाबु जस्तै बात गर्न सक्छौं। अब उहाँसित बात गर्नलाई हामी डराउन पर्दैन।''


**कथक :**नाटक सिधिए पछि नानीहरुलाई धन्यवाद दिने। यदि प्रौढ़हरुलाई केहि प्रश्नहरु छ भने सोध्नु होस्। (भाग 2 को प्रश्नहरु प्रौढ़हरुलाई सोध्न अगि तयार पार्नु होस्)।

छलफल। नानीहरुलाई सोध्ने, ''पुरानो व्यवस्था र अहिले येशूको आज्ञा हामीले पालन गरेकोमा यी दुइमा के भिन्नता छ? (तिनीहरुले नै उदाहरण दिऊन्)।

नानीहरुले नकल गर्नको निम्ति एउटा पर्वतमा ध्यूवाँ परेको चित्र कोर्नु होस्। उपासनाको समयमा चित्रहरु प्रौढ़हरुलाई देखाऊन अनि बुझाउन कि यसले परमेश्वरको पवित्रतालाई व्याख्या गर्दछ।

मत्ती 7:12 लाई कण्डस्थ गर्नुहोस्।

**पावल-तिमोथी बालकहरुको अध्ययान-बाइबल, दिने, पी. 2 बी. 3**



**कविता :**तीन जना नानीहरु प्रत्येकले भजन संग्रह 19:7,10 र 11 बाट कुनै पनि पद पाठ गरिदिऊन।

**प्रार्थना :**''प्रभु, तपाई पवित्र हुनुहुन्छ। तपाईले हाम्रो पापहरु घृणा गर्नु हुन्छ। हाम्रो पापहरु देखाइ दिनु भएको निम्ति धन्यवाद जसले गर्दा हामीले तपाईको आज्ञाहरु पालन गर्दछौ व्यवस्थाले जोड़ दिएको कारणले होइन, तर हामीले तपाईलाई प्रेम गरेको कारणले।''

# परमेश्वरले आफ्नो सँधै स्थिर राख्नु हुन्छ :

## पुरानो नियमको ऐतिहासिक पुस्तकहरु

### बालकहरुलाई सिकाउनेले अध्ययन एच. 3 बी. पढ़नुपर्छ।

**1. ऐतिहासिक पुस्तकहरु सिकाउनलाई प्रार्थना अनि वचनसित तयारी गर्ने।**

**प्रार्थना :** ''प्रभु परमेश्वर, तपाई सदा सर्वदा आफ्ना लोगहरुसित विश्वासयोग्य हुनुहुन्छ। मेरा बगाल र भैले तपाईमा भरोसा पर्न आज सिक्न दिनुहोस्।, अनि हाम्रो पछि हाम्रा नानीहरुले तपाईमा भरोसा गरुन।''

तल दिएको सूचिमा अंकहरु राखि एकाछन् जसले मसिही येशू जन्मनु भन्दा अगि ती पुस्तकहरुमा कति घटनाहरु कत्ति घटे भनी संकेत दिंदछ। प्रत्येक पुस्तकमा जानेका पदहरु हेर्नोस नयाँ नियमले कसरी सम्पूर्ण ऐतिहासिक पुस्तकहरुलाई उल्लेख गर्दछन् पढ़नुहोस्।

**एतिहासिक पुस्तकहरुको समय रेखा**

1400 1300 1200 1100 1000 900 800 700 600 500 400

शमूएल एज्रा

यहोशू न्यायकर्ता 2 शमूएल 1 राजा 2 राजा नहेम्याह

1इतिहास 2 इतिहास एस्तर

रूथ

1406–1383। यहोशूले इस्राएलीहरुलाई अगुवा गरे र कनान जिते। 1:7 हेर्नुहोस्। तिनीहरु तब मात्र विजय पाए जब तिनीहरुले परमेश्वरको आज्ञा पूरा माने। यहोशू 6:22–25 बाट राहबको कथा नयाँ नियममा कसरी झल्कन्छ हिब्रू 11:31 मा पाउछौं।



**यरीहो शहरको पर्खाल ढल्न शुरू हुन्छ। यहोशू 6:15–20 हेर्ने।**

1386–1045। इस्राएलको अनाज्ञाकारीताको 300 वर्ष सम्म स्थानीय अगुवाहरु, योद्धाहरु, र निस्तार गर्ने

व्यक्तिहरु न्यायकर्ताहरु थिए। न्यायकर्ता 16:6 हेर्नोस्। न्यायकर्ता 14:5-6 बाट शिमशोनको उल्लेख हिब्रू 11:33 मा पाउछौं।

1100-रूथ, एक विदेशी जसले इस्राएलको परमेश्वरलाई पुत्रे, बोअज सित विवाह गरीन अनि राजा दाऊद र मसिही येशूको सन्तान भइन्। रूथ 1:16 हेर्नोस्। रूथ र बोअजको नामहरु मत्ती 1:5 मा पाउँछौं।

1100-1010 1 शमूएलले अगमवक्ता शमूएलको अगुवापन, राजा शावलको राजत्व र पतन, अनि दाऊदको उत्थान सविस्तार वर्णन गर्दछ। 15:22 हेर्नोस्। 1 शमूएल 13:14 बाटको दाऊदको बारेमा परमेश्वरको वचनहरु प्रेरित 13:22 मा पाउँछौं।

1010-970। 2 शमूएलले राजा दाऊदको ध्रैरै जय-ध्वनीहरु, तिनको पापहरु र असफलताहरु, अनि तिनको राजनैतिक समस्याहरु सविस्तार वर्णन गर्दछ। 2 शमूएल 7:9 हेर्नोस्। 2 शमूएल 7:8 र 14 मा दाऊदको वंशलाई परमेश्वरले गर्नु भएको प्रतिज्ञा हामी ईसाइहरुलाई प्रयोग हुँदछ भनी 2 कोरिन्थी 6:18 मा पाउनु हुन्छ।

1011-970। 1 इतिहासले राजा दाऊदको राजत्व सविस्तार वर्णन गर्दछ। 1 इतिहास 4:10 हेर्नोस्। 1 इतिहास 17:11 र 13 मा दाऊदलाई गरेको प्रतिज्ञा येशूमा पुरा भए, हिब्रू 1:5 मा पाउनु हुन्छ।

970-538। 2 इतिहासले इस्राएलका राजाहरुको र सुलेमानको राज्याभिषेकदेखि यहूदाको पतन परफारसको राजा साइरसको उर्दी 538 मा यरुशलेमको मन्दिर बनाउनलाई सम्मको सविस्तार वर्णन गर्दछ। 2 इतिहास 13:10 हेर्नोस। 2 इतिहास 24:20 र 21 लाई प्रभु येशूले दोहोरयाएका शब्दहरु मत्ती 23:35 मा पाउनु हुन्छ।

970-843। 1 राजाले सुलेमान राजाको राजत्व, जातिह3को दुइ राज्यमा विभाजन, उत्तरमा इस्राएल अनि दक्षिणमा यहूदा, अनि अगमवक्ता एलियाको वृद्धि सविस्तार वर्णन गर्दछ। 1 राजा 3:9 हेर्नोस्। 1 राजा 19:10, 14 र 18 बाट उल्लेख गरिएको लेखांश रोमी 11:3 र 4 मा पाउँछौं।

853-561। 2 राजाले अगभवक्त एलिसाको वृद्धि अनि इस्राएल र यहूदाका धार्मिक र दुष्ट राजाहरुको राजत्वको सुविस्तार वर्णन गर्दछ। 2 राजा 19:15 हेर्नोस्। प्राय : 722 मा अस्सुर र प्राय: 561 मा यहूदालाई बेबिलोनमा इस्राएलको जनसंख्यालाई हटाएका थिए। 2 राजा 5:1-27 अनुसार अरामी सेनापतिले जब एलिशाको आज्ञा पालन गरे निको भए भनी बताएको लूका 4:27 मा पाउँछौं।

538-516 र 458-457। एज्राले दासत्वदेखि यहूदा फर्कने प्रतिज्ञा, यरूबाबेल द्वारा पहिलो भागलाई डोरयाए अनि दोस्रो एज्राले डोरयाएको सविस्तार वर्णन गर्दछ। एज्रा 3:11 हेर्नोस्। अविश्वासको कारणले दण्ड आइपर्नेछ भन्नलाई येशूले एज्रा 8:7 लाई कसरी प्रयोग गर्नुभयो लूका 21:24 मा पाउँछौं।

483-473। एस्थ्तरले रानी एस्थर, जो बेबिलोनकी राजाको यहूदी स्वास्नी, यहूदीहरुलाई तिनीहरुको शत्रुहरुबाट बचाउनलाई कसरी राजासित मध्यस्थको काम गरीन् सविस्तार वर्ण गर्दछ। एस्तर 4:4 हेनुहोस्। राजा हेरोदले एस्तर 5:3 र बाट शब्दहरु कसरी प्रयोग गरे मत्ती 6:23 ले बताउँदछ।

444-425। नहेम्याहले अर्को दासहरुको यरुशलेममा फर्कि आएको जसलाई नहेभ्याहले डोराए, शहरको पर्खालहरु मर्मत गर्नलाई बेबिलोनको राजा आर्टजर्जेकस वाट स्वीकृति पाएको सविस्तार वर्णन गर्दछ। नहेम्याह 8:10 हेर्नोस्। नहेम्याय 9:15 का शब्दहरु येशूले आफैमा प्रयोग गर्नुभएको यूहन्ना 6:31 मा पाउँछौं।

**2. आउँदो हप्ताको निम्ति क्रियाकलापहरुको योजना तपाईको सहकर्मीहरुसित मिलेर बनाउने।**

ऐतिहासिक पुस्तकहरुको मुख्य विषयथहरु अनि नामहरु तिनीहरुको बाइबलहरुमा पत्तो लाउन र सिक्नलाई तपाईको परिक्षार्थीहरुलाई मदत गर्नुहोस्।

बाइबलका नायकहरुबारे साथै यहोशू, रूथ, गीदोन, शिमशोन, दाऊद, शमूएल, एलिया, एलिशा अनि नहेम्याह सहित एतिहासिक पुस्तकहरुमा पत्तो लगाउनु होस्। तपाईको बगालका सदस्यहरुलाई जब भ्रमण गर्नुहुन्छ यसबाट केहि कथाहरु सुनाउनु होस्।

**3. आउने उपासनाको योजना सह–कर्मीहरु सित गर्ने।**

तपाईले तयार पार्नु भएको भाग–2 को कथाहरुबाट एउटालाई बाइबलबाट सविस्तार वर्णन वा अभिनय गर्नोस्।

नानीहरुले तयार पारेका थोकहरु तिनीहरुलाई प्रस्तुत गर्न लाउनुहोस्।

प्रभु भोज मेचलाई परिचय दिंदा 1 शमूएल 15:22, पढ्नुहोस पुरानो नियमको पशु बलिदानहरुले ख्रीष्टको बलिदानलाई अगाबै बताएका हुन भनी बुझाउने। प्रभुभोज जस्तो विधिलाई यदि मानिसहरुले हृदयको पश्चातप र विश्वासविना एउटा रितिको रूपमा मान्दछ भने त्यसको केहि महत्व हुँदैन।

बिमारीको लागि र छेउ–छाउमा भएका मानिसहरुको निम्ति जसलाई ख्रीष्टको खाँचो छ, अनि मण्डलीको अगुवाहरुको निम्ति प्रार्थना गर्नलाई दुइ वा तीनको झूण्डहरु बनाउनुहोस्।

**यहोशू 1:7 एकसाथ कण्ठस्थ गर्नोस्।**

| **न्यायकर्त्ताको पुस्तकबाट न्यायकर्त्ताहरुको समयमा भएका घटनाहरु र न्यायकर्ताहरु** | **वर्ष** |
|---|---|
| इस्राएलीहरुले कुशन–रिशातेमको सेवा गरे, 3:7–8 | 8 |
| इस्राएलको छुटकारा ओत्निएलबाट भएपछि शान्ति आयो, 3:7–11 | 40 |
| इस्राएलले मोआबीहरुको सेवा गरे, 3:12 | 18 |
| इस्राएलको मुक्ति एहूदले गरेपछि शान्ति भयो, 3:12–30 | 80 |
| शमगरले इस्राएललाई पलिश्तीहरुको हातबाट छुटाए, 3:31 | 1 |
| इस्राएलले कनानको सेवा गरे, 4:1–3 | 20 |
| दबोरा र बाराक द्वारा छुटकारा भए र शान्ति भयो | 40 |
| अबीमेलेक, इस्राएलको राजा, 9:1–57 | 3 |
| तोलाको जीवन यात्रा, 10:1–2 | 23 |
| याइरको जीवन यात्रा, 10:3–5 | 22 |
| इस्राएलीहरुले अम्मोनी र पलिश्तीको चाकरी गरे | 18 |
| यिप्तहको जीवन यात्रा, 10:8–12:7 | 6 |
| इब्सानको जीवन यात्रा 12:8–10 | 7 |
| एलोनको जीवन यात्रा, 12:11–12 | 10 |
| अब्दोनको जीवन यात्रा, 12:13–15 | 8 |
| इस्राएलले पलिश्तीको सेवा गरे 13:1 | 40 |
| शिमशोनेको जीवन यात्रा, 13:1–16:31 | 20 |

बाइबल मानचित्र र लेखा चित्रहरुको नेलसन्को समस्त पुस्तकबाट © 1993 थोमस् नेलसन्।

# येशू आउन भन्दा अगि मानिसहरुले परमेश्वरलाई पुज्दथे।

**प्रार्थना :** ''प्रिय प्रभु, नानीहरुले तपाईलाई साँचो हृदयले पुज्न मदत गर्नलाई यो पाठलाई प्रयोग गर्नुहोस्।''

प्राचिन इस्राएलीहरुले तिनीहरुको नयाँ मन्दिरमा कसरी सेवा गर्थे 2 इतिहास 5 अध्यायबाट ठूला नानी वा प्रौढ़ले पढ़ी दिऊन वा सुनाउन्।

त्यस पछि यी प्रश्नहरु सोध्नु होस् :

- यरुशलेममा भएको पवित्र चाढ़मा सुलेमानले कसलाई निमंत्रना दिएका थिए? (उत्तर : पद 3 हेर्नोस्)
- तिनीहरुले के को बलिदान चढ़ाए? (पद 6)
- करुबीमको पखेटामनि भएको महा पवित्र स्थानमा के थियो? (पद 7)
- करारको सन्दूकको भित्र के थियो? (पद 10)



- पूजाहारीहरु र लेवीहरुले परमेश्वरको प्रशंसा कसरी गर्दथे? (पद 12 र 13)
- जब पूजाहारीहरुले परमेश्वरको प्रशंसा गर्थे तब मन्दिर केले भरिन्थ्यो? (पद 13)

प्रभु येशू आउनु भए पछि अनि हामी भित्र बास गर्नलाई पवित्र आत्मा पठाउनु भए पछि, परमेश्वरको उपस्थिति एउटै ठाउँमा बास गर्नु हुन्न तर उहाँका सबै जनहरुको हृदयमा बास गर्नु हुन्छ भनी बुझाउन होस्। पशु बलिदानले येशूलाई इंगित गर्दछ। आज हामी पशु बलिदान गर्दैनौं, किनभने येशू परमेश्वरको पाठा हुनुहुन्छ जसले हाम्रा सबै पापहरु लिनुभयो।



**क्रियाकलाप**

प्राचिन इस्राएलीहरुले परमेश्वरको सेवा गर्ने तरिकाहरु नानीहरुले उल्लेख गरुन। तब ती तरिकाहरुलाई आजको दिनहरुमा हामीले परमेश्वरको सेवा गर्ने तरिकाहरुसित दजाउँनु होस्। उदाहरणहरु :

- इस्राएलीहरुको भौतिक मन्दिर काठ र ढुँगाले बनाएको थियो, तर आज हामी जहीं कहीं सेवा गर्छौं।
- इस्राएलीहरुको करारको सन्दूकले परमेश्वरको उपस्थितिलाई संकेत गर्थे, तर आज परमेश्वर हामी भित्र बास गर्नु हुन्छ।
- इस्राएलीहरुले पशुहरु बलिदान चढ़ाउथे, तर आज प्रभु भोजमा ख्रीष्टको देह हामी संग छन्।



- इस्राएलीहरुले परमेश्वरको प्रशंसा संगीत र भेटीहरुले गर्थे, जो हामीले पनि गर्छौं।
- इस्राएलीहरुले मुर्तिहरु र दुष्ट आत्माहरुलाई टार्ने गर्थे, जो हामी पनि टार्ने गर्छौं।

**नाटक**

**2. इतिहास 5 अध्यायबाट मन्दिरको समर्पणलाई नाटकीय रूप दिनुहोस् :**

- नाटकलाई वा केहि त्यसको अंश प्रस्तुत गर्नलाई नानीहरुको निम्ति उपासनाका अगुवाहरुसित मिलेर व्यवस्था मिलाउनुहोस्।
- स-साना नानीहरुले तिनीहरुको पाठ तयार पार्दा ठूलाहरुले मदत गरिदिऊन।
- साना नानीहरुले पुजाहारी र लेवीहरुको भूमिका गरुन।
- ठूला नानीहरु वा प्रौढ़हरुले सुलेमान, केटी, आमा-बाबु, परमेश्वरको आवाज र कथको पाठहरु खेलुन।

**कथक :** 2 इतिहासबाट कथालाई संक्षिप्तमा सुनाउने। त्यसपछि मन, ''सुन्नुहोस् एउटा केटीले तिनको बाबुलाई के सोध्दैछन्।''

**ठिटी :**हिड़ने, बाबु-आमाको हात समात्ने। भन, ''हामी हिड़ेको दुइ दिन भइ सकयो। हामी कहाँ जाँदैछौं ?''

**आमा-बाबु :**सुलेमान राजाले बनाउनु भएको मन्दिर समर्पण गर्नलाई सारा इस्राएलीहरुलाई यरुशलेममा निम्तो दिएका छन्।''

**ठिटी :**''हेर्नुहोस् त! ती पूजारीहरुले सुनले मोड़ेको एउटा ठूला बाकस बोकेर लैजादैछन्।''

**पूजाहारीहरु :** करारको सन्दूक बोकेको झैं बहना गर्ने, तपाईको कुममा दुइवटा लामो डण्ठी समातेको झैं गर्ने। त्यस पछि सन्दूकलाई बिसाएको बहना गर्ने।

**आमा-बाबु :**यो करारको सन्दूक हो। यसमा दश आज्ञा छन्। तिनीहरुले यसलाई नयाँ मन्दिरको महा पवित्र स्थानमा

राख्छन्। यसले हामीलाई सर्वशक्तिमान परमेश्वरको उपस्थितिलाई सम्झना गराउँछ।'' (शिर निहुरयाउ)।

**ठिटी :**''त्यो तिनीहरुले कहिले खोल्छ हँ?''



**आमा-बाबु :**''कहिले खोल्दैन! एकपल्ट एउटा मानिसले यसलाई छोएको थियो, अनि परमेश्वरले त्यसलाई मार्नुभयो!''

**लेवीहरु :**फौजीहरुको तालमा हिंडने, झ्याली बजाएको र तुरही फुकेको बहना गर्ने।

**ठिटी :**''हेर्नुहोस्! संगीतकारहरुले झ्याली, विणा, र तुरही लिएकाछन्।''

**लेवीहरु :**एकसाथ जोड़ले जप्नु, ''प्रभुको प्रशंसा होस्। उहाँको दया संधै भरी रहिरहन्छ।''

**ठिटी :**''हेर्नुहोस् न! परमेश्वरको भवन बादलले भरीएको छ! पूजाहरीहरु बाहिर निस्कन पर्दैछ!''

**लेवीहरु :**माथि र वरिपरि हेर्ने। तिमीहरुका हातहरु माथि उचाल्ने र निक्लेर जाने, अन्धा भएको जस्तै।

**माता-पिता :**प्रभुको महिमाले परमेश्वरको भवन भरिएको छ। हेर! राजा सुलेमान प्रार्थना गर्दैछन्।''

**सुलेमान :**तिम्रो हात स्वर्गतिर उचालेर जोड़ सित बोल, ''हे प्रभु, इस्राएलको परमेश्वर। मैले सदालाई तपाईको बासको निम्ति उच्च भवन बनाएको छु। तर के तपाई साँच्चै नै पृथ्वीका मानव जातिसित वास गर्नुहुन्छ?

अगो आकाशले पनि तपाईलाई राख्न सक्दैन भने, यो भवन जो मैले बनाए कत्ति कम छन्।''

**कथक :**स्वर्गमा परमेश्वरको आवाजमा उत्तरहरु दिंदछन्।

**परमेश्वरको आवाजा :**''मेरो नाउँ त्यहाँ होस भनी मैले यरुशलेमलाई चुनेको छु। अब, याद मेरा मानिसहरु जसलाई मेरो नाम द्वारा बोलाइएका छन् आफैलाई नम्र तुल्याउछ अनि प्रार्थना गर्दछ अनि मेरो मुहारको खोजी गर्दछ अनि तिनीहरुका सबै दुष्ट कामहरुबाट फर्की आउँछ भने, तब म स्वर्गबाट तिनीहरुको सुन्नेछु, तिनीहरुको पाप क्षमा गर्नेछु अनि म तिनीहरुको भूमिलाई निको पार्नेछु।''

यदि नानीहरुले यो नाटक प्रौढ़हरुलाई प्रस्तुत गरेमा, तब यस अध्ययन को पृष्ठ 1 मा सूचित गरिएको प्रश्नहरु प्रौढ़हरुलाई सोध्न दिनुहोस्।''

**चित्र :**हामीले परमेश्वरको उपस्थितिलाई कसरी जाहेर गर्न सक्छौ भनी उदाहरण स्वरूप बुझाउनलाई नानीहरुलाई एउटा वीणा वा अरु कुनै साज-वाजको चित्र बनाउन लाउनुहोस्। उपासनाको समयमा तिनीहरुको चित्रहरु नानीहरुले प्रौढ़हरुलाई दखाउन र व्याख्या गरिदिऊन्।



**पावल-तिमोथी बालकहरुको अध्ययान-बाइबल, एच. 3 बी.**

**कविता :**तीन जना नानीहरुले एक एक पद गरी यशैया 6:1-3 वाट पाठ गरुन :

उज्जियाह राजा मरेको वर्षमा,

मैले परमप्रभुको अल्गो र सिंहासनमा विराजमान हुनुभएको देखें,

अनि उहाँको वस्त्रको छेउले मन्दिर भरिएको थियों

उहाँदेखि मास्तिर सराफहरु खड़ा थिए, प्रत्येकका 6 वटा पखेटा थिए।

एउटाले अर्कोलाई यसो भन्दै तिनीहरु कराउँदथिए :

सेनाहरुका परमप्रभु, पवित्र, पवित्र हुनुहुन्छ,

सारा पृथ्वी उहाँको महिमाले भरिपूर्ण छ।

ती कराउनेहरुको सोरले सँघारहरुका जग हल्लिए र भवन द्यूवाँले भरियो।

साना नानीहरुलाई भजन संग्रह 87:3 कण्ठस्थ गर्न लाउनुहोस्। ठूलाहरुलाई हिब्रू 1:1,2।

**प्रार्थना :** ''प्रभु, राजा सुलेमानलाई र इस्राएलका मानिसहरुलाई जाहेर गर्नु भएको निम्ति तपाईलाई धन्यवाद। अब, येशूको कारणले, तपाई हामी एक-एक मा बास गर्नुहुन्छ। हामी आनन्द गर्छौं अनि तपाईलाई प्रशंसा दिन्छौं।''

# अय्यूब, श्रेष्ठगीत, उपदेशक, भजन संग्रह अनि हितोपदेशक

नानीहरुलाई सिकाउनेले अध्ययान पी. 4 बी. पढ़नु पर्छ।

**प्रार्थना :** ''प्रिय प्रभु, यो सुन्दर कविता, जो शिक्षा दिनलाई, सल्लाह दिन र तपाईको प्रशंसा गर्नलाई हजारौं वर्ष अगि तपाईले हिब्रू बोल्ने इस्राएलीहरुलाई प्रेरित गर्नु भयो, प्रयोग गर्नमा मदत गर्नुहोस्।''

मानिसहरुको खाँचोहरुमा मिल्ने गरी चहलपहल कार्यक्रम चुन्नु होस्।

1. **पाठ्यक्रम पुस्तकहरुबाट सिकाउनलाई परमेश्वरको वचनमा प्रार्थनापूर्वक तयार गर्नोस्।**

   प्राचिन हिब्रू कविताको अनौठो सुन्दर र शक्तिलाई व्याखा गर्ने।

- अनेक संस्कृतिहरुको अन्त्यानुप्रास कविता, वाक्यांशको अन्तमा शब्दहरु एउटै सुनिन्छ। यसमा मापक यन्त्र पनि छ, वाक्यांशहरुमा संख्या अनि उच्चारण शब्दांशहरुको अवस्थाले ढाँचालाई अनुसरण गर्दछ। यस्ता कविताहरुलाई अनुवाद गर्न गाह्रो हुँदछ। परमेश्वरको वचन सबै भाषाहरुमा मानिसहरुले पढ़नको निम्ति उहाँले इच्छा गर्नुभयो र यसरी कविताके भिन्दै तरीका उपयोग गर्नु भयो
- प्राचीन इस्राएलका कविताहरु सुन्दर अनि समतोल रूपमा प्रयोग गरिन्थे जो सबै भाषाहरु, र संस्कृतिहरुमा मिल्दछ। शब्दहरुको तालमेल र शब्दांशलाई जोर दिन भन्दा, परमेश्वरले कविताहरुलाई तिनीहरुको विचारहरुको अर्थलाई समतोल पार्नलाई प्रेरणा दिनु भयो। तिनीहरुले पदहरुलाई दुइ भन्दा बड़ी विभिन्न तरीकाहरुद्वारा अभिव्यक्त गर्दै समतोल राखे।
- हितोपदेश 16:11 समान्तर वाक्यांशहरुमा समतोल राख्दछन भन्ने एउटा विचार पत्तो गर्नोस्।
- हितापदेश 13:1 अभिमल्दो वाक्यांशहरुमा समतोल राख्दछन भन्ने विचारलाई पत्तो गर्नोस।



ए अल्छे। कमिलाकहाँ गएर त्यसको चाल–ढङ्ग हेर, र ज्ञान सिक्। (हितोपदेश 6:6)

### नाटकका पुस्तकहरु : अय्यूब र श्रेष्ठगीत

अय्यूबले मानिसहरु बीच भएको तीब्र, छेड़ने वार्तालापहरु, जसले परमेश्वर र उहाँको न्यायबारे तिनीहरुको विचारहरुमा भिन्नता ल्याए, लेख्दछ। अयूब 11 अध्यायमा, सोपर, अय्यूबको एक मित्रले सामान्य गलती यसो भनेर गरे कि मानिसहरु तिनीहरुको पापको कारणले गर्दा कष्ट भोग्दछन्, हिन्दुहरुले कर्म भन्दछ।

सोपरले अय्यूबलाई केको दोष लगाए अय्यूब 11:11–15 मा पत्तो गर्नुहोस्।

अय्यूबले सोपरको अर्तीको विषयमा के विचार गरे अयूब 12:1–3 मा पाउनु हुन्छ।

श्रेष्ठगीतले जवान प्रेमी–प्रेमीकाहरुको उत्सुकता व्यक्त गर्दछ। यसले परमेश्वर र मानिस विचको अनि हाम्रा प्रभु येशू ख्रीष्ट र उहाँका दूलही, उहाँको चेलाहरु बीचको परस्पर प्रेमलाई स्पष्ट पार्दछ।

ती स्तुतिहरु जो प्राचिन इस्राएलीहरुले गाए : भजन संग्रह

- प्राय सबै इसाई मण्डलीहरुले उपासनामा भजन संग्रह प्रयोग गर्छन्।
- दाऊद राजा, तिनका उपासनाको अगुवा, आसप, र अरू रचनाकारहरुले तिनीहरुको प्रशंसा, अर्जी, द्वेश, कृतज्ञता, असन्तुष्टता, आगा, निराशा, अनि धन्यवादहरुको आन्तरीक भावनाहरु परमेश्वरलाई अभिव्यक्त गरे।
- 2 शमूएल 23:1 मा दाऊदले तिनको जीवनको अन्तमा के भन्दछ पत्तो लाउनु होस्।

ज्ञानको वचन: हितोपदेश

हितोपदेशका ज्ञानी वचन दाऊदको छोरा, राजा सुलेमान, र अरु ज्ञानी मानिसहरुले लेखेका हुन्।

हितोपदेश 5...मा पाउनु हुन्छ:

- व्यभिचारी वचन के जस्तो हो (पदहरु 3–4)।
- त्यसको खुट्टाले कहाँ लैजान्छ (पदहरु 5–6)।
- पतिहरु तिनीहरुको पत्नीहरुसित किन विश्वासी बन्नपर्छ (पदहरु 15:23)।

हितोपदेशमा जवान मानिसको निम्ति धेरै सल्लाह छन्।

''हे मेरो छोरो, मेरो वचनमा ध्यान दे,
मेरा कुरामा काम थाप्।
ती तेरा मनबाट उम्केर जान नदे,
ती तेरा हृदयमा लिइराख्।
किनभने त्यसलाई पाउनेको निम्ति त्यो जीवन हो,
र त्यसको सारा शरीरको निम्ति
स्वास्थ्य हो।
कुनै मूल्यवान वस्तुलाई भन्दा पनि
आफ्नो हृदयलाई सुरक्षित राख,
किनभने त्यो सारा जीवनको मूल हो।'' (हितोपदेश 4:20–23)।



अल्छेले यसो भनेर बहाना गर्छ, सड्कमा सिंह छ, गल्लीहरुमा सिंह उम्केको छ। ढोकाको पाटा कब्जामा यताउता फर्के झैं अल्छे आफ्नो ओछ्यानमा पल्टन्छ (हितोपदेश 26:13–14)।



अनेकौं थोकहरु विभिन्न स्त्रीले गर्दछ भनी हितोपदेश 31:10–31 पाउनु हुन्छ।

वृद्ध मानिसको निराशवादी असन्तुष्टताहरु : उपदेशक

एक बयोवृद्ध लेखक, सुलेमान हुनसक्छ, पृथ्वीमा जीवनको व्यर्थता वारे सम्झना गराउछन् (आकाश मनि)। तिनले हरेक सुख चैन पाउने प्रयास गरे तर अन्तमा ती सबै व्यर्थै–व्यर्थ पाए ('वतासलाई खेदे जस्तो)।



**2. तपाई अनि तिनीहरुले साता भर गर्ने क्रियाकलापहरुको योजना तपाईको सह–कर्मीसित मिलेर बनाउने।**

हितोपदेश 13:24, 19:18, 22:6, 23:13 व्यवहारमा ल्याउनलाई माता–पिताहरुलाई भेटघाट गर्ने अनि मदत दिने।

तिनीहरुको नानीहरुले हितोपदेश 1:8–9 व्यवहारमा ल्याउनमा मदत गर्नोस्

अयूब, भजन संग्रह वा हितोपदेश को पुस्तकहरु होशियारसित जाँच्नलाई कसले विस्तृत बाइबल अध्ययान गर्नमा आनन्द लिउ सक्दछ विश्वासीहरुलाई सोध्नु होस्। पछिबाट तिनीहरुलाई बताउन लाउनुहोस्, केस्तो मदत तिनीहरुले पाउन सके।

तपाईले प्रशिक्षण दिइ राख्नु भएको शिकारु गोठालाहरुलाई पूरानो नियम पुस्तकहरुमा भएको कविता चिन्नलाई मदत गर्नोस्।

परमेश्वर अनि उहाँको प्रशंसामा एकाग्र ल्याउने गरी भजन संग्रहबाट पदहरु चुन्नुहोस्।

**3. अर्को उपासनाको निम्ति सह–कर्मीहरुसित मिलेर योजना बनाउने।**

पुरानो नियममा भएको कविताको अनौठो विधि र सुन्दरतालाई व्याख्या गर्ने अनि केहि उदाहरणहरु पढ्ने।

भिन्दा–भिन्दै पाठ्यक्रम पुस्तकहरुको विशेष विषयहरुको व्याख्या गर्ने।

हितोपदेशको पुस्तकबाट केहि उखानहरु व्याखा गर्नोस्।

विश्वासीहरु जसले पाठ्यक्रम पुस्तकहरु पढ़ेर आर्शिषत बने त्यसबारे बताउन। नानीहरुले तयार पारेका जे छन् प्रस्तुत गर्न लगाउनुहोस्।

प्रभुभोज परिचय गिर्नलाई भजन संग्रह 133 पढ़ने अनि व्याखा गर्ने कि जब हामी येशूको बलिदानको मृत्यको सम्झनामा रोटी तोड़छौं, हामी विश्वासीहरु बीचको गहिरो एकतालाई अनुभव गर्दछौं।

एका–दुस्राको निम्ति प्रार्थना गर्न र हिब्रू कविताको मदत उपकारी पदहरु दोहोरयाएर हेर्नुलाई दुइ वा तीन व्यक्तिहरुको झूण्ड बनाउनु होस्।
भजन संग्रह 145:1–2 कण्ठस्थ गर्नुहोस्।